# माध्यमिक शिक्षक तालिम पुस्तिका
# प्रशिक्षक निर्देशिका

## सामाजिक अध्ययन

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**माध्यमिक शिक्षा विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०५७

# माध्यमिक शिक्षक तालिम पुस्तिका
## प्रशिक्षक निर्देशिका

# सामाजिक अध्ययन

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
माध्यमिक शिक्षा विकास केन्द्र
सानोठिमी, भक्तपुर
२०५७

N 1631

**निर्देशक**

**श्री गौरी नारायण वछार**

<u>पुनर्लेखन :</u>

प्रा.डा.श्रीरामप्रसाद उपाध्याय

श्री पूर्णवहादुर श्रेष्ठ तालिम संयोजक

श्री कृष्णप्रसाद पोखरेल एकाइ प्रमुख

श्रीमती विना लोहनी शिक्षक

श्री रविचन्द्र आचार्य प्रध्यानाध्यापक

श्री दीनानाथ गौतम – पाठ्यकम अधिकृत

श्री दीपक शर्मा – शाखा अधिकृत

<u>सल्लाहकार</u>

श्री राजाराम श्रेष्ठ, उप–सचिव

Dr. John belley. CEC Project Manager

प्रा.डा.श्रीरामप्रसाद उपाध्याय

<u>भाषा सम्पादन</u>

श्री रमेश प्रसाद भट्टराई

सल्लाहकार मा.शि.आ.

<u>सम्पादन</u>

श्री पूर्णबहादुर श्रेष्ठ

तालिम संयोजक

<u>कम्प्युटर टाइप</u>

श्रीमति निरू सिंह (श्रेष्ठ)

# मन्तव्य

शिक्षा र मानव एक अर्काका पर्याय हुन् । शिक्षाविना मानव जीवनको सार्थकता रहन्न र मानवविना शिक्षाको महत्त्व रहँदैन । एक्काईसौं शताव्दीको पूवार्द्धमा पाइला टेक्दै गरेको आजको समाज र मानव बीच स्पष्ट प्रतिविम्व देखाउने दर्पणको रूपमा सामाजिक शिक्षालाई लिन सकिन्छ । यसले हामीलाई हाम्रो समुदाय, सभ्यता, राष्ट्रियअन्तरराष्ट्रिय परिवेशकाबारेमा स्पष्ट जानकारी गराउँछ । सामाजिक शिक्षाको माध्यमबाट नै शिक्षा, संस्कृति, इतिहास र सभ्यताको विकास, विश्वका नयाँ पुराना घटनाहरू, आर्थिक, सामाजिक, भौगोलिक र राजनैतिक विकासक्रमहरूको जानकारी दिदैं त्यस्ता घटनाहरूवाट ज्ञान आर्जन गरी आउँदो युगमा विगतका अनुभवबाट शिक्षा लिदै मानव कल्याणकालागि उपयोगी सक्षम मानव संसाधनको विकासमा मद्दत पुग्नेछ भन्ने मर्मलाई ध्यान दिएर नै श्री ५ को सरकारले शिक्षामा समयोचित सुधार गर्दै जानेक्रममा वर्तमान शिक्षानीतिमा परिमार्जन गरी, प्राथमिकतहदेखि माध्यमिक तहसम्म सामाजिक शिक्षालाई अनिवार्य विषयको रूपमा पाठ्यक्रममा महत्त्वपूर्ण स्थान दिएको छ ।

सामाजिक शिक्षालाई बढी ज्ञानवर्द्धक, व्यावहारिक र विद्यार्थीकेन्द्रित बनाउने उद्देश्यले माध्यमिक शिक्षा विकास परियोजना, सानोठिमीले माध्यमिक तहका सामाजिक शिक्षाका शिक्षकहरूलाई बढी सरल, व्यावहारिक र क्रियाकलापमुखी रूपमा प्रशिक्षित गर्दै विद्यार्थीहरूका बीचमा प्रभावकारी शिक्षण गर्न र शिक्षाका निर्दिष्ट उद्देश्य पूरा गर्न सफलता प्राप्त हुने विश्वास गर्दै यो सामाजिक शिक्षाको "माध्यमिक स्तरको प्रशिक्षक प्रशिक्षार्थी निर्देशिका" पुनः लेख्ने काम भएको छ । विषयवस्तु र पाठअनुसार क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुनाले प्रत्येक सत्रलाई पाठ्यक्रममा आधारित भई कक्षा ९ र १० का ९ ओटै एकाइका पाठहरूकासाथै लैङ्गिक समानता र अन्य कार्यक्रम गरी चार हप्ताभित्र तालिम समाप्त गरिनेछ ।

अन्त्यमा यस्तै निर्देशिका २०५६ मा नै प्रकाशित गरी प्रयोगमा ल्याइसकिएकोमा प्रशिक्षक र प्रशिक्षार्थीहरूवाट यसमा भएका कमजोरी औंल्याइ दिनु भएअनुसार यसलाई बढी क्रियाकलापमुखी बनाउने अपेक्षा गर्दै पुनः प्रकाशित गरेका छौं । वर्तमान निर्देशिकालाई लेखनकार्य गरी बढि क्रियाकलाप र व्यवहारमुखी बनाई परिमार्जन गर्न सक्रियाता देखाउनु हुने CEC प्रोजेक्ट मैनेजर जोन वेली तथा परियोजनाका उपसचिव राजाराम श्रेष्ठ, तालिम संयोजक पूर्णवहादुर श्रेष्ठका साथै लेखन कार्यमा आफ्नो अमूल्य समय दिई संलग्न हुनु हुने विद्वत् वर्ग तथा कम्प्युटर अपरेटर निरू श्रेष्ठ (सिंह) लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

निर्देशक<br>
गौरी नारायण वछार

# यस निर्देशिकालाई प्रयोग गर्दा ध्यान दिनुपर्ने मुख्यमुख्य कुराहरू

१. **शैक्षिक सामग्री सङ्कलन :–**

तालिम सत्र सुरू हुनुभन्दा ७ दिन अङ्गावै प्रत्येक सहभागीहरूलाई पुग्ने गरी कैंची, रूलर, पेन्सिल, मार्कर पेन, चित्रका नमुना, पुराना समाचार पत्रका कटिङ्ग तथा तस्विर, कार्डवोर्ड पेपर, कार्बन, ट्रेसिङ पेपर, फुलस्केप कागज, ठूलो खाम, नेपालको नक्सा, विभिन्न महादेश र विश्वको रेखानक्सा, विभिन्न दलका पर्चा, भाषण, पोस्टर, चार्टहरू, कक्षा ९ र १० को सामाजिक शिक्षा पाठ्यपुस्तक, विशिष्टीकरण तालिका समयरेखाका नमुनाहरू, विभिन्न किसिमका ग्राफहरूका नमुना, राम्रा, कविता, गीत, चिठी, कथा योजनाका नमुना आदि तयार गरी राख्ने ।

२. **शिक्षण विधिको प्रयोग :–**

पुस्तकमा भएका कुरा कण्ठ गर्न लगाएर, अर्थ भनेर वा शिक्षकले व्याख्या गरेर राम्रोसँग सम्झाउँदैमा विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको विकास हुन सक्दैन । व्याख्यानविधिको प्रयोग अन्य विधिको प्रयोग गर्ने सिलसिलामा मात्र गर्न सकिन्छ । कक्षाको बनौट, विद्यार्थीहरूको सङ्ख्या र विषयवस्तुका आधारमा निम्नलिखित शिक्षण विधिहरूको छनोट गर्न सकिन्छ । एउटै घण्टीमा पनि समयअनुसार दुई तीनओटा विधिहरूको प्रयोग हुन सक्छ ।

शिक्षण विधिहरू

क) शैक्षिक भ्रमण : (कक्षाभन्दा वाहिर लगी २० मिनेटमा कुनै कुरा अवलोकन गर्न लगाएर पनि शैक्षिक भ्रमणको प्रयोग गर्न सकिन्छ ) कुनैकुनै पाठहरूका लागि दिनभरि प्रयोग गर्नुपर्ने हुन्छ । त्यसका लागि गृहकार्य दिनुहोस् । प्रशिक्षार्थीहरूले दिनभरिको सूर्यको छायाँ वा वायुको चाप वा ताप नापेर पनि रेकर्ड राख्नुपर्ने हुन्छ ।

ख) मौलिक स्रोतको प्रयोग : (पर्चा,पुराना लेखोट, चिठीपत्र, भाषण इत्यादि )

ग) नाटकीकरण विधि : (छोटो भूमिका गर्न लगाउने )

घ) खेल खेल्न : ( यस निर्देशिकामा उल्लेख गरिएजस्तै कुनै खेल )

ङ) समूहकार्य: ( समूहमा मिलेर नक्सा, चार्ट, चित्र आदि वनाउन छलफल प्रस्तुत गर्ने )

च) स्थानीय वातावरणको प्रयोग

छ) कथा लेख्ने

ज) पाठसँग सम्वन्धित कविता वाचन

झ) सम्वाद लेखन

ञ) पत्रलेखन (स्वदेशी र विदेशी मित्रलाई)

ट) स्रोतव्यक्तिको प्रयोग ( कक्षामा स्रोतव्यक्ति ल्याएर )

ठ) संभव भएमा श्रव्यदृश्य सामग्रीको प्रयोग

ड) सेमिनार र कार्यशालाको आयोजना गर्ने

ढ) प्रशिक्षार्थीहरूले आउने सत्रको निम्ति गरिने काम र व्यक्ति तोकने

३. प्रत्येक पाठमा लैङ्गिक, क्षेत्रीय र सांस्कृति, समानताका विषयमा सचेत हुने लघुशोध कार्य ( समुदायमा गर्दै तथ्याङ्क सङ्कलन गरेर

पाठ्यक्रमका विशेषताहरू यस प्रकार छन् :

१) यस पाठ्यक्रमले सामाजिक शिक्षालाई कक्षा १ देखि कक्षा १० सम्म १०० पूर्णाङ्कको अनिवार्य विषयका रूपमा राखेको छ ।

२) यस पाठ्क्रमको क्षेत्र छनोटमा प्राथमिक कक्षा १ देखि १० सम्म एकरूपता ल्याई पाठ्यवस्तुहरूको ज्ञानलाई विस्तृत पार्दै लगिएको छ ।

३) पाठ्यक्रमको उद्देश्य तयार गर्नुभन्दा अगाडि सामाजिक शिक्षा के हो र यसअन्तर्गत कुनकुन कुराहरू अध्ययन गराउनुपर्ला भन्ने विषयमा धारणा चिन्तनमनन र पुस्तक अध्ययनद्वरा स्पष्ट पारिएको थियो । अन्तमा एक व्यक्तिलाई समाजमा एक सफल सदस्य भई बाच्नेको लागि हालको परिप्रेक्ष्यमा सामाजिक शिक्षाले कुनकुन कुराहरू अध्ययन गराउने र कुनकुन सीपहरू दिनुपर्ला भन्ने विचार गरी यसका क्षेत्रहरू तोकिएका छन् ।

४) प्रचलित पाठ्यक्रममा सामाजिक शिक्षालाई केवल ४ विषयमा सीमित गरिएकोमा हालको प्रस्तावित पाठ्यक्रमले उक्त सामाजिक शिक्षाको नपुग क्षेत्रलाई समेत समेटी क्रमबद्धरूपले कक्षा १ देखि १० सम्मका ज्ञान, सीपलाई कमिकता दिन खोजिएको छ ।

५) यस पाठ्यक्रमले सैद्धान्तिक पक्षलाई भन्दा व्यावहारिक पक्षलाई बढी महत्वपूर्ण स्थान दिएको छ ।

६) यो विषय अध्ययन गराउँदा विद्यार्थीको आफ्नो समूहलाई नै प्रमुख आधार बनाई अध्यापन गराउने ।

# सामाजिक शिक्षा

**माध्यमिक तहको साधारण उद्देश्य**

माध्यमिक शिक्षा ( कक्षा ९ र १० ) को अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कुराहरू गर्न सक्षम हुनेछन् ।

१. अञ्चल र विकास क्षेत्रमा सञ्चालित आयोजनाहरूको विवरण दिन र ती क्षेत्रहरूको तुलनात्मक अध्ययन गर्न ।

२. विकास क्षेत्रको कठिनाइहरू पत्ता लगाई समाधानका उपायहरू बताउन ।

३. नेपालमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत र खानेपानीको क्षेत्रमा भएका प्रमुख उपलब्धिहरू वर्णन गर्न ।

४. नेपालको विकासका निम्ति आवश्यक पूर्वाधारहरू खडा गर्न दक्ष जनशक्तिको भूमिकावारे छलफल गर्न ।

५. हाम्रो परम्परा अनुकूल मानिआएको ईश्वरीय सत्ताको वर्णन गर्न र ईश्वरीय शक्तिलाई प्राकृतिक नियमसँग तुलना गरी आफ्नो विचार व्यक्त गर्न ।

६. हाम्रा साहित्य, कला र संस्कृतिको महत्व वताउन र तिनीहरूको संरक्षण कार्यमा सहयोग पु-याउन ।

७. नेपालको संविधान र संवैधानिक अङ्गहरूको सङ्क्षिप्त परिचय दिन र नागरिक अधिकार र कर्तव्यको सही प्रयोग गर्न ।

८. सामाजिक समस्या निराकरणमा अन्तरराष्ट्रिय संघहरूको भूमिका उल्लेख गर्न ।

९. पृथ्वीमा धरातलीय स्वरूपहरूको वर्णन गर्न ।

१०. नेपालको धरातलीय स्वरूपमा भूक्षयवाट पर्दै गएको असर बताउन र नियन्त्रण कार्यमा सहभागी बन्न ।

११. हावापानीको अवस्था र यसमा प्रभाव पार्ने तत्त्वहरूको व्याख्या गर्न ।
१२. नेपालको नक्सा कोरी भौगोलिक तथ्यहरू भर्न ।
१३. ग्लोवको सामान्य प्रयोग गर्न ।
१४. महाद्वीपहरूको भौगोलिक आर्थिक क्रियाकलापवारे सङ्क्षिप्त परिचय दिन ।
१५. अन्तरराष्ट्रिय सामाजिक संस्थाहरूद्वारा नेपालको विकासमा खेलेको भूमिकाबारे वर्णन गर्न।
१६. नेपालको भौगोलिक भिन्नताका आधारमा कृषि उत्पादनको सूची तयार गर्न ।
१७. नेपालको जनसङ्ख्या वितरणमा प्रभाव पार्ने तत्त्वहरूको वर्णन गर्न ।
१८. जनसङ्ख्या वृद्धि र वसाइँसराइवाट उत्पन्न समस्या र समाधानका उपायहरू पहिल्याई समाधानमा सहभागी वन्न ।
१९. नेपालको एकीकरण कार्यमा नेपाली वीरहरूले खेलेको भूमिकाको वर्णन गर्न तिनीहरूको सराहना गर्न ।
२०. राणाशासनको उदयपश्चात् आजसम्मका प्रमुख ऐतिहासिक घटनाहरूको कमिक रूपले बयान गर्न ।
२१. विश्वको राज्यकान्ति तथा स्वतन्त्रता सङ्ग्रामवारे सङ्क्षिप्त वर्णन गर्न ।
२२. नेपालको आर्थिक विकासमा व्यापार र पर्यटन उद्योगको महत्त्व बताउन ।
२३. आर्थिक योजनाको परिचय र महत्त्व बताउन ।
२४. वातावरणमा प्रतिकूल असर पार्ने योजनारहित विभिन्न कियाकलापहरूका बारेमा छलफल गर्न ।
२५. सार्क देशहरू वीचको आपसी सहयोग सद्भावना र आर्थिक व्ययभारबारे वताउन ।
२६. नेपालको अरू मित्र राष्ट्रसँगको सम्वन्ध र सहयोगवारे वयान गर्न ।
२७. संयुक्त राष्ट्र संघको परिचय दिन र नेपाल तथा संयुक्त राष्ट्र संघ बीचको आपसी सहयोग वर्णन गर्न ।
२८. विश्वमा विज्ञान र प्रविधिको विकासवाट मानवसमाजमा परेको प्रभावबारे बताउन ।

## कक्षा – ९

### कक्षा ९ को अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरूमा सक्षम हुनेछन् ।

१. आफ्नो विकास क्षेत्रमा सञ्चालित आयोजनाहरूको विवरण दिन र ती आयोजनावाट देश विकासमा खेलेको भूमिका बयान गर्न ।
२. श्रमको महत्त्व वुझी राम्रो कामको लागि परिश्रम गर्न ।
३. विभिन्न धर्मका धार्मिक सहिष्णुताको आशय वुझी तद्नुरूप व्यवहार गर्न ।
४. राष्ट्रिय मर्यादाहरू पालन गर्न ।
५. नेपाली कलाको पृष्ठभूमिमा हस्तकला, चित्रकला, वास्तुकला र मूर्तिकलाको परिचयदिन ।
६. हाम्रा राष्ट्रिय विभूतिहरूवाट राष्ट्रका लागि भएका योगदानहरूको वर्णन गर्न ।
७. नेपालको विकास कार्यमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत् र खानेपानीले खेलेको भूमिका वर्णन गर्न ।
८. संविधानको परिचय दिई नेपालको संविधान २०४७ का विशेषताहरू वताउन ।
९. वर्तमान संविधानले प्रदान गरेका मौलिक हक र कर्तव्यहरू उल्लेख गर्न ।
१०. नेपालमा सामाजिक सेवासँग सम्वन्धित राष्ट्रिय र अन्तरराष्ट्रिय संस्थाहरूको योगदान र सामाजिक समस्या निराकरणमा तिनीहरूले खेलेको भूमिका वर्णन गर्न ।

११. पृथ्वीको तापमण्डल, वायुको चाप, चापपेटी, वर्षा र मौसमको चित्रसहित वर्णन गर्न ।

१२. नेपालको हावापानीमा प्रभाव पार्ने तत्वहरू उल्लेख गरी भौगोलिक विविधतावाट जनजीवनमा पर्ने असर बताउन ।

१३. एसिया, युरोप र अस्ट्रेलिया महाद्वीपको प्राकृतिक वातावरण एवं आर्थिक कियाकलापको सङ्क्षिप्त परिचय दिन ।

१४. नेपालको हावापानी र भौगोलिक स्थितिअनुसार कृषि उत्पादनको सम्भाव्यता पहिचान गरी तद्नुरूप गर्न ।

१५. नेपालको नक्सा कोरी प्रमुख औद्योगिक केन्द्र तथा राजमार्गहरू सङ्केत गर्न ।

१६. श्री ५ पृथ्वीनारायण शाहवाट नेपाल एकीकरणको लागि भएका प्रयास र त्यसमा पर्न आएका बाधाहरू प्रस्तुत गर्न ।

१७. नेपाल अङ्ग्रजवीचको युद्धका प्रमुख नेपाली वीरहरू अमरसिंह थापा, वम शाह, रणवीर सिंह थापा, भक्ति थापा, वलभद्र कुँवर, उजिरसिंह थापाको सङ्क्षिप्त परिचय दिन र त्यसताकाको आर्थिक सामाजिक र राजनैतिक अवस्थाको सङ्क्षिप्त वर्णन गर्न ।

१८. नेपालमा राणा शासनको उदय राणाकालीन प्रमुख उपलव्धिहरूवारे वर्णन गर्न ।

१९. फ्रान्स राज्यकान्ति, अमेरिका र भारतको स्वतन्त्रतासँग्रामवारे सङ्क्षिप्त वर्णन गर्न ।

२०. नेपालको आर्थिक विकासमा व्यापारको महत्त्व वर्णन गर्न ।

२१. कृषि, उद्योग र व्यापार बीचको आपसी सम्वन्ध वताउन ।

२२. आर्थिक योजनाको परिचय दिन र नेपालका आर्थिक योजनावाट भएका प्रमुख उपलव्धिहरूको सूची तयार पार्न ।

२३. योजनारहित आर्थिक कियाकलापवाट वातावरणमा पर्ने दूषित असरहरू पत्ता लगाउन र त्यसका रोकथामका प्रयासमा सहभागी वन्न ।

२४. सार्क राष्ट्रहरूको आपसी सहयोग र सद्भावनावारे वर्णन गर्न ।

२५. नेपालको अरू मित्र राष्ट्रहरू, जर्मन, क्यानाडा र इटालीसँग सम्वन्ध र सहयोगबारे बयान गर्न ।

२६. नेपाललाई संयुक्त राष्ट्र संघको सदस्यको रूपमा चिन्न र अन्तरराष्ट्रिय शान्ति स्थापनाको लागि नेपालले संयुक्त राष्ट्र संघमा खेलेको भूमिकाको वर्णन गर्न ।

२७. विश्वमा भइरहने आविष्कार र परिवर्तनबारे जानकारी राखी टिपोट गर्न ।

## विषयवस्तु :

१. हामी हाम्रो समुदाय र राष्ट्र :

क) विकास क्षेत्रमा सञ्चालित आयोजनाहरू ।

२. हाम्रा विकासका पूर्वाधारहरू :

क) योगदान –नेपालको विकास कार्यमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत् र खानेपानी ।

३. हाम्रो परम्परा सामाजिक मूल्य र मान्यताहरू

क) धार्मिक सहिष्णुता, धर्म र विश्वासमा एकता ।

ख) श्रमप्रति आस्था ।

ग) शासन तथा सत्ताको मर्यादा ।

घ) हाम्रा राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्वहरू ।

ङ) हाम्रो रीतिरिवाज र कलाको परिचय–हस्तकला, चित्रकला मूर्तिकला ।

च) हाम्रा विभूतिहरूवाट राष्ट्रका लागि भएका योगदान ।

४. **नागरिक चेतना**

क) संविधानको परिचय ।

ख) नेपालको संविधान २०४७ का विशेषताहरू ।

ग) वर्तमान संविधानले प्रदान गरेका मौलिक हक र कर्तव्य ।

५. **सामाजिक समस्या र विकृति**

क) सामाजिक सेवासँग सम्वन्धित संस्थाहरूको योगदान ।

ख) सामाजिक समस्या निराकरणमा अन्तरराष्ट्रिय संस्थाहरूको भूमिका

१. स्काउट २. रेडक्स ३. लियोक्लव ४. लायन्स क्लव

ग) नेपालको विकास कार्यमा विभिन्न क्लवले खेलेको भूमिका ।

६. **भौगोलिक अध्ययन :**

१. भौतिक भूगोल–हावापानी

क) तापमण्डल, वायुको चाप तथा चापपेटी, वर्षा ।

ख) वायुको परिचय, स्थायी, आवधिक र अनिश्चित वायु ।

२. नेपालको भूगोल :

क) नेपालको भौगोलिक वा वातावरणअनुसार कृषि उत्पादन, खाद्यान्न वाली, नगदे वाली, वागवानी, पशुपालन ।

३. विश्वको भूगोल :

क) एसिया, युरोप र अस्ट्रेलियाको प्राकृतिक साधन, आर्थिक कियाकलाप र जनसङ्ख्याको सङ्क्षिप्त परिचय ।

४. नक्साकार्य

नेपालको नक्सा कोरेर त्यसमा हवाइमार्ग, सडकमार्ग औद्योगिक क्षेत्र, धार्मिक स्थल, प्रमुख हिमशिखर, कुण्डहरू, प्रमुख खाद्यान्न वालीहरू र पशुपालन क्षेत्र भर्न ।

७. **ऐतिहासिक अध्ययन :**

१. नेपालको इतिहास

क) एकीकरण आरम्भ, अभियान र यसका बाधाहरू ।

ख) अङ्ग्रेजसँगको युद्धमा नेपाली वीरहरूको भूमिका ।

ग) अङ्ग्रेज–नेपाल युद्ध पूर्व आर्थिक, सामाजिक अवस्था ।

घ) एकीकरण कार्य ।

ङ) राणाशासनको स्थापनामा जङ्गवहादुरको भूमिका ।

च) १०४ वर्षको राणाकालीन प्रमुख उपलव्धिहरू ।

२. विश्वको इतिहास

फ्रान्सको राज्यकान्ति, अमेरिका र भारतको स्वतन्त्रता सङ्ग्राम (सङ्क्षिप्तमा )

८. **आर्थिक एवं वातावरण अध्ययन :**

क) आर्थिक विकासमा व्यापारको महत्व (आन्तरिक र बाह्य ) ।

ख) कृषि, उद्योग र व्यापारमा आपसी सम्वन्ध ।

ग) आर्थिक योजनाको परिचय र त्यसवाट भएका उपलव्धिहरू ।

घ)	योजनारहित आर्थिक कियाकलापवाट वातावरणमा पर्ने असर ।

९. अन्तरराष्ट्रिय समभ्कदारी, शान्ति र सहयोग :

क) नेपालको अरू मित्रराष्ट्रहरू जर्मन, क्यानडा र इटालीसँगको सम्वन्ध र सहयोग ।

ख) सार्क राष्ट्रहरूवीचको आपसी सहयोग र सद्भावना ।

ग) अन्तरराष्ट्रिय शान्ति स्थापनाको लागि नेपालले पु-याउँदै आएको सहयोग ।

## कक्षा – १०

कक्षा १० को अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

१. पाँचै विकास क्षेत्रको परिचय दिई तिनको भौगोलिक, सांस्कृतिक, सामाजिक, आर्थिक पक्षको तुलनात्मक विवरण दिन ।

२. विकास क्षेत्रका कठिनाइहरू र यसका समाधानका उपायहरू बताउन ।

३. नेपालको विकासका लागि पूर्वाधारहरूको रूपमा दक्ष जनशक्तिको आवश्यकता बताउन ।

४. सामूहिक भलाइको महत्त्व वुभ्की त्यस्ता कार्यमा सहयोग पु-याउन ।

५. हाम्रा राष्ट्रिय व्यक्तित्वको परिचय दिन ।

६. हाम्रा लोकनृत्य, लोकगीत, लोकवाद्यको महत्त्व वर्णन गर्न ।

७. हाम्रा राष्ट्रिय दिवसहरूको महत्त्व वर्णन गर्न ।

८. हाम्रो संविधानका अङ्गहरूको सङ्क्षिप्त परिचय दिन ।

९. वहुदलीय शासन प्रणालीमा प्रमुख राजनीतिक सङ्गठनको भूमिका वर्णन गर्न ।

१०. निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिकावारे वयान गर्न ।

११. सामाजिक समस्या (लागू पदार्थ दुर्व्यसन, एड्स,अवैध व्यापार) निराकरणमा अन्तरराष्ट्रिय संस्थाहरूले खेलेको भूमिकाबारे वयान गर्न ।

१२. विभिन्न प्रकारका हावापानीको परिचय दिन ।

१३. हावापानी र भौतिक विविधतावाट जनजीवनमा पर्ने असरवारे उदाहरण दिई वर्णन गर्न ।

१४. उत्तर र दक्षिण अमेरिका महाद्वीपको प्राकृतिक वातावरण र आर्थिक कियाकलापबारे वर्णन गर्न ।

१५. नेपालको जनसङ्ख्यस्थिति वताउन र यसको असमान वितरणका कारणहरू उल्लेख गर्न ।

१६. नेपालमा अनियमित तथा अव्यवस्थित वसाइँसराइको कारण पत्ता लगाई अनियमित तथा अव्यवस्थित वसाइँसराइको कारणवाट उत्पन्न हुने समस्याहरू र त्यसका समाधानका उपायहरू वर्णन गर्न ।

१७. नेपालको नक्सा कोरी प्रमुख वाली, सहर, हवाईमार्ग र धार्मिक तथा ऐतिहासिक स्थलहरू भर्न ।

१८. राणाकालीन नेपालको आर्थिक, सामाजिक, राजनीतिक अवस्थावारे वर्णन गर्न ,

१९. वि.सं.२००७ सालदेखि २०१७ सालसम्मको प्रमुख राजनीतिक गतिविधिहरू वर्णन गर्न ।

२०. वि.सं. २०१७ देखि २०४६ सालसम्म भएका प्रमुख राजनीतिक गतिविधिहरू वर्णन गर्न ।

२१. श्री ५ महेन्द्रको शासनकालमा भएका विकास कार्यहरूको वर्णन गर्न ।

२२. श्री ५ वीरेन्द्रवाट नेपालको विकासका लागि गरिएका प्रयासहरूको वर्णन गर्न ।

२३. पर्यटन उद्योगको परिचय दिई यसका विकासका लागि आवश्यक पूर्वाधारहरूको वयान गर्न र (वातावरण, यातायात, खानेवस्ने व्यवस्था, प्राकृतिक तथा मनोरम स्थलहरू, पथ प्रदर्शक, आतिथ्य व्यवहार ) तिनको सूचि तयार पार्न ।

२४. पर्यटकहरूसँगको विचार आदानप्रदानवाट विकासमा पर्न सक्नेप्रभाववारे छलफल गर्न ।
२५. सार्क सङ्गठनको उपलब्धि र आर्थिक व्ययभारको वर्णन गर्न ।
२६. संयुक्त राष्ट्र संघका विभिन्न अङ्गहरू ( WHO, FJO, UNICEF, UNESCO, UNFPJ, UNDP, IUCN) आदिवाट नेपालले पाएको सहयोगका क्षेत्रहरू पहिल्याई वयान गर्न ।
२७. विश्वशान्ति र सुव्यवस्थाको लागि संयुक्त राष्ट्र संघको विशेष भूमिकावारे वर्णन गर्न ।
२८. विश्व परिस्थितिमा देखापरेका नयाँ मोंड (आविष्कार परिवर्तनहरूवारे टिपोट राख्न र अरूलाई वताउन । )

**विषयवस्तु :**

१. <u>हामी हाम्रो समुदाय र राष्ट्र :</u>
क) पाँच विकास क्षेत्रको तुलनात्मक अध्ययन ( भौगोलिक, सांस्कृतिक, आर्थिक)
ख) विकास क्षेत्रका कठिनाइहरू र समाधानका उपायहरू ।

२. <u>हाम्रा विकासका पूर्वाधारहरू :</u>
क) नेपालको विकासका निमित्त पूर्वाधारहरू खडा गर्न दक्ष र जनशक्तिको आवश्यकता ।

३. <u>हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू :</u>
क) नि:स्वार्थ सेवा र नेतृत्वको महत्व ।
ख) आत्मविश्वास, आत्मनियन्त्रण, संयम ( दृढता, नियन्त्रण, लगनशीलता, संयम )
ग) हाम्रा रीतिरिवाज, लोक तथा शास्त्रीय कला (नृत्य, गीत र वाद्य ) ।
घ) हाम्रा राष्ट्रिय दिवसहरू ।
ङ) हाम्रा राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्वहरू ।

४. <u>नागरिक चेतना :</u>
क) संविधानका अङ्गहरूको परिचय ।
ख) नेपालका प्रमुख राजनीतिक सङ्गठनको परिचय र भूमिका ।
ग) निर्वाचन र निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिका ।

५. <u>सामाजिक समस्या र विकृति :</u>
क) सामाजिक संघ र सामाजिक समस्या निराकरणमा अन्तरराष्ट्रिय संस्थाहरूको भूमिका ।
१) एस.ओ.एस. २) अन्ध अपाङ्ग ३) शरणार्थी सहयोग सङ्गठन
४) पुनर्वास योजना ५) लागू पदार्थ दुर्व्यसन निवारण आयोग ।
६) अवैध व्यापार ७) एड्स रोग नियन्त्रण
ख) यी संस्थाहरूले नेपालको विकासमा खेलेका भूमिकाहरू ।

६. <u>भौगोलिक अध्ययन :</u>
क) भौतिक भूगोल
१) हावापानीको प्रकार, सामान्य परिचय ।
२) हावापानी र धरातलीय विविधतावाट विश्वको जनजीवनमा पर्ने असर ।

ख) नेपालको भूगोल :

१) नेपालको जनसङ्ख्या, जनसङ्ख्याको वितरण तथा घनत्वको स्वरूप, वसाइँसराइ तिनमा पर्ने समस्या र समाधानका उपायहरू ।

ग) विश्वको भूगोल :

१) उत्तर र दक्षिण अमेरिका, अफ्रिका, महाद्वीपहरूको प्राकृतिक वातावरण, प्राकृतिक साधन, आर्थिकक्रियाकलाप र जनसङ्ख्यावारे सङ्क्षिप्त परिचय।

घ) नक्सांकार्य :

१) नेपालको नक्सा कोरेर तिनमा प्रमुख नगदेवाली, प्रमुख सहरहरू, धार्मिक एवं ऐतिहासिक स्थलहरू, हिमशिखरहरू र प्रमुख उद्योग केन्द्रहरू ।

**७. ऐतिहासिक अध्ययन :**

क) नेपालको इतिहास :

१) राणाकालीन नेपालमा आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक अवस्था ।
२) वि.सं.२००७ साल देखि २०१७ साल सम्मका आर्थिक, सामाजिक गतिविधिहरू ।
३) वि.सं. २०१७ सालको पार्टी प्रतिवन्ध र पञ्चायतको सुरूवात ।
४) वि.सं. २०३६ सालको जनमत सँग्रह ।
५) वि.सं.२०४६ सालको जन–आन्दोलन र वहुदलीय व्यवस्थाको पुनर्स्थापना ।
६) श्री ५ महेन्द्रको शासनकालमा भएका विकासका कार्यहरू ( अथवा नेपालमा २०१७ साल देखि २०४६ सालसम्म भएका उपलव्धिहरू )
७) श्री ५ वीरेन्द्र र विकासप्रतिको प्रतिवद्धता ।

ख) विश्वको इतिहास :

क) पहिलो र दोस्रो विश्वयुद्ध सं.रा. संघको स्थापना

आर्थिक एवं वातावरणीय अध्ययन :

क) नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्व ।
ख) पर्यटन उद्योग विकासका लागि आवश्यक कुराहरू ( भौगोलिक, सांस्कृतिक, ऐतिहासिक, कलाकृति र हावापानी )
ग) पर्यटन उद्योगको प्रवर्द्धनमा वाधा पु-याउने तत्वहरू ।

अन्तरराष्ट्रिय समझदारी, शान्ति र सहयोग

क) संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपाल र त्यसका विभिन्न अंगहरूवाट नेपाललाई प्राप्त सहयोग ।
ख) सार्क सङ्गठनको आर्थिक व्यवस्थापन पक्ष र यसका मुख्यमुख्य उपलव्धिहरू ।

चार हप्ते मा.वि. स्तरीय सेवाकालीन सामाजिकशिक्षा शिक्षक तालिम कार्यक्रम

| दिन | प्रथम सत्र १०.००–११.३० | द्वितीय सत्र ११.३०–१.०० | १.००–१.३० | तृतीय सत्र १.३०–३.०० | चतुर्थ सत्र ३००–४.३० |
|---|---|---|---|---|---|
| १. | कक्षा व्यवस्थापन | पाठ्यकम तथा पुस्तक | खाजा | पाठ्यकम तथा पुस्तक पाठ्य | पाठ्यकम तथा पाठ्य पुस्तक |
| २. | शैक्षिक योजना | शैक्षिक योजना | | मूल्याङ्कन | मूल्याङ्कन |
| ३ | मूल्याङ्कन | मूल्याङ्कन | | विकासको परिचय | विकास आयोजना |
| ४. | विकास क्षेत्र | लघु शिक्षण | | विकासका पूर्वाधारहरू | विकासका पूर्वाधारहरू |
| ५. | विकास क्षेत्रको समस्या र समाधान | विकासका निम्ति दक्ष जनशक्ति | | मानव विकासको मापन | लघु शिक्षण |
| ६. | धार्मिक सहिष्णुता र श्रम प्रति आस्था | नेतृत्व, शासन सत्ताको मर्यादा र राष्ट्रिय दिवसहरू | | हाम्रो रीतीरिवाज लोक गीत सङ्गीत नृत्य र कला | राष्ट्रिय व्यक्तित्त्व र तिनीहरूको योगदान |
| ७. | लघु शिक्षण | मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ् र नेपाल | | संविधानको परिचय र विकास | नेपालको वर्तमान संविधान २०४७ का विशेषताहरू मौलिकहक र कर्तव्य |
| ८. | नेपालमा संवैधानिक राजतन्त्रको व्यवस्था | संवैधानिक अङहरूको परिचय र गठन | | बहुदलीय व्यवस्थाको निर्वाचनमा नागरिकले खेल्नु पर्ने भूमिका | लघु शिक्षण |
| ९. | सामाजिक सेवा सँग सम्बन्धित सङ् संस्थाहरू | बाल अधिकार र मानव अधिकार | | सा.से.सँग सम्बन्धित अ.स.को योगदान र भूमिका | अन्धा अपाङ्ग र उनीहरूको नवजीवन |
| १०. | हाम्रा केही जटिल सामाजिक समस्याहरू | सामाजिक समस्या निराकरणमा राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरूको भूमिका | | लघु शिक्षण | भौतिक र मानव भूगोल |
| ११. | मौसम र विषम किसिमको मौसम | ताप मण्डल र तापक्रम | खाजा | हावाको चाप तथा चापपेटी एवम् वर्षा | वायु |

| दिन | प्रथम सत्र १०.००–११.३० | द्वितीय सत्र ११.३०–१.०० | १.००–१.३० | तृतीय सत्र १.३०–३.०० | चतुर्थ सत्र ३००–४.३० |
|---|---|---|---|---|---|
| १२. | नेपालको भूगोल कृषि उत्पादन एवम् पशु पालन | विश्वको भूगोल | खाजा | यूरोप र अष्ट्रेयलिया महाद्विप | नक्सा कार्य |
| १३. | हावापानी र प्राकृतिक वनस्पतिको प्रदेश | उष्णप्रदेश र त्यसको जनजीवन | | अर्धोष्ण र जाडो प्रदेशीय जनजीवन | नक्सा कार्य |
| १४. | नेपालको हावापानी र वनस्पति | नेपालको जनसङ्ख्या जनघनत्व र बसाइँ सराई | | उत्तर अमेरिका | दक्षिण र मध्ये अमेरिका |
| १५. | अफ्रिका महादेश | लघुशिक्षण | | श्री ५ पृथ्वीको जीवनी र एकीकरण अभियान | नेपाल अङ्ग्रेज युद्ध पूर्व नेपालको सामाजिक, राजनैतिक तथा आर्थिक अवस्था |
| १६. | नेपाल अङ्ग्रेज युद्धका कारण र परिणाम | हाम्रा वीरहरू | | राणा शासनकालको स्थापनामा जङ्ग बहादुरको भूमिका | राणा शासनको प्रमुख उपलब्धिहरू |
| १७. | अंमेरिका फ्रान्स र भारतको स्वतन्त्रता सङ्ग्रामका कारण र परिणाम | २००७ सालको क्रान्ति र दिल्ली सम्झौता | | २००७ सालदेखि २०१७ साल सम्मको आर्थिक र सामाजिक गतिविधि | श्री ५ महेन्द्रको शासनकालमा भएका विकास कार्यहरू |
| १८. | जनमत देखि जनआन्दोलन सम्म | श्री ५ वीरेन्द्र र विकास प्रतिको प्रतिवद्धता | | प्रथम तथा द्वितीय विश्व युद्धका कारण र परिणाम | संयुक्त राष्ट्र सङ्को स्थापना तथा अङ्गहरू |

| दिन | प्रथम सत्र<br>१०.००–११.३० | द्वितीय सत्र<br>११.३०–१.०० | १.००–<br>१.३० | तृतीय सत्र<br>१.३०–३.०० | चतुर्थ सत्र<br>३००–४.३० |
|---|---|---|---|---|---|
| १९. | लघु शिक्षण | आन्तरिक र बाह्य व्यापारको परिचय | | कृषि उद्योग र व्यापारमा आपसी सम्बन्ध | उद्योगको परिचय तथा उद्योग सुधारका उपायहरू |
| २०. | आर्थिक योजनाको परिचय र त्यसबाट भएका उपलब्धिहरू | योजना रहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्ने असर | खाजा | आर्थिक कियाकलाप गर्दा वातावरण सन्तुलनमा ध्यान दिनु पर्ने कुराहरु | पर्यटक र तिनीहरूले पर्यटन गर्ने कारणहरू |
| २१. | नेपालमा पर्यटनको महत्त्व आशा र सम्भावना | पर्यटकहरूको आवश्यकता, पर्यटनले ल्याउने समस्या | खाजा<br>↕ | तराई, चरा, जनावर, नदी र परम्परा | पर्वतीय पर्यटन काठमाण्डौं उपत्यकामा पर्यटक |
| २२. | पर्यटन विकासका निम्ति योजना, तपाईको आफ्नो अनुसन्धान र योजना | लघु शिक्षण | | सार्क राष्ट्र बिचको आपसी सहयोग | नेपाल र अन्य मित्र राष्ट्रहरू बीचको सम्बन्ध |
| २३. | संयुक्त राष्ट्र संघ र नेपाल | विश्वमा भै रहने परिवर्तन र आविष्कारहरू | | लघु शिक्षण | लैगिङ्ग समता र सचेतता |
| २४. | शै.सा उत्पादन | शै.सा उत्पादन | खाजा | शै.सा उत्पादन | शै.सा उत्पादन |

नोट :– समय र आवश्यकता अनुसार कार्यकम र समयलाई मिलाउन सकिनेछ ।

# विषयसूची


| एकाइ शीर्षक | पृष्ठ |
|---|---|
| कक्षा व्यवस्थापन | १ |
| पाठ्यक्रम तथा पाठ्यपुस्तक | ३ |
| शैक्षिक योजना | ४ |
| मूल्याङ्कन | ७ |
| हामी, हाम्रो समुदाय र राष्ट्र | ११ |
| हाम्रा विकासका पूर्वाधारहरू | १९ |
| हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता | २६ |
| नागरिक चेतना | ३१ |
| सामाजिक समस्या र विकृति | ४० |
| भौगोलिक अध्ययन | ४९ |
| ऐतिहासिक अध्ययन | ८३ |
| आर्थिक एवम् वातावरणीय अध्ययन | १०६ |
| अन्तरराष्ट्रिय समझदारी शान्ति र सहयोग | १२० |
| लैङ्गिक समता र सचेतता | १२७ |
| शैक्षिक सामग्री उत्पादन | १३५ |

# पाठ : कक्षा व्यवस्थापन

**एकाइ : १ देखि ९**

**सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) उपयुक्त र अनुपयुक्त कक्षाव्यवस्थापन छुट्याउन ।

ख) उपयुक्त कक्षाव्यवस्थापन गर्न ।

ग) योजनाबद्ध, प्रेरणादायी र आकर्षक कक्षाव्यवस्थापन र वातावरणमा ध्यान दिनुपर्ने कुराहरू बताउन ।

२. **शैक्षिक सामग्री :**

उपयुक्त र अनुपयुक्त कक्षा व्यवस्थापनको चार्ट, योजनाबद्ध प्रेरणादायी र आकर्षक कक्षाकोठा व्यवस्थाको सूची

३. **क्रियाकलाप :**

क) कक्षाकोठालाई योजनाबद्ध, प्रेरणादायी र आकर्षक बनाउन केके कुरामा ध्यान दिनुपर्छ ती कुराहरूलाई विचार गरी योजनाबद्ध, प्रेरणादायी र आकर्षक कक्षाको चित्र कोर्न लगाउनुहोस् र समूहमा छलफल गर्न लगाई समूहका एकएक जनाबाट प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) क्रियाकलाप 'क' बाट प्राप्त निषकर्षका आधारमा कुनै एक समूहका सहभागीहरूलाई आफू बसेको कक्षाकोठाको उपयुक्त व्यवस्थापन गर्न लगाउनुहोस् । अरूलाई कक्षाव्यवस्थापनका राम्रा र सुधार गर्नुपर्ने कुराहरू बुँदागत रूपमा टिप्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) तल उल्लेख भएबमोजिम चार्ट तयार गर्नुहोस् र प्रस्तुत गर्नुहोस् । योजनाबद्ध, प्रेरणादायी र आकर्षक कक्षाव्यवस्थापनमा हुनुपर्ने मुख्य बुदाँहरूका बारेमा जानकारी गराउनुहोस् र आ–आपनो विद्यालयको साधनस्रोतलाई ध्यानमा राखी उपयुक्त कक्षाव्यवस्थापन गर्न प्रेरणा र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२५ मिनेट

तपाईंका चार्टहरूमा हुनुपर्ने कुराहरू :–

| | |
|---|---|
| | योजनाबद्ध, प्रेरणादायी र आकर्षक कक्षाकोठा |
| १) | कक्षावातावरण : कक्षामा स्वच्छ र स्वस्थ्य वातावरण ल्याउने प्रयत्न गर्नु पर्छ । कोठाको विभिन्न रङका ढुङ्गा चित्र, रङ्गीन कागज, चक, प्रतिरूप , नक्सा, ग्लोव, तस्विर सूचना आदि । प्रेरणादायी महावाणी , महापुरूषको चित्र, विद्यार्थीशिक्षकका नमुनाकार्य राख्नसके सिकाइ प्रेरणादायी, प्रभावकारी र आकर्षक हुन्छ । |
| ख) | कक्षा व्यवस्थापन :–<br>⇒ कान कम सुन्ने, कम देख्ने तथा होचा पुड्का बालबालिकालाई अगाडि राख्ने ।<br>⇒अपाङ्ग, लोसे विद्यार्थीलाई बेलाबेलामा बोल्न दिने र उनीहरूमा विशेष ध्यान दिने ।<br>⇒मेच तथा बोर्डहरू वैज्ञानिक ढङ्गबाट सुबिधा हुने गरी राख्ने ।<br>⇒अध्ययन, समूहकार्य, वादविवादका लागि भिन्नभिन्न प्रकारका बसाइ योजना गर्ने । व्याख्यान गर्दा अधिल्लो स्थानमा मिलाएर राख्ने ।<br>⇒पछाडिको विद्यार्थीलाई बढी ध्यान दिने ।<br>⇒प्रत्येक क्रियाकलापमा प्रत्येक विद्यार्थीलाई सरिक हुन प्रेरित गर्ने ।<br>⇒बायाँ हातले लेख्ने विद्यार्थीलाई सुविधामुक्त ठाउँ दिने ।<br>⇒स्थानअनुसार, वातावरण अनुकूलित प्रकारको कक्षाव्यवस्थापन गर्ने । |

**४.उपलब्धि :**

तलका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

**१० मिनेट**

क) योजनाबद्ध र प्रेरणादायी कक्षाको वातावरण तयार गर्न केके गर्नुपर्छ ?

ख) तपाईंले गर्दै गर्नुभएको कक्षा व्यवस्थापनमा र आजको कक्षामा गर्नुभएको कक्षा व्यवस्थामा केके फरक पाउनुभयो ?

ग) योजनाबद्ध र प्रेरणादायी कक्षा व्यवस्थापन गर्न केके कुरामा ध्यान दिनुपर्छ ?

**पाठ : पाठयक्रम तथा पाठयपुस्तक**

**एकाइ : १ देखि ९**

**सत्र : ३**

**समय: ४.३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) सामाजिक शिक्षाका पाठयक्रमका विषयवस्तुलाई सामाजिक अध्ययन धारणामा परिवर्तन गरी पाठ्यपुस्तकका कुनै पाठको नमुना तयार गरी प्रदर्शन गर्न।

ख) सामाजिक शिक्षाको धारणाअनुसार पाठयक्रमको नमुना तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ र १० को सामाजिक शिक्षा पाठयक्रम र पाठ्यपुस्तक सादा कागज, पेन्सिल, रूलर इत्यादि।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई कागजका एकातर्फ पाठ्यकमका प्रत्येक पाठको शीर्षक तथा विषयवस्तु लेख्न र अर्कोतर्फ विषयवस्तुका आधारमा सामाजिक शिक्षाका धारणा लेख्न लगाउनुहोस् । जस्तै :–

२ घण्टा

| पाठ | विषयवस्तु | विषयवस्तु सम्बन्धी धारणा |
|---|---|---|
| १. | क) .................. | क) ........................ |
| | ख) .............. | ख) ........................ |
| | ग) .............. | ग) ........................ |

ख) सामाजिक शिक्षाको धारणाअनुसार साधारण उद्देश्य, कक्षागत उद्देश्य, एकाइ, पाठ शैक्षिक सामग्री, शिक्षणविधि, मूल्याङ्कन पाठ्यभार समावेश गरी पाठ्यक्रम तयार गर्न लगाउनुहोस्।

२ घण्टा १५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

१५ मिनेट

क) यस सत्रमा कुनकुन काम सम्पन्न गरियो ?

ख) यस सत्रलाई अझै प्रभावकारी बनाउन केके गर्नुपर्ला ?

# पाठ : शैक्षिक योजना

**एकाइ : १ देखि ९** **सत्र : २**

**समय : ३ घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) वार्षिक शैक्षिक योजना बनाई प्रस्तुत गर्न,

ख) दैनिक पाठयोजना बनाई प्रयोग गर्न,

२. **शैक्षिक सामग्री :**

कक्षा ९ र १० को सामाजिक शिक्षा पाठयकम तथा पाठयपुस्तक, विशिष्टीकरण तालिका विभिन्न रङका कागज, वार्षिक पात्रो ।

३. **क्रियाकलाप :**

क) समूह विभाजन गरी सबै प्रशिक्षार्थीहरूलाई वार्षिक पात्रोका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा विशिष्टीकरण तालिकाको प्रयोग गरी तलको तालिकाको नमुनाका आधारमा वार्षिक शैक्षिकयोजना तयार गर्न लगाउनुहोस् ।

१ घण्टा

वार्षिक शैक्षिकयोजना

| मिति | एकाइ | पाठशीर्षक | शैक्षिक सामग्री | शिक्षण विधि | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ख) सबै प्रशिक्षार्थीहरूलाई आपनो इच्छाअनुसारका कम्तीमा २ पाठहरूमा पाठयोजनाको नमुना तयार गर्न लगाउनुहोस् ।

३० मिनेट

ग) प्रशिक्षार्थीहरूलाई चार समूहमा विभाजित गर्नुहोस् र चारै समूहलाई आ-आफ्ना समूहका साथीहरूको कामलाई परिमार्जन गरी वार्षिक तथा पाठयोजनाको नमुना प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

घ) प्रस्तुत योजनाहरूलाई आपसी मूल्याङ्कन गर्न लगाई राम्रा र सुधार गर्नुपर्ने पक्षका विषयमा समूहगत रूपमा प्रस्तुति गर्न लगाउनुहोस् ।

४५ मिनेट

४. **उपलब्धि :**

यस सत्रकोअन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

१५ मिनेट

क) यस सत्रवाट केके राम्रो कुराहरू सिक्न सकियो ?

ख) यस सत्रलाई अझ प्रभावकारी बनाउन केके गर्नुपर्ला ?

## विशिष्टीकरण तालिका :

विशिष्टीकरण तालिकाले मूल्याङ्कन प्रणालीमा एकरूपता कायम गरी विद्यार्थीमा भएका क्षमताको प्रयोग गर्ने अवसर प्रदान गर्दछ । साथै यसले शिक्षण क्रियाकलाप बढी प्रभावकारी बनाउन मद्दत पु-याउँछ ।

सामाजिक शिक्षाको विशिष्टीकरण तालिका गत वर्षको कक्षा ९ र १० को विशिष्टीकरण तालिकाअनुसार नै छ । सामाजिक शिक्षालाई बढी व्यावहारिक बनाउन र मूल्याङ्कन प्रणालीमा सुधार गर्न विशिष्टीकरण तालिकाअनुसार प्रश्नहरूको मोडेल (नमुना) परिवर्तन गरिएको छ । यी प्रश्नहरू कक्षा ९ र १० को लागि नमुना प्रश्नहरू मात्र हुन् । प्रश्नहरू बनाउँदा कक्षा ९ र १० पाठ्यकममा आधारित हुनुपर्दछ । प्रश्नहरू निर्माण गर्दा अनुसन्धानात्मक, खोजमूलक, मापनयोग्य, विश्वसनीय, वैध उत्तरपुस्तिका परीक्षण गर्न सकिने र उत्तरकुञ्जिका बनाउन सकिने कुराहरूमा विशेष ध्यान दिनुपर्नेछ ।

प्रश्नको प्रकार

| | प्रश्नको प्रकार | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | ६ | | ७ | | ८ | | ९ | | जम्मा | |
| | प्रश्नको प्रकार (किसिम) | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क | प्रश्न सङ्ख्या | अङ्क |
| १ | धेरै छोटो प्रश्न | | | १ | १ | | | १ | १ | १ | १ | ३ | ३ | ३ | ३ | १ | १ | | | १० | १० |
| २ | छोटो प्रश्न | २ | ६ | २ | ६ | २ | ६ | ३ | ९ | ३ | ९ | ३ | ९ | २ | ६ | १ | ३ | २ | ६ | २० | ६० |
| ३ | लामो प्रश्न | | | | | | | | | | | १ | १० | १ | १० | १ | १० | | | ३ | ३० |
| | जम्मा : | २ | ६ | ३ | ७ | २ | ६ | ४ | १० | ४ | १० | ७ | २२ | ६ | १९ | ३ | १४ | २ | ६ | ३३ | १०० |

समयावधि निम्नानुसार निर्धारण गरिएको छ ।

ज्यादै छोटो उत्तर आउने प्रश्नलाई   १० x २ मि.   = २० मिनेट

छोटो उत्तर आउने प्रश्नलाई   २० x  ५ मि.  =  १०० मिनेट

लामो उत्तर आउने प्रश्नलाई ३ x  २० मि. =  ६० मिनेट

जम्मा १८० मिनेट

## कक्षा ९ र १० को
## नयाँ पाठ्यक्रममा आधारित
## सामाजिक शिक्षाको विशिष्टीकरण तालिका

| क. स | एकाइ शीर्षक | पाठ्भार | ज्ञान (k) | | बोध (U) | | | उच्च दक्षता ( HA ) | | | प्रयोगात्मक अभ्यास ( PA ) | जम्मा प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छोटा | | छोटा | | लामा | छोटा | | लामा | | | |
| | | | धेरै छोटा | छोटा | धेरै छोटा | छोटा | | धेरै छोटा | छोटा | | | | |
| १. | हामी, हाम्रो समुदाय र राष्ट्र | ५% | | १ | | | | | १ | | | २ | ६ |
| २ | हाम्रा विकासका पूर्वाधारहरू | ५% | | | | | | | | | | ३ | ७ |
| ३. | हाम्रा परम्परा सामाजिक मूल्य र मान्यताहरू | ५% | | | | | | | | | | २ | ६ |
| ४ | सामाजिक समस्या र विकृति | १० % | | | १ | १ | | | २ | | | ४ | १० |
| ५ | नागरिक चेतना | १० % | | | | १ | | १ | २ | | | ४ | १० |
| ६ | भौगोलिक अध्ययन | २५% | १ | | १ | १ | | १ | २ | | २ मा १ मात्र | ७ | २२ |
| ७ | ऐतिहासिक अध्ययन | २०% | | | १ | | | २ | २ | २ मा १मात्र | | ६ | १९ |
| ८ | आर्थिक एवं वातावरणीय | १५ % | | १ | १ | | १ | | | | | ३ | १४ |
| ९ | अन्तरराष्ट्रिय समझदारी शान्ति र सहयोग | ५% | | १ | | | | | १ | | | २ | ६ |
| | कुल प्रश्न सङ्ख्या | १०० % | १ | ३ | ५ | ५ | १ | ४ | १२ | १ | १ | ३३ | १०० |
| | कुल अङ्क | | १ | ९ | ५ | १५ | १० | ४ | ३६ | १० | १० | ० | १०० |

Abilities to be assessed : k = knowledge, U = Understanding, HA = Higher abilities, Application & Problem Solving PA= Practical abilities .

## पाठ : मूल्याङ्कन
## एकाइ : एक र दुई

**सत्र : १**
**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) ज्ञान, प्रयोग, समस्यासमाधान तथा प्रयोगात्मक दक्षताको मापन हुने गरी प्रश्ननिर्माण गर्न ।

ख) मूल्याङ्कनको उत्तरकुञ्जिका (मार्किङ स्किम) तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

- कक्षा ९ र १० को सामाजिक शिक्षा पाठयपुस्तक, कक्षा ९ र १० को विशिष्टीकरण तालिका, ज्ञान, प्रयोग, समस्या समाधान तथा प्रयोगात्मक दक्षतासम्बन्धी प्रश्नका नमुनाको तालिका, उत्तरकुञ्जिकाको नमुना

३. **कियाकलाप :**

क) विभिन्न किसिमका प्रश्न तथा उत्तरका नमुनाहरू प्रदर्शन गरेर कक्षा ९ र १० को सामाजिक शिक्षा पाठयपुस्तकको एकाइ एक र दुईका विभिन्न पाठहरूबाट विशिष्टीकरण तालिकामा दिइएका प्रश्नहरूको नमुनाका आधारमा प्रश्न तथा उत्तरकुञ्जिका तयार पार्न लगाउनुहोस् ।

३० मिनेट

ख) सबैले प्रश्न तयार गरिसकेपछि सहयोगीहरूलाई समूहमा विभाजित गर्नुहोस् र समूहमा पर्न आएका सहभागीहरूलाई आफ्नो समूहका साथीहरूले बनाएका दुई प्रश्न तथा उत्तर कुञ्जिका छान्न लगाउनुहोस् ।

३० मिनेट

ग) आआफ्नो समूहले छानेका सबभन्दा राम्रा दुईओटा प्रश्न तथा उत्तर ठूलो कागजमा सार्न लगाई सबैले देख्ने र सुन्ने गरी समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) के तपाईंले बनाउनु भएका प्रश्नहरू विशिष्टीकरण तालिकामा दिइएका प्रश्न १ र २ जस्तै छन् ? छन् भने कसरी ? छैनन् भने कसरी ?

ख) प्रश्नहरूमा सुधार गर्न अझै केके गर्नुपर्ला ?

## पाठ : मूल्याङ्कन

**एकाइ : तीन र चार** **सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) एकाइ तीन र चारका ज्ञान, प्रयोग समस्यासमाधान तथा प्रयोगात्मक दक्षताको मूल्याङ्कन गर्ने प्रश्न तथा उत्तरकुञ्जिका निर्माण गर्न ।

ख) सहभागीहरूका कामको मूल्याङ्कन गर्न ।

**२. शैक्षिक सामग्री :**

कक्षा ९ र १० को सामाजिक शिक्षा पाठयपुस्तक, परीक्षा नियन्त्रण कार्यालयबाट प्रकाशित विशिष्टीकरण तालिका, एकाइका पाठसम्बन्धी समाचारपत्र तथा पत्रपत्रिकाका अंशहरू

**३. कियाकलाप :**

क) कक्षालाई चार समूहमा विभाजित गर्नुहोस् । पहिलो समूहलाई कक्षा ९ को एकाइ तीन अन्तर्गत पर्ने पाठहरू समेटिने गरी सबैलाई भिन्नभिन्न तह दिई विशिष्टीकरण तालिकाअनुसारका प्रश्ननिर्माण गर्न तथा उत्तरकुञ्जिका तयार पार्न लगाउनुहोस् । त्यसैगरी दोस्रो समूहलाई कक्षा ९ कै एकाइ चारका पाठबाट प्रश्न तथा उत्तरकुञ्जिका बनाउन लगाउँनुहोस् । तेस्रो समूहलाई कक्षा १० को एकाइ तीन र चौथो समूहलाई कक्षा १० को एकाइ चारका सबै पाठहरूबाट प्रश्न तथा उत्तरकुञ्जिका तयार गर्न लगाउनुहोस्।
६० मिनेट

ख) समूहका सबै सहभागीहरूले प्रश्न तथा उत्तरकुञ्जिका तयार गरिसकेपछि सबभन्दा राम्रो एउटा प्रश्न छानेर त्यसमा सुधार गरी प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
२० मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।
१० मिनेट

क) तपाइँले बनाएका प्रश्नहरू विशिष्टीकरण तालिकामा दिइएका प्रश्नहरू जस्तै छन् कि छैन्न ? छन् भने कसरी छन् र छैनन् भने किन छैनन् ?

ख) प्रश्ननिर्माण कियाकलापलाई अझै प्रभावकारी बनाउन केके गर्नुपर्ला ?

## पाठ : मूल्याङ्कन

**एकाइ : पाँच र छ** — **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) एकाइ पाँच र छ का ज्ञान, प्रयोग, समस्यासमाधान तथा प्रयोगात्मक दक्षताको मूल्याङ्कन गर्ने प्रश्न तथा उत्तरकुञ्जिका निर्माण गर्न ।

ख) सहभागीहरूका कामको मूल्याङ्कन गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ र १० को सामाजिक शिक्षा पाठयपुस्तक, कक्षा ९ र १० को विशिष्टीकरण तालिका, सामाजिक समस्या र विकृति तथा नागरिक चेतनासम्बन्धी समाचारपत्र, चित्र, पोस्टर आदि

३. **कियाकलाप :**

क) छात्र र छात्रा सहभागीहरू समान रूपमा पर्ने गरी कक्षालाई चार समूहमा विभाजित गर्नुहोस् । पहिलो समूहलाई कक्षा ९ को पाँच एकाइका विभिन्न पाठ दोस्रो समूहलाई कक्षा ९ को छैटौं एकाइका विभिन्न पाठ, तेस्रो समूहलाई कक्षा १० को पाँचौ एकाइका विभिन्न पाठहरू तथा चौथो समूहलाई छ एकाईका विभिन्न पाठका आधारमा प्रश्न तथा उत्तरकुञ्जिकाहरू तयार पार्न लगाउनुहोस् ।

६० मिनेट

ख) सबै प्रशिक्षार्थीहरूले प्रश्न तथा उत्तरकुञ्जिका तयार पारेपछि समूहलाई सबभन्दा राम्रो प्रश्न छानेर प्रदर्शन गर्न लगाउनुहोस् ।

२५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) तपाईंले तयार गर्नुभएको प्रश्नले कुनकुन किसिमका दक्षतालाई समेट्न सकेको थियो ?

ख) तपाईंले तयार गर्नुभएको प्रश्नमा सुधार गर्न केके गर्नु पर्ला ?

## पाठ : मूल्याङ्कन

**एकाइ : सात, आठ र नौ** **सत्र : १**

**समय :१ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) कक्षा ९ र १० को पाठ्यपुस्तकका एकाइ सात, आठ र नौका पाठहरूबाट प्रयोग, समस्या समाधान र प्रयोगात्मक दक्षता देखाउने प्रश्न तथा उत्तरकुञ्जिका निर्माण गर्न ।

ख) आपनो तथा आपना साथीहरूका प्रश्नपत्र तथा उत्तरकुञ्जिका निर्माणसम्बन्धी सीपको मूल्याङ्कन गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ र १० को सामाजिक शिक्षा पाठयपुस्तक, कक्षा ९ र १० को विशिष्टीकरण तालिका, विभिन्न किसिमका नक्साहरू, ऐतिहासिक समाचार तथा दस्तावेज ।

३. **कियाकलाप :**

क) कक्षालाई चार समूहमा विभाजित गर्नुहोस् र एकाइ सात, आठ र नौ समेटिने गरी प्रश्न तथा उत्तरकुञ्जिका तयार गर्न लगाउनुहोस् ।

६० मिनेट

ख) सबै सहभागीहरूले प्रश्न निर्माण गरेपछि समूहगतरूपमा सबभन्दा राम्रो छानेर प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

२५ मिनेट

क) तपाईंलाई कुनकुन पाठका प्रश्नहरू राम्रा लागे ?

ख) प्रश्नहरू राम्रा लाग्नु पर्ने कारणहरू केके थिए ?

## पाठ : विकासको परिचय

**एकाइ : हामी, हाम्रो समुदाय र राष्ट्र** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क) आफ्नो समुदायमा भएका सकारात्मक परिवर्तनको आधारमा विकासको अर्थ बताउन ।

ख) विकासका सूचकहरूको पहिचान गर्न ।

२. **शैक्षिक सामग्री :**

चार्टपेपर, मास्किङटेप, रूलर ।

३. **कियाकलाप :**

१. प्रत्येक सहभागीलाई आफू सानो छँदाको आफ्नो गाउँ वा सहरको अवस्था र हालको अवस्थामा केके परिवर्तन आएको देखिन्छ ? ती कुराहरू निम्न बुँदाहरूका आधारमा टिप्न लगाउनुहोस् । परिवर्तन विकास हो या विनास हो ? निष्कर्ष निकाल्न भन्नुहोस् ।

३५ मिनेट

| क.सं. | क्षेत्र | आफू सानो छँदाको आपनो गाउँ वा सहरको विद्यमान अवस्था | हालको गाउँ वा सहरको विद्यमान अवस्था | निष्कर्ष (विकास या विनास ) |
|---|---|---|---|---|
| १. | शिक्षा | | | |
| २. | स्वास्थ्य | | | |
| ३. | यातायात | | | |
| ४. | सञ्चार | | | |
| ५. | उद्योग | | | |
| ६. | आयआर्जन तरिका | | | |
| ७. | पर्यावरण | | | |

कियाकलाप (१) मा गरिएको टिपोटका आधारमा जुन परिवर्तनहरू मानवहितमा देखिन्छन् त्यो विकास र मानवहित विपरीत देखिएका परिवर्तनहरू विनासहरू हुन् हो भन्ने निष्कर्ष छलफलद्धारा निकाल्नुहोस् । प्रत्येक सहभागीलाई आआफ्नो समूहमा छलफल गरी माथिको टिपोटका आधारमा हरेक समूहलाई सबभन्दा विकसित गाउँ वा सहर तथा सबभन्दा अविकसित गाउँ वा सहर निर्धारण गर्न लगाउनुहोस् ।

प्रत्येक समूहले छुट्याएका आ–आफ्नो समुहको सबभन्दा विकसित र सबभन्दा कम विकसित गाउँ वा सहरमा देखिएका परिवर्तनहरू सम्पूर्ण सहभागी समक्ष पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२. प्रत्येक सहभागीलाई आ--आफनो घरको कुल गार्हस्थ्य उत्पादन ( रूपैँयामा ) निकाल्न लगाई घरको प्रतिव्यक्ति आय निर्धारण गर्न लगाउनुहोस् । त्यसपछि हरेक समूहबाट सबभन्दा बढी प्रतिव्यक्ति आय र सबभन्दा कम प्रतिव्यक्ति आय भएका घरहरू निर्धारण गर्न लगाई सम्पूर्ण सहभागी समक्ष पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

३. प्रस्तुत प्रतिव्यक्ति आयका आधारमा विकासको मापन गर्न सकिने नसिकनेबारे छलफल गराउनुहोस् । घरको जनसङ्ख्याले प्रतिव्यक्ति आयमा पर्ने असर, घरको कुल आयमा प्रत्येक सदस्यले उपयोग गर्न पाउने अवस्था र घरको कुल आयवृद्धि गर्न चाल्नुपर्ने कदमबारे छलफल गरी यसलाई देशको कुल गार्हस्थ्य उत्पादन GDP प्रतिव्यक्ति आय र वितरणको समस्याबारे छलफल गराउनुहोस् ।

१० मिनेट

४. हाम्रो देश र विश्वका अन्य विकसित मानिएका मुलकहरूका बीचको विकासका विविध पक्षबारे तुलनात्मक रूपमा छलफल गर्ने । केके कुरा विकासका सूचक हुन् र कुनै पनि देशको प्रतिव्यक्ति आय अमेरिकी डलरमा उल्लेख गरिनुको कारण के हो भन्ने विषयमा पनि छलफल गराउनुहोस् ।

१० मिनेट

## ४. उपलब्धि :

सबै सहभागीहरूलाई निम्न प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् ।

५ मिनेट

क) यस सत्रमा केके कुरा सिक्नुभयो ?
ख) परम्परागत अध्यापन तरिकामा के कस्तो परिवर्तन ल्याउन खोजिएको छ ?
ग) आफनो घर, गाउँ र छिमेकलाई उदाहरण बनाएर देशविदेशका जटिल कुरा बुझाउने प्रयासले केके फाइदा पु-याउँछ ?

## पाठ : विकास आयोजना

## एकाइ : हाम्री, हाम्रो समुदाय र राष्ट्र

सत्र : १

समय : १ :३० घण्टा

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क) कुनै एक आयोजनाको छनौट गरी त्यसको आधारमा विकास क्षेत्रका आयोजनाहरूको विवरण दिन ।

ख) विकास आयोजनाले देशविकासमा खेलेको भूमिकाको बयान गर्न ।

ग) विशिष्टीकरण तालिकाअनुसार प्रश्न तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

चार्टपेपर, मास्किङटेप, रुलर ।

३. **कियाकलाप :**

१. प्रत्येक समूहमा कुनै एक सहभागीको गाउँ, टोल, छिमेक वा जिल्लामा सञ्चालित सब भन्दा बढी जानकारी भएको कुनै एक आयोजना छनौट गरी सो आयोजनाका बारेमा निम्न बुँदागत विवरण प्रत्येक समूहबाट चार्ट पेपरमा तयार पार्न लगाई कक्षामा पेस गर्न लगाउनुहोस् ।

४० मिनेट

क) कुनकुन समस्यासमाधान गर्न उक्त आयोजना सुरु भएको हो र उक्त आयोजनाका उद्देश्यहरू केके हुन् ?

ख) आयोजनाको प्रकार र खर्चका स्रोतहरूको स्थिति के हो ?

ग) आयोजनाबाट महिला सहभागिता लगायत के कस्ता क्षेत्रिय र राष्ट्रिय महत्त्वका फाइदाहरू पुगेका छन् ?

घ) आयोजनाबाट भएका बेफाइदाहरू केके हुन् ?

ङ) आयोजनामा सुधार ल्याउने सुझावहरू केके हुन सक्छन् ?

२. सम्पूर्ण सहभागीहरूलाई ५ समूहमा बाँडी हरेकलाई एक विकास क्षेत्रमा सञ्चालित आयोजनाहरूको सकेसम्म विस्तृत विवरण तयार पार्न लगाई ती आयोजनाहरूले देशविकासमा खेलेका भूमिकाहरू समेत समावेश गरेर निम्न तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

| विकास क्षेत्र | आयोजनाको नाम | आयोजनाको कार्यविवरण | दातृसंस्था | अवधि | आयोजनाले देश विकासमा खेलेको भूमिका | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. विशिष्टीकरण तालिकाअनुसारका एकएक नमुना प्रश्न हरेक सहभागीलाई बनाउन लगाई समूहमा छलफल गराउनुहोस् । समूहले उत्कृष्ट ठानेका दुईदुई प्रश्नहरू कक्षामा प्रस्तुत गर्न भन्नुहोस् ।

२० मिनेट

४. प्रत्येक सहभागीलाई आ-आपनो गा.वि.स. वा नगरपालिकाको वडामा भएका समस्याहरू पहिचान गर्न लगाई श्री ५ को सरकारबाट प्राप्त हुने पाँच लाख अनुदान सदुपयोग गर्ने एक आयोजना तयार पार्ने गृहकार्य दिनुहोस् । सो आयोजना तयार पार्दा कियाकलाप (१) का सबै बुँदाहरू समावेश गर्न भन्नुहोस् । समूहका सबै साथीले तयार पारेका आयोजनाहरू हेरी हरेक समूहबाट एक उत्कृष्ट आयोजना छानेर एकहप्तापछि निर्धारित कुनै सत्रको अन्त्यमा प्रस्तुत गर्न लगाउनुहोस्।

२० मिनेट

## ४. उपलब्धि :

सहभागीहरूसँग तलका प्रश्नहरू सोध्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा गरिएका कियाकलापहरूबाट यस सत्रसँग सम्बन्धित पाठ्य पुस्तिकका पाठहरू कक्षामा अध्यापन गर्दा विद्यार्थीहरूको घर,गाउँ, टोल तथा छर छिमेकको उपयोग कसरी गर्न सकिन्छ ?

ख) यस पाठको अध्यापन प्रभावकारी बनाउन के-कस्ता उपाय गर्न सकिएला ?

**पाठ : विकास क्षेत्र**

**एकाइ : हामी, हाम्रो समुदाय र राष्ट्र** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क) पाँच विकास क्षेत्रको भौगोलिक साँस्कृतिक,सामाजिक र आर्थिक विकास देखिने नेपालको नक्सा तयार पार्न ।

ख) देशलाई पाँच विकास क्षेत्रमा बाँड्नुको औचित्य पुष्टि गर्न ।

२. **शैक्षिक सामग्री :**

नेपालको ठूलो राजनैतिक नक्सा, नेपालको ठूलो प्राकृतिक नक्सा, ट्रेसिङ्ग पेपर वा न्युज प्रिन्ट, रंङ्गीन साइन पेनहरू, मास्किङ टेप, कैंची, रूलर ।

३. **कियाकलाप :**

१. सहभागीहरूलाई पाँच समूहमा बाँड्नुहोस् । प्रत्येक समूहलाई एकएक विकास क्षेत्र तोकी नेपालको ठूलो राजनैतिक नक्साबाट आ–आपनो विकास क्षेत्र र त्यसमा पर्ने जिल्लाहरू ट्रेस गरी निकाल्न दिनुहोस् । सबै समूहको नक्सा एकै स्केलको हुनुपर्दछ । सो ट्रेस गरिएको विकास क्षेत्रको नक्सामा निम्न कुराहरू ठिकसँग भर्न भन्नुहोस् ।

५० मिनेट

क) हिमाल, पहाड र तराई प्रदेश छुट्याइएको भौगोलिक विभाजन, पहाडी शृङ्खला र टाकुरा ।

ख) क्षेत्रिय सदरमुकाम, व्यापारिक केन्द्र औद्योगिक क्षेत्र, पर्यटन क्षेत्र र धार्मिक स्थल ।

ग) सडकमार्ग ( पक्की र कच्ची) हवाइमार्ग र वैदेशिक व्यापारका नाकाहरू
( सबै समूहले अलगअलग कार्य गरेतापनि नक्सामा समान रङ र समान सङ्केत प्रयोग गर्न लगाउनु पर्नेछ ) ।

नक्सा सबै भरिसकेपछि हरेक समूहलाई विकास क्षेत्रको नक्साबाट विकास क्षेत्रमात्र काटेर निकाली सबै विकास क्षेत्रसहित जोडिएको सिङ्गो नेपालको नक्सा तयार पारी कक्षाअगाडि टाँस्नुहोस् ।

२. माथिका विवरणहरू भरिएका विकास क्षेत्र अङ्कित कियाकलाप (१) बाट तयार भएको नक्सा हेरी सबभन्दा विकसित र कम विकसित विकास क्षेत्र कुनकुन हुन् कारणसहित छुट्याउन समूहमा दिनुहोस् । समूहको कार्य कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

१० मिनेट

३. यसरी देशलाई पाँच विकास क्षेत्रमा बाँड्नुको कारण समूहमा छलफल गरी पत्ता लगाउन दिने र सबै समूहको निष्कर्ष कालोपाटीमा टिपिदिने ।

१० मिनेट

विकास क्षेत्रमा बाँड्नाका संभाव्य कारणहरू –

क) विकास प्रकिया केन्द्रमा सुरू हुने र केन्द्रबाट कमशः चारैतिर पानीको तरङ्ग झैं फैंलदै जाने हुनाले देशका पाँच केन्द्रबाट एकैसाथ विकास सुरू भई चारैतर्फ फैलँदा देशभरि छिटो विकास फैलने ।

ख) विकास समानुपातिक र सन्तुलित हुने ।

ग) सबै क्षेत्रले समान अवसर पाउने र विकासको प्रतिफल देशभर समानरूपमा प्राप्त हुने ।

घ) विकेन्द्रीकरणद्वारा विकासमा जनसहभागिता बढाउन सघाउ पुग्ने ।

१० मिनेट

४. विशिष्टीकरण तालिकामा दिएअनुसार ज्ञान तह र उच्चदक्षता तहका एकएक ओटा छोटो उत्तर आउने प्रश्न बनाउन लगाउनुहोस् । हरेक समूहका उत्कृष्ट दुईदुई प्रश्न कक्षामा प्रस्तुत गर्न लगानुहोस् ।

४. **उपलब्धि :**

सत्रको अन्तमा निम्न प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् ।

१० मिनेट

क) यस सत्रमा केके कुरा सिक्नुभयो ?

ख) यो पाठ अध्यापन गर्दा विद्यार्थीलाई बढी सकिय बनाउन अरू केके गर्न सकिएला ?

पाठ : लघुशिक्षण

एकाइ : हामी, हाम्रो समुदाय र राष्ट्र सत्र : १

समय : १ :३० घण्टा

**पुनरावलोकन :**

हामी, हाम्रो समुदाय र राष्ट्रअन्तर्गत निम्न कार्यहरू तालिमका सत्रहरू सम्पन्न भइ सकेका छन् ।

क) आफ्नो घर र समुदायको यथार्थ स्थितिको आधारमा विकासको अर्थ बताउन, कुल गार्हस्थ्य उत्पादन र प्रतिव्यक्ति आय निकाल्न ।

ख) स्थानीयरूपमा सञ्चालित आयोजनाहरूका आधारमा आयोजनाको उद्देश्य, आर्थिक स्रोत जनसहभागिता, अनुगमन र मूल्याङ्कनसहितको आयोजना विवरण दिन र आयोजनाले देश विकासमा खेलेको भूमिकाको वर्णन गर्न ।

ग) आयोजना निर्माण गर्न र परीक्षाका प्रश्न निर्माण गर्न ।

घ) पाँच विकास क्षेत्रको भौगोलिक, साँस्कृतिक, सामाजिक र आर्थिक विकास देखिने गरी नेपालको नक्सा तयार पार्न ।

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) माथि उल्लिखित सिकिसकेका विषयवस्तुहरू मध्येबाट कुनै एक विषय छानी १५ मिनेटको पाठयोजना तयार पार्न ।

ख) तालिममा सिकाइएका तरिकाहरू अपनाएर नमुना सूक्ष्मशिक्षण गर्न ।

ग) कक्षाअवलोकन गरी पृष्ठपोषण दिन ।

२. **शैक्षिक सामग्री :**

कार्ड बोर्ड, टेप, कैची, रंङ्गीन मार्कर,

३. **क्रियाकलाप :**

क) लघुशिक्षणको आवश्यकता र महत्त्वबारे छलफल गराउने र लघुशिक्षण गर्दा अपनाइने तरिकाहरू बताइ दिनुहोस् ।

**१० मिनेट**

ख) सहभागीहरूलाई तीन समुहमा बाँडेर हरेक समूहमा पाठ नदोहोरिने गरी लघुशिक्षणका पाठ छनौट गरेर १५ मिनेटको पाठयोजना तयार पार्न लगाउनुहोस् ।

**१५ मिनेट**

ग) एक समूहबाट एक जनाले सूक्ष्मशिक्षण गर्ने गरी पालो निर्धारण गर्नुहोस् र १५ मिनेटको नमुना कक्षाअध्यापन गर्न लगाउनुहोस् ।

**४५ मिनेट**

घ)	प्रत्येक सूक्ष्मशिक्षण गर्ने सहभागीको कक्षाअवलोकन फारमको आधारमा अवलोकन गर्न लगाई कक्षा समाप्त हुनासाथ पृष्ठपोषण दिन हरेक सहभागीलाई लगाउनुहोस् ।

१५ मिनेट

**४.उपलब्धि :**

यस सत्रमा गरिएको शूक्ष्म शिक्षणबाट केके उपलब्धि प्राप्त भए भन्नेबारे सहभागीहरूको मौखिक प्रतिकिया माग्नुहोस् ।

५ मिनेट

# पाठ : विकासका पूर्वाधारहरू

## एकाइ : हाम्रा विकासका पूर्वाधारहरू

सत्र : २

समय : ३ घण्टा

### १. उद्देश्य :

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्ने सक्षम हुनेछन् ।

क) विकासका निम्ति स्रोत र साधनको महत्त्व दर्शाउने मनोवाद तयार गर्न ।
ख) शिक्षाले देशविकासमा खेल्ने भूमिकाबारे छोटो कार्यपत्र प्रस्तुत गर्न ।
ग) देशको स्वास्थ्यस्थिति झल्कने चार्ट तयार गर्न ।
घ) देशको यातायातको समस्या र समाधान देखिने चित्रपट तयार गर्न ।
ङ) खानेपानीको समस्या र सुधारका प्रयास प्रदर्शन गर्ने अभिनय गर्न ।
च) विकासका निम्ति विद्युत् तथा सञ्चारको महत्त्व दर्शाउने संवाद तयार पार्न ।

### २. शैक्षिक सामग्री :

चार्ट पेपर, मार्कर, रूलर, गम मास्किङ टेप, पुराना दैनिक पत्रिका (२०/२०प्रति ) कैंची देशको तथ्याङ्क पुस्तक, ग्राफसिट ।

### ३. कियाकलाप :

१ सम्पूर्ण सहभागीहरूलाई पाँच समूहमा बाँड्नुहोस् । प्रशिक्षार्थी निर्देशिकामा दिएको मनोवादको उदाहरण हेरी आफ्नो समूहलाई परेको विषयमा मनोवाद तयार पार्न लगाउनुहोस् । समूहको एक उत्कृष्ट मनोवाद कक्षामा प्रस्तुत गराउनुहोस् ।

५५ मिनेट

समूह (क) प्राकृतिक खनिज वस्तुहरू समूह (ख) श्रमशक्ति
समूह (ग) पूँजी समूह (घ) उर्जा
समूह (ङ) खेतीपाती तथा वनजन्य वस्तुहरू

२. सहभागीहरूको अघिकै पाँच समूहमा प्रशिक्षार्थी निदेशिकामा दिएका मार्ग निर्देशनहरूका आधारमा एक समूहमा तलका एक काम पर्ने गरी कक्षाकार्य दिनुहोस् ।

१ घण्टा ३० मिनेट

समूह (क) शिक्षाले देश विकासमा खेल्ने भूमिकाबारे छोटो कार्यपत्र तयार गर्न ।
समूह (ख) देशको स्वास्थ्यस्थिति झल्कने चार्ट तयार पार्न ।
समूह (ग) देशको यातायातको समस्या र समाधान देखिने चित्र तयार गर्न ।
समूह (घ) खानेपानीको समस्या र सुधारका प्रयास प्रदर्शन गर्ने अभिनय मञ्चन गर्न ।
समूह (ङ) विकासका निम्ति विद्युत् तथा सञ्चारको महत्त्व दर्शाउने संवाद तयार गर्न ।
माथिका समूहकार्य पालैपालो कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

३. यस सत्रसँग सम्बन्धित पाठहरूका विशिष्टीकरण तालिकामा दिएअनुसारका प्रश्ननिर्माण गर्न लगाई समूहका उत्कृष्ट एक /एक प्रश्न कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

### ४. उपलब्धि :

५ मिनेट

क) यस सत्रमा तपाईले केके सिक्नुभयो ?
ख) यस्तै तरिकाले विद्यार्थीहरूलाई सिकाउँदा के कस्ता सीप विकास हुने ठान्नु हुन्छ ?

## पाठ : विकास क्षेत्रको समस्या र समाधान

**एकाइ : हाम्रा विकासका पूर्वाधारहरू** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्नेछन् ।

क) विकास क्षेत्रका कठिनाइहरू पत्ता लगाउन ।

ख) कठिनाइहरूको समाधानका उपायहरू बताउन ।

२. **शैक्षिक सामग्री :**

चार्टपेपर, मार्कर, स्केल, मास्किङ टेप, ।

३. **कियाकलाप :**

१. प्रशिक्षार्थीहरूलाई पाँच समूहमा बाँड्नुहोस् । हरेक समूहलाई एकएक विकास क्षेत्र तोकी आफ्नो भागमा परेको विकास क्षेत्रको भौगोलिक, सामाजिक, आर्थिक, र पर्यावरणीय र प्राकृतिक प्रकोपको अध्ययन गर्न लगाई तिनीहरूबाट विकासमा किन र कसरी बाधा पुगेको छ विश्लेषण गर्न भन्नुहोस् । त्यस्तै विघ्नबाधा अरू विकास क्षेत्रमा परेको छ छैन भन्नेबारे अर्को समूहसँग जानकारी माग्न आवश्यक प्रश्नावली तयार गर्न लगाई एक समूहले तयार पारेका प्रश्नको उत्तर अर्को समूहलाई बाँडिदिनुहोस् । अर्को समूहले सोधेका प्रश्नको उत्तर आफ्नो भागमा परेको विकास क्षेत्रको आधारमा बुँदाटिपोट गरी पेपरमा तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**३० मिनेट**

२. आफ्नो समूहले सोधेका प्रश्नको अर्को समूहले दिएको उत्तरको आधारमा उत्तर दिने समूहको विकास क्षेत्रमा परेका कठिनाइहरू समाधान गर्ने सुझाव हरेक समूहलाई तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**१५ मिनेट**

३. विभिन्न समूहले प्रस्तुत गरेको विकास क्षेत्रका कठिनाइ र ती कठिनाइ समाधान गर्न सुझाइएका उपायहरूका आधारमा सारांश प्रस्तुत गर्न लगाउनुहोस् ।

**१५ मिनेट**

४. विशिष्टीकरण तालिकामा दिइएअनुसारका एकएक प्रश्न सबैलाई बनाउन लगाई केही उदाहरण प्रश्नहरू कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**२५ मिनेट**

४. **उपलब्धि :**

निम्न प्रश्नहरूको उत्तर सहभागीहरूबाट लिनुहोस् –

**५ मिनेट**

क) यस सत्रमा गरिएका कियाकलापहरूले के उपलब्धि दिए ?

ख) यही पाठ विद्यार्थीहरूलाई सिकाउनु पर्दा के कसरी गर्न सकिएला ?

# पाठ : विकासका निम्ति दक्ष जनशक्ति

## एकाइ : हाम्रा विकासका पूर्वाधारहरू

सत्र : १

**समय :१ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्नेछन् ।

क) विकासका निम्ति आवश्वयक दक्ष जनशक्ति पत्ता लगाउन ।

ख) आवश्यक दक्ष जनशक्ति उत्पादनको योजना बनाउन ।

२. **शैक्षिक सामग्री :**

केस अध्ययन पाठ, चार्ट पेपर, मार्कर, मास्किङ टेप,

३. **कियाकलाप :**

१ दिइएको एउटा गाउँको केसअध्ययन गर्न लगाउनुहोस् । सो केस अध्ययनमा दिइएको विवरणका आधारमा सो गाउँको विकासका निम्ति के–कस्ता दक्ष जनशक्तिको आवश्यकता छ भन्नेबारे सोधिएका प्रश्नहरू उपर समूह छलफल गरी उत्तर पत्ता लगाउन लगाउनुहोस् । प्रत्येक समूहले पत्ता लगाएका कुराहरू कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । यसै गरी आ–आफ्नो गाउँको केस अध्ययन बनाउन सकिने कुरा बताई दिनुहोस् ।

३० मिनेट

**छोप्राक गाउँको केस अध्ययन :**

गोरखा जिल्लाको सदरमुकामबाट चारकोस पशिचममा छोप्राक गा.वि.स. छ । यो गा.वि.स. को क्षेत्रफल करिब ५० वर्ग कि.मि. छ । २०५३ को सर्वेक्षणअनुसार यस गाउँको जनसङ्ख्या ४२०० महिला र ४१९६ पुरूष गरी जम्मा ८३९६ रहेको छ ।यस गाउँमा जम्मा ११९६ घरधुरी छन् । तीमध्ये ३७७ घर ब्राह्मण–क्षेत्री, ६२ घर नेवार, १५० घर सार्की, दमाई,कामी, ३०५ घर गुरूङ्ग र ३०३ अन्य जातका घरहरू रहेका छन् । जनसङ्ख्या वृद्धिदर २.१ प्रतिशत प्रतिवर्ष छ । यस गाउँ ५०० मिटर उचाइको चोरकाटे टारदेखि २५०० मिटर उचाइको सिरानचोकसम्मको भौगोलिक धरातलमा अवस्थित छ । यस गाउँको पूर्वमा दरौदी नदी, दक्षिणमा भुसुण्डी खोला र उत्तरपूर्वमा खहरे खोला रहेका छन् । भुसुण्डी र खहरेबाट हिउँदमा केही मात्रामा र वर्षादमा पूरै फाँट सिँचाइ गरिन्छ भने दरौदीबाट खासै सिचाइ भएको छैन । पिचरोडबाट करिब १५ कि.मि. को कच्ची सडकले यो गा.वि.स. छोएको र गा.वि.स. को झण्डै मध्यभाग सम्म यो कच्ची सडक गएको छ । यस सडक बाट हिउँदमा मात्र टयाक्टरद्वारा ढुवानी कार्य हुने गरेको छ । यस गा.वि.स.मा दुई मा.वि., एक नि.मा.वि.र सात प्रा.वि. छन् । एक स्वास्थ्य उपचौकी, एक अतिरिक्त हुलाक, एक कृषिसेवा उपकेन्द्र, एक भि.एच.एफ्. टेलिफोन केन्द्र र एक प्रहरी चौकी रहेका छन् । दक्षिणतिर रहेको खोप्लाङ गा.वि.स.मा विद्युत् वितरण भइसकेको र त्यहाँबाट छोप्राकसँग विद्युत् जोड्न तार र पोलहरू पु-याइसकेको भएतापनि वितरण **भने भइसकेको छैन ।**

चोरकाटे र मैदान यो गाउँका दुइओटा साना व्यापारिक केन्द्र हुन् । यस गाउँमा कुनै उद्योग छैनन् । ६ ओटा जति गैरसरकारी संस्था छन् । तर कुनै पनि खास सकिय छैनन् ।

खेतीयोग्य जमिन १३९० हेक्टर छ । भुसुण्डी , जरेबर, खहरे र पाम फाँट जस्ता फाँटहरू छन् । यस गाउँबाट थोरै मात्रामा तरकारी र मास अन्य गाउँहरूमा निर्यात हुन्छ र थोरै मात्रामा फलफूल खेती र गाई, भैंसी बाख्रापालन गरिएको छ । जरेबर र चोरकोटे टारमा राम्रो उखु खेती हुने भए तापनि उखुखेती क्रमश: घट्दै गएको छ ।

गाउँका लागि चाहिने मा.वि.तह, नि.मा.वि. तह र प्रा.वि. तहका सबै शिक्षक गाउँबाट नै पूरा भएका छन् । प्रा.वि.तहमा ३० जना जति र नि.मा.वि.तह तथा मा.वि.तहका १० जना जति अन्य गाउँहरूमा गई शिक्षक भएका छन् । एस्.एल्.सी. उत्तीर्ण गरेका भण्डै ७० जना जतिले खासै रोजगार पाएका छैनन् । यस गाउँका डाक्टर, इन्जिनियर कृषि विशेषज्ञ र उच्च अध्ययन गरेकाहरू अन्यत्र गई व्यवसाय तथा सञ्चालन गरी बसेका छन् । यस गाउँमा अ.हे.व. कृषि सहायक, ग्रामीण स्वास्थ्य कार्यकर्ता, सवओभरसियर जस्ता पेसाका मानिसहरू एक दर्जन जति भए तापनि जागिर खान अन्यत्र नै गएका छन्। तसर्थ विकासको दृष्टिले यो गाउँ त्यति माथि गएको भने देखिँदैन ।

२. केस अध्ययन गरी क्रियाकलाप (१) अनुसारको पत्तालगाइएका दक्ष जनशक्ति र भविष्यमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने के-कस्ता योजना बनाउन सकिन्छ सो योजना बनाई प्रस्तुत गर्न समूहमा लगाउनुहोस् ।

३० मिनेट

योजना बनाउँदा निम्न कुरा विचार गर्न लगाउनुहोस् ।

क) अल्पकालीन आवश्यकता केके छन् ?
ख) जनसङ्ख्या वृद्धिदर कस्तो छ यसको प्रभाव कस्तो पर्दछ ?
ग) दीर्घकालीन आवश्यकता केके हुन्छन् ?
घ) समान अवसर कसरी उपलब्ध गराउन सकिन्छ ?
ङ) महिला सहभागिता कसरी बृद्धि गर्ने ?
च) आवश्यक स्रोत कसरी जुटाउने ?
छ) स्थिरजनशक्तिको व्यवस्था कसरी गर्ने ?
ज) योजनाको अनुगमन कसरी गर्ने ?
झ) योजनाको मूल्याङ्कन कसरी गर्ने ?

३. गाउँ विकासका निम्ति दक्षजनशक्तिको आवश्यकता पत्ता लगाउनु र योजना बनाउनु जस्तै देश विकासका निम्ति चालिने प्रक्रिया हो भन्नेबारे हरेक समूहबाट एकएक जनालाई तीनतीन मिनेट बोल्न दिनुहोस् ।

२५ मिनेट

## ४. उपलब्धि :

निम्न प्रश्नहरूको उत्तर दिन भन्नुहोस् –

५ मिनेट

क) केस अध्ययन विधि सामाजिक विधि सामाजिक अध्यापनमा कतिको उपयोगी ठान्नुहुन्छ ?
ख) यस पाठको अध्यापन गर्दा अपनाउन सकिने अन्य तरिका केके हुन सक्छन् ?

# पाठ : मानव विकासको मापन

**एकाइ :हाम्रा विकासका पूर्वाधारहरू** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

क) प्रस्तुत नमुनाको आधारमा मानवविकास सूचक निर्धारण गर्न ।

ख) आफ्नो समूहको मानवविकास सूचक निकाली ग्राफमा प्रस्तुत गर्न ।

ग) अनुसन्धान कार्य गर्न ।

२. **शैक्षिक सामग्री :**

ग्राफ सिट, रूलर, साइनपेनहरू

२. **कियाकलाप :**

१. कुनै गाउँ वा देश अल्पविकसित तथा विकसित भए तलको तालिकामा उल्लिखित क्षेत्रमा देखिने अवस्था केके हुन्छन् तालिका भर्न लगाई मानवविकास सूचक निर्धारण गर्न लगाउनुहोस् । केही नमुना तलको तालिकामा प्रस्तुत छ ।

३० मिनेट

| क.सं. | क्षेत्र | अल्पविकसित हुँदाको अवस्था | विकसित हुँदाको अवस्था |
|---|---|---|---|
| १. | शिक्षा | क) साक्षरता प्रतिशत कम हुन्छ ।<br>ख) महिला साक्षरता प्रतिशतभन्दा पुरूष साक्षरता प्रतिशतबढि हुन्छ । | क) साक्षरता प्रतिशत बढी हुन्छ ।<br>ख) महिला साक्षरता प्रतिशत भन्दा पुरूष साक्षरता प्रतिशत बराबर हन्छ । |
| २. | स्वास्थ्य | क) औसत आयु कम हुन्छ ।<br>ख) मातृशिशु मृत्युदर बढी हुन्छ ।<br>ग) एक डाक्टर बराबर धेरै व्यक्ति पर्दछन् । | क) औसत आयु धेरै हुन्छ ।<br>ख) मातृशिशु मृत्युदर कम हुन्छ ।<br>ग) एक डाक्टर बराबर थोरै व्यक्ति पर्दछन् । |
| ३. | खानेपानी | स्वच्छ पिउने पानीको सुविधा कमले पाउँछन् । | स्वच्छ पिउने पानीको सुविधा धेरैले पाउँछन् । |
| ४. | जनसङ्ख्या वृद्धिदर | क) जन्मदर र मृत्युदर बढी हुन्छ ।<br>ख) जनसङ्ख्या दर बढी हुन्छ । | क) जन्मदर र मृत्युदर कम हुन्छ ।<br>ख) जनसङ्ख्यादर कम हुन्छ । |
| ५. | कूल गार्हस्थ्य उत्पादन | क) कुंल गार्हस्थ्य उत्पादन कम हुन्छ ।<br>ख) वितरणमा विषमता हुन्छ । | क) कुल गार्हस्थ्य उत्पादन बढी हुन्छ ।<br>ख) वितरण धेरै हदसम्म समान हुन्छ । |

| | | | |
|---|---|---|---|
| ६ | महिला सहभागिता | पुरूषको दाँजोमा सवै क्षेत्रमा महिला सहभागिता कम हुन्छ । | सबै क्षेत्रमा महिला र पुरूष सहभागिता समान हुन्छ । |

२ हरेक सहभागीका आ–आफ्ना घरको शिक्षा, स्वास्थ्य, खानेपानी, जनसङ्ख्यावृद्धिदर, कुल गार्हस्थ्य उत्पादन, महिला सहभागितासम्वन्धी तथ्याङ्क सङ्कलन गरी हरेक समूहको तथ्याङ्क ग्राफमा प्रस्तुत गर्न लगाउनुहोस् । सबै समूहको तथ्याङ्कका आधारमा मानवविकाससूचक निकाल्न लगाई प्रस्तुत गर्न भन्नुहोस् । त्यसकै आधारमा कुन समूह बढी विकसित पाउनुहुन्छ निकाल्न भन्नुहोस् ।

मानवविकाससूचक निकाल्दा महिला र पुरूषको छुटाछुटै साक्षरता प्रतिशत, महिला प्रतिशतलाई पुरूषप्रतिशतले भाग गरी लिङ्गसम्वन्धी सूचक, २० वर्षको जनसङ्ख्या वृद्धिदर, कुल गार्हस्थ्य उत्पादन आदि निकाल्न लगाउनुहोस् । *

३० मिनेट

३. सहभागीहरूलाई पाँच समूहमा बाँडी प्रत्येक समूहलाई महिला तथा पुरूष साक्षरता तथा महिला सहभागिता सर्भेक्षण फारम तथा प्रश्नावली तयार पार्न लगाउनुहोस् । सो प्रश्नावली तथा सर्भेक्षण फारमको आधारमा प्रत्येक समूहलाई सेडु नजिकका दस/दस घरको सर्वेक्षण गर्न लगाई साक्षरता स्थिति र विभिन्न पेसामा महिला सहभागिताको अवस्था पत्ता लगाउने प्रोजेक्ट कार्य दिनुहोस् ।

१५ मिनेट

४. विशिष्टीकरण तालिकाका आधारमा हरेक समूहलाई यस पाठसँग सम्बन्धित एक /एक प्रश्न बनाउन लगाउनुहोस् ।

१० मिनेट

## ४. उपलब्धि :

सहभागीहरूलाई निम्न प्रश्नको उत्तर दिन लगाउनुहोस् ।

५ मिनेट

क) यस सत्रमा केके कुरा सिक्नुभयो ?
ख) यस पाठलाई अझै प्रभावकारी तरिकाले सिकाउन केके गर्न सकिएला ?

* मानव विकास सूचक र लिङ्ग सम्बन्धी सूचकको थप जानकारीका लागी अन्तिमको परिशष्ट हेर्नुहुन ।

**पाठ : लघुशिक्षण**

**एकाइ : हाम्रा विकासका पूर्वाधारहरू** **सत्र : १**

**समय : १:३० घण्टा**

**पुनरावलोकन :**

यस एकाइअर्न्तगत विभिन्न सत्रमा निम्न कार्यहरू सम्पन्न भइसकेका छन् ।

क) विकासका पूर्वाधारहरूबारे मनोवाद तयार पार्ने, कार्यपत्र प्रस्तुत गर्ने, चार्ट तयार पार्ने, चित्रपट तयार पार्ने, अभिनय गर्ने र संवाद तयार गर्ने ।

ख) विकास क्षेत्रका समस्याबारे जानकारी लिने, प्रश्नावली तयार पार्ने र समाधानका उपायहरू सुझाउने ।

ग) केस अध्ययनबाट आवश्यक दक्ष जनशक्ति पत्तालगाउने र केस अध्ययन तयार पार्ने ।

घ) आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न योजना बनाउने ।

ङ) मानवविकाससूचक निर्धारण गर्न, मानवविकाससूचक निकाली ग्राफमा प्रस्तुत गर्ने र अनुसन्धानकार्य गर्ने ।

**१. उद्देश्य :**

यस सत्रका अन्तमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) माथि उल्लिखित सिकिसकेका विषयवस्तु र सीपमध्येबाट कुनै एक विषय छानी १५ मिनेटको पाठयोजना तयार पार्न ।

ख) तालिममा सिकेका सीप र तरिकाहरू अपनाएर नमुना सूक्ष्मशिक्षण गर्न ।

ग) कक्षाअवलोकन गरी पृष्ठपोषण दिन ।

**२. शैक्षिक सामग्री :**

कार्ड बोर्ड, टेप, कैंची ,रङ्गीन मार्कर ,

**३. कियाकलाप :**

क) सहभागीलाई चार समूहमा बाँडी माथि उल्लिखित विषयवस्तुमध्येबाट दोहोरो नपर्ने गरी विषयवस्तु छानेर १५ मिनेटको पाठयोजना तयार पार्न लगाउनुहोस् ।

१० मिनेट

ख) हरेक समूहबाट एकएक जनालाई सूक्ष्मशिक्षण गर्न लगाउनुहोस् ।

६० मिनेट

ग) सूक्ष्मशिक्षण कक्षाअवलोकन गर्न लगाई अवलोकन फारमको आधारमा पृष्ठपोषण दिन लगाउनुहोस् ।

१५ मिनेट

**४. उपलब्धि :**

विगतको सूक्ष्मशिक्षणभन्दा सत्रको सूक्ष्मशिक्षणमा केके भिन्नता आए र भिन्नता आएका पक्षहरू सकारात्मक वा नकारात्मक के छन् भनी सहभागीहरूको प्रतिकिया माग्नुहोस् ।

५ मिनेट

# पाठ : धार्मिक सहिष्णुता र श्रमप्रति आस्था

**एकाइ : हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता** — **सत्र : १**

**समय : १ :३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्

क) धार्मिक सहिष्णुतासम्बन्धी अभिनय गर्न ।

ख) नेपालमा प्राचीनकाल, मध्यकाल र आधुनिक कालमा धार्मिक सहिष्णुताको विकास कसरी हुँदै आएको छ उदाहरणसहित कथा बनाई प्रस्तुत गर्न ।

ग) आपनो समुदायमा श्रमिकहरूसँग अन्तवार्ता लिने नमुना प्रश्नावली बनाउन ।

घ) पाठसँग सम्बन्धित नमुना प्रश्नहरू तयार पारी प्रस्तुत गर्न ।

**२. शैक्षिक सामग्री :**

सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका प्रश्नावलीका नमुनाहरू, धार्मिक सहिष्णुतासम्बन्धी अभिनयको कार्यक्रम ।

**३. क्रियाकलाप :**

क) सहभागीहरूमध्ये केहीलाई आ–आपना धर्ममा गरिने धार्मिक क्रियाकलापबारे छोटो अभिनय गर्न लगाउनुहोस् ।

२५ मिनेट

ख) प्रत्येक सहभागीहरूलाई धार्मिक सहिष्णुताका सम्बन्धमा छोटो कथा बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) आपनो समुदायमा भएका विभिन्न वर्गका श्रमिकसँग अन्तरवार्ता लिनको लागि सहभागीहरूलाई चार/पाँच समूहमा विभाजन गरी प्रश्नावली बनाउन र प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

घ) विशिष्टीकरण तालिकाका आधारमा सहभागीहरूलाई प्रश्ननिर्माण गर्न लगाउनुहोस् ।

१० मिनेट

**४. उपलब्धि :**

सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा गरिएका कुनकुन क्रियाकलाप तपाईंलाई राम्रा लागे ?

ख) यस सत्रलाई अझै रमाइलो बनाउन के गर्नुपर्ला ?

## पाठ : नेतृत्व, शासनसत्ताको मर्यादा र राष्ट्रिय दिवसहरू

**एकाइ : हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता** **सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्नेछन् ।

क) हाम्रो शासनसत्ताको ढाँचाको तालिका बनाउन ।

ख) राष्ट्रिय दिवसको महत्त्वबारे प्रवचन कार्यक्रम बनाउन र कार्यक्रममा भाग लिन ।

ग) प्रवचनसँग सम्बन्धित समाचार बनाई प्रस्तुत गर्न ।

घ) समाचारका आधारमा विशिष्टीकरण तालिकाअनुसार प्रश्न तथा उत्तरकुञ्जिका बनाउन ।

**२. शैक्षिक सामाग्री :**

पाठयपुस्क, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, राष्ट्रिय दिवससँग सम्बन्धित चित्र समाचार र लेखका अंशहरू, प्रवचन कार्यक्रमको नमुना ।

**३. क्रियाकलाप :**

क) सहभागीहरूलाई शासनसत्ताको ढाँचा देखाउने तालिका बनाउन लगाउनुहोस् । बोर्डमा उक्त तालिका कोरी वा झुण्डयाई एक दुई जना सहभागीहरूलाई शासनसत्ताको दायित्व र यसको मर्यादाका सम्बन्धमा केही कुरा बोल्न लगाउनुहोस् ।

२० मिनेट

ख) सहभागीहरूलाई समूहमा विभाजन गरी एकएकओटा राष्ट्रिय दिवसका सन्दर्भमा आयोजना गर्न सकिने प्रवचन कार्यक्रम तयार पार्न लगाउनुहोस् र प्रत्येकमा १–२ जनालाई प्रवचन दिन लगाउनुहोस् ।

४० मिनेट

ग) सहभागीहरूलाई प्रवचन कार्यक्रमबारे राष्ट्रिय समाचार समिति (रा.स.स.) मा प्रेषित गर्नको लागि समाचार बनाई प्रस्तुत पार्न लगाउनुहोस् ।

१० मिनेट

घ) सहभागीहरूलाई उनीहरूले तयार पारेको समाचारको आधारमा विशिष्टीकरण तालिका बमोजिमका नमुना प्रश्नहरू र उत्तरकुञ्जिका तयार पार्न लगाउनुहोस् ।

१५ मिनेट

**४. उपलब्धि :**

सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रका कुनकुन क्रियाकलापहरू सजिलोसँग गर्न सकियो ?

ख) यस सत्रलाई अझ रमाइलो बनाउन केके गर्नुपर्ला ?

**पाठ : हाम्रा रीतिरिवाज, लोकगीत सङ्गीत, नृत्य र कला**

**एकाइ : हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता** **सत्र : १**

**समय : १ :३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) हाम्रा लोकगीत र नृत्यको अभ्यास गर्न ।

ख) स्थानीय तहमा पाइने हस्तकला, चित्रकला, वास्तुकला र मूर्तिकला हेरेर कविता वा सम्वाद बनाउन ।

ग) विशिष्टीकरण तालिकाअनुसार प्रश्न तथा उत्तरकुञ्जिका तयार गरी प्रस्तुत गर्न ।

**२. शैक्षिक सामग्री :**

पाठयपुस्तक , शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, विभिन्न रीतिरिवाज, भेषभुषा एवं तीर्थस्थलसम्बन्धी चित्रहरू, लोकगीत र आधुनिक गीतका नमुनाहरू, सम्वाद र कविताका नमुनाहरू ।

**३. कियाकलाप :**

क) सहभागीहरूलाई सामूहिक वा व्यक्तिगतरूपमा स्थानीय लोकगीत गाउन वा नृत्य गर्न लगाउनुहोस् ।

३५ मिनेट

ख) स्थानीय तहमा पाइने हस्तकला, चित्रकला र मूर्तिकला हेरेर त्यससम्बन्धी वर्णन झल्कने गरी सहभागीहरूलाई कविता वा सम्वाद बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३५ मिनेट

ग) पाठसँग सम्बन्धित प्रश्न तथा उत्तरकुञ्जिका बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा कुनकुन कियाकलाप सजिलोसँग गर्न सकियो र कुनकुन कियाकलाप गर्न कठिन भयो ?

ख) यस सत्रमा तयार पारिएका कविता र सम्वाद तपाईंलाई कस्तो लाग्यो ?

## पाठ : राष्ट्रिय व्यक्तित्वहरू र तिनीहरूको योगदान

**एकाइ : हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता**

**सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्

क) भानुभक्त, गणेशमान, पारिजात, मनमोहन र अरूणा लामा जस्ता राष्ट्रिय व्यक्तित्वहरूको जीवनी लेखी प्रस्तुत गर्न ।

ख) स्थानीय समुदायमा ख्यातिप्राप्त व्यक्तिहरूलाई राष्ट्रमा चिनाउनको लागि प्रचार सामग्री तयार गरी प्रस्तुत गर्न ।

ग) जीवनीसँग सम्बन्धित लेख र प्रचार सामग्रीबाट विशिष्टीकरण तालिकाबमोजिम नमुना प्रश्नहरू र उत्तरकुञ्जिका तयार पार्न ।

**२. शैक्षिक सामाग्री :**

पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, ख्यातिप्राप्त व्यक्तिका तस्विर र उनीहरूका जीवनका विविध पक्ष झल्कने गरी लेखिएका लेखका नमुनाहरू ।

**३.कियाकलाप :**

क) भानुभक्त, गणेशमान, पारिजात, मनमोहन, अरूणा लामा जस्ता व्यक्तिहरूले नेपाली समाजको सार्वजनिक जीवनमा पारेका प्रभावहरू स्पष्ट भई उल्लिखित व्यक्तिहरूको जीवनी झल्कने गरी छोटो समीक्षात्मक लेख लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुत गरिएका कुराहरूमा सहभागीबीच छलफल एवं अन्तरकिया गराउनुहोस् ।

३५ मिनेट

ख) सहभागीहरूका बीच दुई जनाको जोडी बनाई एक आपसमा तपाईंको समुदायमा २००७ सालको कान्ति वा २०४६ को जनआन्दोलनमा उल्लेखनीय योगदान पु-याएका अथवा नेपाली साहित्य, कला, शिक्षा वा समाजसेवाका क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरू छन् कि छैनन् सोध्न लगाउनुहोस् र तीमध्ये कुनै एकलाई राष्ट्रिय स्तरमा चिनाउनको लागि राष्ट्रिय स्तरको पत्रिकाको लागि अन्वेषणात्मक समाचार बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् । उक्त समाचार कसरी तयार पारियो सोबारे समेत छलफल गराउनुहोस् ।

३५ मिनेट

ग) यस सत्रमा छलफल गरिएका कुराहरूका आधारमा सहभागीहरूलाई नमुना प्रश्न र उत्तरकुञ्जिका बनाउन लगाउनुहोस् ।

१५ मिनेट

**४. उपलब्धि :**

सहभागिहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा कुनकुन कियाकलाप सम्पन्न गरियो ?

ख) स्थानीय तहका व्यक्तिबारे तयार पारिएका सामग्रीहरू तपाईंलाई कस्ता लाग्यो ?

ग) उल्लिखित स्थानीय व्यक्तिहरूलाई चिनाउने अरू कुनै प्रभावकारी तरिका छन् कि ?

**पाठ : लघुशिक्षण**

**एकाइ : हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता** **सत्र : १**

**समय : १ :३० घण्टा**

**पुनरावलोकन :**

यसभन्दा अगाडि तपाइँले के गर्नुभयो ?

क) धार्मिक सहिष्णुता र नेपालमा धार्मिक सहिष्णुताको विकाससम्बन्धी जानकारी लिई अभिनय गर्न कथा रचना गरी प्रस्तुत गर्न ।

ख) समुदायका श्रमिकसँगको अन्तरवार्ताका प्रश्नावली तयार पार्न शासनसत्ताको तालिका निर्माण, राष्ट्रिय दिवसमा प्रवचन तयार पार्न र भाग लिन तथा समाचार लेखन गर्न ।

ग) लोकगीत, नृत्यको अभ्यास, हस्तकला, चित्रकला, मूर्तिकलाबारे कविता संवाद लेख्न ।

घ) राष्ट्रिय व्यक्तित्वहरूको जीवनी, प्रचारसामग्री तयार गरी प्रस्तुत गर्न र नमुना प्रश्न तथा उत्तरकुञ्जिका तयार गर्न ।

**१. उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् ।

क) उल्लिखित विषयवस्तुमध्ये एक विषयवस्तु छनौट गरी छोटो पाठयोजना तयार गर्न ।

ख) तयार गरेको पाठयोजनाअनुसार कक्षाशिक्षण गर्न ।

ग) कक्षाशिक्षणको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन ।

**२.शैक्षिक सामग्री :**

कार्डबोर्ड, कैंची, रूलर, टेप, मार्कर ।

**३.कियाकलाप :**

क) सधैँझै समूहमा राखी कार्य गर्न लगाउनुहोस् ।

ख) पुनरावलोकनमा उल्लेख भएका कुराहरू विस्तारै पढी प्रशिक्षार्थीले राखेको प्रश्नहरूको क्रमशः जवाफ दिनुहोस् र स्पष्ट पार्नुहोस् ।

५ मिनेट

ग) यस एकाइअर्न्तगत एक विषयवस्तु छनौट गरी पाठयोजना तयार गर्न लगाउनुहोस् ।

२५ मिनेट

घ) तयार पारेको पाठयोजनालाई प्रस्तुतिका लागि समूहछलफल गराई सहमति गराउन लगाउनुहोस् ।

१५ मिनेट

ङ) १ जना सहभागीबाट लघुशिक्षण गराउनुहोस् । अन्यलाई मूल्याङ्कन गर्न लगाउनुहोस् ।

१५ मिनेट

च) मूल्याङ्कन गर्ने समूहलाई पालैसँग पृष्ठपोषण दिन लगाउनुहोस् ।

२५ मिनेट

**४. उपलब्धि :**

५ मिनेट

तलका प्रश्नको उत्तर लेखाउनुहोस् ।

क) माथि उल्लेख भएको एकाइलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्न सक्ने हुनुभएको छ ।

ख) पाठ योजना तयार गर्न र मूल्याङ्कन गर्न सक्षम हुनुभएको छ ।

## पाठ : मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघ र नेपाल

**एकाइ : नागरिक चेतना** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) संयुक्त राष्ट्र संघको सन्धि तथा अनुबन्धमा नेपालले मानव अधिकारप्रति देखाएको प्रतिवद्धताबाट नेपाली र बालबालिकाको जीवनस्तर सुधार्न भएको प्रयासबारे भाषण गर्न र समाचार लेख्न ।

ख) साँस्कृतिक गतिविधिमा भाग लिन पाउने अधिकार मानवको लागि आवश्यक अधिकार हो भनी संवाद तयार गर्न ।

ग) आपनो समुदायमा कुनै मानव अधिकार हनन् भएको घटना घट्यो भने आफूले देखेका र सुनेका आधारमा विवरण तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, मानवअधिकारको संरक्षण गर्ने गतिविधि झल्कने तस्विर, मानव अधिकार हनन् भएको चित्र आदि ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई नेपालले संयुक्त राष्ट्रसंघको सन्धि तथा अनुबन्धमा जाहेर गरेको प्रति बद्धताबाट नेपाली महिला र बालबालिकाको जीवनस्तर उकास्न के कसरी प्रयास गरेको छ भनी भाषण तयार गर्न लगाउनुहोस् र सहभागी महिलाहरूबाट कुनैकुनैलाई भाषण गर्न लगाउनुहोस् । त्यस भाषणसम्बन्धी समाचार पनि सहभागीहरूलाई तयार गर्न लगाउनुहोस् ।

५० मिनेट

ख) साँस्कृतिक गतिविधिमा भाग लिन पाउने अधिकार मानवको लागि अत्यावश्यक अधिकार हो भनी उल्लेख गर्न लगाई संवाद तयार गर्न लगाउनुहोस् ।

२०मिनेट

ग) आपनो समुदायमा घटेको कुनै मानवअधिकार उलङ्घनको घटनालाई लिएर घटना विवरण तयार गर्न लगाउनुहोस् ।

१५ मिनेट

४. **उपलब्धि :**

५ मिनेट

क) यस सत्रमा कुनकुन उद्देश्यहरू पूरा भए ?

ख) यस सत्रका उद्देश्यहरू अझै प्रभावकारी ढङ्गबाट पूरा गर्न केके गनुपर्ला ।

ग) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ।

## पाठ : संविधानको परिचय र विकास

**एकाइ : नागरिक चेतना** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) २०४७ सालको संविधान कुन परिस्थितिमा घोषणा भयो भनी अभिनय गरेर देखाउन ।

ख) संविधानका विशेषताहरू झल्कने गरी संवाद तयार गर्न ।

ग) पाठसम्बन्धी नमुनाप्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, नेपाल अधिराज्यको संविधान २०४७ जनआन्दोलन झल्कने तस्विर ।

३. **कियाकलाप :**

क) जनआन्दोलन झल्कने तस्विरहरू प्रदर्शन गर्नुहोस् र सहभागीहरूलाई कुन परिस्थितिमा कसरी २०४७ को संविधान घोषणा भयो भनी अभिनय गराउनुहोस् जसमा १ समूहलाई आन्दोलनकारीको भूमिका र अर्को समूहलाई राजनीतिक दलका नेताहरूको भूमिका निर्वाह गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) प्रशिक्षार्थीहरूलाई २०४७ सालको संविधानका विशेषताहरू झल्कने संवाद लेख्न लगाउनुहोस् र प्रत्येक समूहबाट उत्कृष्टमध्ये कुनै एकलाई छानी प्रस्तुत गराउनुहोस् ।

३०मिनेट

ग) पाठसम्बन्धी विशिष्टीकरण तालिकाको नमुनास्वरूप प्रत्येकलाई २x२ ओटा प्रश्नको नमुना बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२०मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

१० मिनेट

क) यस सत्रमा कुनकुन उद्देश्यहरू पूरा भए ?

ख) यस सत्रका उद्देश्य पूरा गर्न प्रभावकारी कियाकलापहरू के हुन सक्छन् ?

ग) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

**पाठ : नेपालको वर्तमान संविधानका २०४७ विशेषताहरू मौलिकहरू कर्तब्य**

**एकाइ : नागरिक चेतना** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) २०४७ सालको संविधानका विशेषताहरू झल्कने गरी वार्ता तयार गर्न ।

ख) संविधानका संशोधनीय र असंशोधनीय चरित्र छुट्याई चार्टमा प्रस्तुत गरी पुष्टि गर्न ।

ग) संविधानको धारा २ र धारा ४ मा उल्लेख गरिएका कुराहरूमा आफ्नो तर्क प्रस्तुत गर्न ।

घ) वर्तमान संविधान को भाग ३ मा उल्लेख गरेको मौलिक हक सूचिबद्ध रूपमा प्रस्तुत गर्न देशनिकाला विरूद्धको हक कत्तिको महत्वपूर्ण छ भनी आफ्नो तर्क प्रस्तुत गर्न ।

ङ) नागरिक कर्तव्य र नैतिक कर्तव्य वा कानुनी कर्तव्यबोध हुने कविता वा सम्वाद रचना गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक पुस्तक, शिक्षकनिर्देशिका, संविधानमा उल्लिखित कर्तव्यको चार्ट, कार्डवोर्ड र रङ्गीन कलम ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस र संविधानका विशेषताहरू झल्कने वार्ता तयार गराई प्रत्येक समूहबाट १×१ ओटा प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

ख) वर्तमान संविधान २०४७ का संशोधनीय चरित्रहरू र असंशोधनीय चरित्रहरू चार्टमा प्रस्तुत गर्न लगाउनुहोस् र यो हाम्रो संविधानको विशेषता हो भनी सहभागीहरूमध्ये कुनैकुनैलाई यसबारे पुष्टि गर्न लगाउने ।

१५ मिनेट

ग) संविधानको धारा २ र धारा ४ मा उल्लिखित कुराहरू टिप्न लगाउनुहोस् र त्यसमा आफ्नो सहमति छ वा छैन भनी प्रशिक्षार्थीहरूलाई प्रश्न गर्नुहोस् । यदि सहमति भए कारण प्रस्तुत गर्न लगाउनुहोस् र असहमति भए किन भनी प्रश्न गरी छलफल गराउनुहोस् ।

१५ मिनेट

घ) प्रशिक्षार्थीहरूलाई वर्तमान संविधानको भाग ३ मा उल्लिखित मौलिकहरूलाई सूचिबद्ध रूपमा टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस र सहभागीमध्ये कुनै ४ लाई देशनिकाला विरूद्धको हक, निवारक नजरबन्दको हक कतिको महत्वपूर्ण हक हो भनी वक्तव्य दिन लगाउनुहोस् ।

१५ मिनेट

ङ) नैतिक कर्तव्य , कानुनी कर्तव्य र नागरिक कर्तव्य झल्कने कविता वा संवाद लेख्न लगाउनुहोस् र उत्कृष्ट ४ ओटा छानी प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

## ४. उपलब्धि :

१५ मिनेट

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

क) यस सत्रका कुनकुन उद्देश्यहरू पूरा भए ?

ख) सत्रका उद्देश्यहरू पूरा गर्न प्रभावकारी कियाकलापहरू केके हुन सक्दछन् ।

ग) यस सत्रको सकारात्मक कुराहरू केके हुन् ?

**पाठ : नेपालमा सवैधानिक राजतन्त्रको व्यवस्था**

**एकाइ : नागरिक चेतना** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) नेपाल अधिराज्यको सविधान २०४७ को भाग ५ को धारा २७ देखि ३२ सम्मका धाराहरूमा उल्लिखित कुराहरूलाई चार्टमा प्रस्तुत गर्न ।

ख) धारा २७ देखि ३२ सम्म उल्लेख गरेको राजतन्त्रको गरिमालाई सम्वादका रूपमा प्रस्तुत गर्न ।

ग) श्री ५ महाराजाधिराजको सवारीसम्बन्धी समाचार लेख्न ।

घ) यस पाठबाट विद्यार्थीहरूमा ल्याउन खोजेको परिवर्तन पत्ता लगाई पाठ्यकमको उद्देश्य पुरा गर्न ।

२. **शैक्षिक सामग्री :**

कार्डबोर्ड, २०४७ को संविधान, पाठ्यकम, शाहबंशीय राजाहरूको तालिका र फोटो ।

३. **कियाकलाप :**

क) २०४७ सालको संविधानको भाग ५ को धारा २७ देखि ३२ सम्म उल्लेखित कुराहरू प्रशिक्षार्थीहरूलाई ठूलो कागजमा लेख्न लगाउने र ४ समूहमा विभाजित गरी ४ ओटा राम्रो राम्रो चार्टलाई प्रस्तुत गर्न लगाई भित्तामा टाँस्न लगाउनुहोस् ।

२५ मिनेट

ख) प्रशिक्षार्थीहरूलाई संवादमा २०४७ को संविधानको धारा २७ देखि ३२ सम्मको धाराले राजपत्रको गरिमा के कसरी उजागर गरेको छ लेख्न लगाउनुहोस् र राम्रो संवाद छानेर प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) प्रशिक्षार्थीहरूलाई श्री ५ महाराजाधिराजको सवारी तालिमकक्षामा भएमा मौसुफबाट सोधिबक्सन सक्ने प्रश्न र दिइने उत्तर लेखी राष्ट्रिय दैनिकका लागि समाचार तयार पार्न लगाउनुहोस् ।

१५ मिनेट

घ) प्रशिक्षार्थीहरूलाई पाठ्यकमबाट र यस पाठबाट ल्याउन खोजेको परिवर्तन पत्ता लगाउन र परिवर्तन के कसरी आउन सक्छ भनी छलफल गराउनुहोस् ।

१५ मिनेट

४. उपलब्धि :

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट माथि उल्लिखित उद्देश्य पूरा भएनभएको निम्नलिखित प्रश्न गरी जवाफ खोज्ने प्रयास गर्नुहोस् ।

१० मिनेट

क) यस सत्रका उद्देश्यहरू कुनकुन पूरा भए ?

ख) सत्रका उद्देश्यहरू पूरा गर्न प्रभावकारी कियाकलापहरू केके हुन सक्छ ?

ग) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

## पाठ : संवैधानिक अङ्गहरूको परिचय र गठन

**एकाइ : नागरिक चेतना** **सत्र : १**

**समय : १ :३० घण्टा**

### १. उद्देश्य :

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) संवैधानिक अङ्गहरूको गठनविधि तालिकामा प्रस्तुत गर्न ।

ख) संवैधानिक परिषद्को पदेन सदस्य भएर भाषण गर्न र संवाद तयार गर्न ।

ग) संवैधानिक अङ्गहरूले खेल्ने भूमिकाको अभिनय गर्न र कार्यविधि प्रस्तुत गर्न ।

घ) पाठसम्बन्धी नमुना प्रश्न बनाउन ।

### २. शैक्षिक सामग्री :

कक्षा १० को सामाजिक पुस्तक, शिक्षकनिर्देशिका, नेपाल अधिराज्यको संविधान २०४७, संवैधानिक अङ्गहरूको तालिका र कार्डबोर्ड, रङ्गीन कलम ।

### ३. कियाकलाप :

क) सहभागीहरलाई ४ समूहमा विभाजन गर्नुहोस् र सर्वधानिक अङ्गहरूको नाम, गठन विधिको तालिकानिर्माण गर्न लगाई सोको प्रस्तुत लगाउनुहोस् । प्रत्येक समूहबाट १X१ जनाबाट प्रस्तुत गर्न लगाउनहोस् ।

२० मिनेट

ख) प्रशिक्षार्थीहरूको रूचिअनुसार संवाद वा कथा वा कवितामा संवैधानिक परिषद्को पदेन सदस्यको भूमिका निर्वाह गरी भएर बोल्न वा कविता लेख्न लगाउनुहोस् ।

२० मिनेट

ग) विभाजित ४ समूहलाई उनीहरूका इच्छाअनुसार १X१ ओटा संवैधानिक अङ्गको भूमिका अभिनय गरेर देखाउन लगाउनुहोस् ।

२० मिनेट

घ) प्रशिक्षार्थीहरूलाई विशिष्टीकरण तालिकाको प्रश्नको नमुनाको आधारमा ४X४ ओटा प्रश्न बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

### ४. उपलब्धि :

यस सत्रको अन्त्यमा निम्नलिखित प्रश्नको जवाफहरू प्राप्त गर्नुहोस् ।

१५ मिनेट

क) यस सत्रका उद्देश्यहरू कुनकुन पूरा भए ?

ख) सत्रका उद्देश्यहरू पूरा गर्न प्रभावकारी कियाकलापहरू केके हुन सक्छ ?

ग) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

# पाठ : बहुदलीय व्यवस्थाको निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिका

**एकाइ : नागरिक चेतना** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न हुनेछन् ।

क) प्रतिनिधिसभा र राष्ट्रिय सभाको निर्वाचन प्रक्रिया अभिनयद्वारा प्रस्तुत गर्न ।

ख) मन्त्रिपरिषदको गठन, काम, कर्तव्य र अधिकारबारे चार्ट तयार गर्न ।

ग) निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिकाबारे सम्वाद तयार गर्न ।

घ) राष्ट्रिय निर्वाचन प्रक्रियाबारे समाचारपत्र तयार गर्न ।

ङ) विशिष्टीकरण तालिकाको नमुनाअनुसार प्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

नेपाल अधिराज्यको सविधान २०४७, मतपत्रको नमुना बनाइएको फ्लासकार्ड,निर्वाचनमा नागरिकले मतदान गरिरहेको चित्र, कक्षा १० को सामाजिक पुस्तक र शिक्षकनिर्देशिका ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई ४ समूहमा बाँडेर प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनको अभिनय गर्न लगाउने जसमा प्रतिनिधिसभाको सभामुख र राष्ट्रियसभाको अध्यक्षको भूमिका पनि देखाउन लगाउने ।

१५ मिनेट

ख) प्रधानमन्त्री पदमा नियक्ति हुने प्रकिया र मन्त्रिपरिषद गठन गरी काम कर्तव्य र अधिकार उल्लेख गरी चार्ट प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

ग) निर्वाचन प्रकियाबारे समाचार लेख्न सबै प्रशिक्षार्थीहरूलाई निर्देशन दिनुहोस् र सबैलाई पढेर सुनाउन लगाउनुहोस् ।

१५ मिनेट

घ) प्रशिक्षार्थीहरूलाई राष्ट्रिय निर्वाचनको महत्व झल्कने गरी निर्वाचनमा नागरिकले खेल्नु पर्ने भूमिकाबारे संवाद लेख्न लगाउनुहोस् ।

१५ मिनेट

ङ) विशिष्टीकरण तालिकाअनुसारको प्रश्न ३/३ ओटा बनाउन लगाउनुहोस् ।

१५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा निम्नलिखित प्रश्नको जवाफहरू प्राप्त गर्नुहोस् ।

१५ मिनेट

क) यस सत्रका उद्देश्यहरू कुनकुन पूरा भए ?

ख) सत्रका उद्देश्यहरू पुरा गर्न प्रभावकारी कियाकलापहरू केके हुन सक्छन् ?

ग) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

**पाठ : लघुशिक्षण**

**एकाइ: नागरिक चेतना** **सत्र : १**

**समय : १:३० घण्टा**

**पुनरावलोकन :**

क) मानव अधिकारसम्बन्धी भाषण, समाचार, संवाद, विवरण तयार गर्न ।
ख) संयुक्त राष्ट्र संघ र नेपालसम्बन्धी साँस्कृतिक गतिविधि, सम्बन्धी ।
ग) संविधानका विशेषता, परिचय र विकासबारे अभिनय, नमुनाप्रश्न निमार्ण गर्न ।
घ) मौलिक हक र कर्तव्यबारे तर्क दिन, गीत वा कविता रचना गर्न ।
ङ) संवैधानिक राजतन्त्रको गरिमा, संवैधानिक अङ्गहरूको परिचय र गठन कार्यविधि, बहुदलीय व्यवस्था र निर्वाचन ।

१. **उद्धेश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) माथि सिकेका विषयवस्तुहरूमध्ये एक पाठ्यवस्तुको पाठयोजना तयार गर्न ।
ख) कक्षाशिक्षण गर्न ।
ग) कक्षाशिक्षणको मूल्याङ्कन गरी पृष्ठपोषण दिन ।

२. **शैक्षिक सामग्री :**

निर्देशिका, कार्डवोर्ड, मार्कर, स्केल, मास्किङ्ग टेप ।

३. **कियाकलाप :**

क) पुनरावलोकनका बुँदाहरू आफैं वा सहभागीबाट पढ्न लगाई आवश्यकतानुसार पृष्ठ पोषण दिनुहोस् ।

२० मिनेट

ख) पुनरावलोकनका विषयवस्तुभित्रबाट सहभागीलाई लघुशिक्षणका लागि पाठयोजना तयार गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) कुनै एकजना सहभागीबाट (दोहोरो नपर्ने गरी ) लघुशिक्षण गर्न लगाउनुहोस् ।

१५ मिनेट

घ) लघुशिक्षणमा सहभागी नहुने समूहबाट प्रशिक्षार्थी निर्देशिकामा उल्लेख भएको मूल्याङ्कन फारमबाट मूल्याङ्कन गर्न लगाउनुहोस् र पृष्ठपोषण दिन लगाउनुहोस् ।

२५ मिनेट

३. **उपलब्धि :**

तलको प्रश्नको उत्तर दिनुहोस् ।

५ मिनेट

क) यस एकाइका राम्रा पक्ष केके थिए ?
ख) यस एकाइका सुधारात्मक पक्ष केके थिए ?

## पाठ : सामाजिक सेवासँग सम्बन्धित संघसंस्थाहरू

## एकाइ : सामाजिक समस्या र विकृति

सत्र : १

समय : १ :३० घण्टा

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) आफ्नो समुदायमा रहेका सामाजिक सेवासँग सम्बन्धित संघसंस्थाहरूको भूमिका, लक्ष्य र प्रगतिबारे तथ्याङ्क सङ्कलन गरी विश्लेषणात्मक रूपमा प्रस्तुत गर्न ।

ख) आफ्नो समुदायमा रहेका समस्याहरू (वातावरण प्रदुषण, फोहोरमैला व्यवस्थापन, स्वास्थ्यउपचार आदिको समाधानको लागि कार्य योजना (Action Plan ) बनाउन ।

ग) पाठसँग सम्बन्धित नमुना प्रश्नहरू तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, सामाजिक संघ संस्थाका लक्ष्य प्रगतिसम्बन्धी विवरण वा प्रतिवेदनका नमुनाहरू ।

३. **कियाकलाप :**

क) सहभागीहरूलाई व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो समुदायमा रहेका एवं सकिय सामाजिक सेवासँग सम्बन्धित संघसंस्थाहरूमध्ये कुनै एकबारे सहभागीहरुले थाहा पाएका कुराहरूका आधारमा ती संस्थाहरूले खेल्दै आइरहेको भूमिकाबारे विश्लेषण गर्न लगाउनुहोस् । विश्लेषण गरिएका कुराहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) सहभागीहरूलाई आफ्नो समुदायमा भएका वातावरण प्रदूषण, स्वास्थ्यसेवा वा फोहरमैलाको व्यवस्थापनमध्ये कुनै एक पक्षमा विशिष्टि समस्याहरू केके छन् बुदाँगत टिपोट लगाउनुहोस् र समूहकार्य गराई उक्त समस्याहरूको समाधानबारे कार्ययोजना (Action Plan ) बनाई प्रस्तुत गर्न लगाउनुहोस्

५० मिनेट

ग) सहभागीहरूलाई माथि कियाकलाप नं. (क) र (ख) मा छलफल भएका विषयवस्तुभित्रै बाट पर्ने गरी विशिष्टीकरण तालिका बमोजिमका नमुना प्रश्नहरू बनाउन लगाउनुहोस् ।

५ मिनेट

४. **उपलब्धि :**

सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रको कियाकलापमा कुनकुन सामाजिक सेवासँग सम्बन्धित संघसंस्थाका, गतिविधिहरूको विश्लेषण गरियो ?

ख) तपाईंलाई स्थानीयतह समस्या समाधानसम्बन्धी तयार पारिएको कार्ययोजना कस्तो लाग्यो ?

## पाठ : बालअधिकार र मानवअधिकार

**एकाइ : सामाजिक समस्या र विकृति** **सत्र : १**

**समय : १ :३० घण्टा**

### १. उद्देश्य :

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्

क) नेपालमा वाल मजदुरहरूको अवस्थाका बारेमा छोटो एकाङ्की अथवा सडक नाटक लेखी अभिनय गर्न,

ख) बाल अधिकार/मानवअधिकारसम्बन्धी अभिभावक र स्थानीय जनसमुदायमा चेतना जगाउने खालका छोटा कथा/कविता र गीतहरू लेखी प्रस्तुत गर्न,

ग) पाठसँग सम्बन्धित नमुना प्रश्नहरू र उत्तरकुञ्जिका तयार पार्न,

### २. शैक्षिक सामग्री :

विशिष्टीकरण तालिका, सं.रा. संघको बाल अधिकार/मानव अधिकारसम्बन्धी बडापत्र, वाल अधिकारसम्बन्धी ऐन २०४५, ILO का गतिविधिसम्बन्धी तस्विर समाचार पत्रका अंशहरू, एकाङ्की कथा र कविताका नमुनाहरू ।

### ३. उपलब्धि :

क) सहभागीहरूलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई नेपालमा बालबालिकाको स्थिति, (बालमजदुरको अवस्था ) बारे केही तथ्याङ्क र तस्विर, बाल अधिकार हनन्का उदाहरण , बालअधिकारको रक्षाको लागि सरकारी र गैह्रसरकारी तवरबाट भइरहेका प्रयाससम्बन्धी समाचारका अंशहरू प्रस्तुत गर्नुहोस् । सहभागीहरूलाई बालअधिकार, बालमजदुरको अवस्था झल्कने गरी छोटो एकाङ्की अथवा सडकनाटक तयार पार्न लगाई अभिनय गर्न लगाउनुहोस् ।

४५ मिनेट

ख) सहभागीहरूलाई बालअधिकार/मानवअधिकारसम्बन्धी जनचेतना जगाउने खालका छोटा कथा, गीत वा कविता लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) सहभागीहरूलाई यस सत्रमा छलफल गरिएका विषयवस्तुलाई समेट्ने गरी विशिष्टीकरण तालिकाका आधारमा नमुनाप्रश्न र सोको उत्तरकुञ्जिका समेत बनाउन लगाउनुहोस् ।

१५ मिनेट

### ४. उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) सहभागीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरियो ?

ख) प्रस्तुत सत्रलाई अझै प्रभावकारी बनाउने कुनै थप उपायहरू थिए कि ?

# पाठ : सामाजिक सेवासँग सम्बन्धित अन्तरराष्ट्रिय संस्थाहरूको योगदान एवं भूमिका

## एकाइ : सामाजिक समस्या र विकृति

सत्र : १

समय : १ :३० घण्टा

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्

क) सामाजिक सेवासँग सम्बन्धित प्रमुख अन्तरराष्ट्रिय संस्थाहरूको नाम, संस्थापक, स्थापना वर्ष, प्रधान कार्यालय, प्रमुख उद्देश्य र उपलब्धि झल्कने गरी तालिका निर्माण गर्न ।

ख) आपनो समुदायमा स्थापना गर्न सकिने सेवामूलक संस्थाहरूको परिचयात्मक पुस्तिका तयार पार्न ।

ग) सहभागीहरूद्वारा तयार पारिएको तालिका र परिचय पुस्तिकाका विषयबस्तु समेटिने गरी नमुना प्रश्नहरू तयार पार्न ।

२. **शैक्षिक सामाग्री :**

पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, विभिन्न संघसंस्थाका गतिविधिसम्बन्धी सामग्रीहरू र परिचय पुस्तिकाका नमुनाहरू ।

**कियाकलाप :**

क) सहभागीहरूलाई रेडकस, स्काउट, विश्व खाद्य कार्यकम (WFP) UNFPA, UNICEF जस्ता संस्थापकहरूको नाम स्थापनाको पृष्ठभूमी मुख्यमुख्य उद्देश्य र उपलब्धि झल्कने गरी तालिका बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) सहभागीहरूलाई परिचय, उद्देश्य, सदस्यता, नियमावली, लागत, गतिविधि समावेश गरी आफ्नो समुदायमा स्थापना गर्न सकिने सेवासंस्थाको पुस्तिका तयार गर्न लगाई सबै भन्दा राम्रो पुस्तिकालाई समूह प्रस्तुति गर्न लगाउनुहोस् ।

४५ मिनेट

ग) सहभागीहरूलाई यस सत्रमा छलफल गरिएका विषयवस्तु भित्रबाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरू निर्माण गर्न लगाउनुहोस् ।

१० मिनेट

४. **उपलब्धि :**

सहभागीहरूलाई यस सत्रमा कुनकुन संस्थाको बारेमा छलफल गरियो भनी सोध्नुहोस् र परिचयात्मक पुस्तिकाको प्रस्तुति कस्तो लाग्यो एक दुई वाक्यमा लेख्न लगाउनुहोस् ।

५ मिनेट

## पाठ : अन्धाअपाङ्ग र उनीहरूको नवजीवन

## एकाइ : सामाजिक समस्या र विकृति

**सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्नेछन् ।

क) आपनो समुदायमा भएका अन्धा अपाङ्गहरूको वास्तविक स्थिति उल्लेख गरी उनीहरूलाई पु-याउन सकिने सहयोगबारे नेपाल अन्धा अपाङ्ग संघलाई दिनुपर्ने लिखित राय सुझाव तयार पार्न,

ख) अन्धा अपाङ्गप्रति आपनो समुदायका मानिसले कस्तो दृष्टिकोण राख्छन् भन्नेबारे अन्तरवार्ता लिन,

ग) विषयवस्तुसंग सम्बन्धित नमुना प्रश्नहरू तयार पार्न ।

२. **शैक्षिक सामग्री :**

सामाजिक शिक्षा, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, अन्धा अपाङ्गको स्थिति झल्कने लेखहरू, अन्तरवार्ताका लागि नमुना प्रश्नहरू ।

३. **कियाकलाप :**

क) सहभागीहरूलाई उनीहरूका आ–आफ्ना समुदायमा अन्धाअपाङ्गहरू के कति छन् ? उनीहरू कसरी त्यस्ता भए ? उनीहरूलाई कसरी नवजीवन प्रदान गर्न सकिन्छ ? उनीहरूले समाजबाट केकस्ता अपेक्षा राखेका छन् ? उनीहरूको वास्तविक स्थिति र उनीहरूलाई विद्यालय, समुदाय र अन्य संस्थाले कसरी र कुनकुन क्षेत्रबाट सहयोग गर्न सकिन्छ भन्नेबारे महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालयलाई दिनुपर्ने लिखित राय सुझाव तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) सहभागीहरूलाई आ–आफ्ना समुदायका मानिसहरूले अन्धाअपाङ्गहरू प्रति कस्तो दृष्टिकोण राख्छन् भन्नेबारे अन्तरवार्ता लिन नमुना प्रश्नावली बनाउन लगाउनुहोस् र एक दुई व्यक्तिसँग अन्तरवार्ता लिन समेत लगाउनुहोस् ।

४५ मिनेट

ग) यस सत्रमा छलफल गरिएका विषयवस्तुको आधारमा विशिष्टीकरण तालिकाबमोजिम प्रश्नहरू तयार पार्न लगाउनुहोस् ।

१० मिनेट

४. **उपलब्धि :**

सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा कुनकुन कियाकलापहरू गरिए ?

ख) प्रस्तुत सत्रका सकारात्मक र सुधार गर्नुपर्ने पक्षहरू केके थिए ?

**पाठ : हाम्रा केही जटिल सामाजिक समस्याहरू**

**एकाइ : सामाजिक समस्या र विकृति** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्

क) चेलीबेटी बेचविखन र एच्.आइ.भी. एड्स जस्ता समस्याहरूका कारण, असर र निराकरणका उपायसँग सम्बन्धित एकाङ्की र सडकनाटक तयार पारी अभिनय गर्न ,

ख) लागू पदार्थको दुर्व्यसनबाट पर्ने असर र निराकरणका उपायबारे कथा बनाई प्रस्तुत गर्न,

ग) भुटानी शरणार्थी समस्यासमाधानबारे शरणार्थीसम्बन्धी उच्चआयोगलाई लिखित सुझाव दिन ,

घ) विषयवस्तुसँग सम्बन्धित प्रश्न र उत्तरकुन्जिका तयार पार्न ।

२. **शैक्षिक सामाग्री :**

पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, एकाङ्की, सडकनाटक र कथाका नमुनाहरू ।

३. **कियाकलाप :**

क) सहभागीहरूलाई उनीहरूका इच्छा र रूचिलाई समेत ख्याल गरी चार समूहमा विभाजन गरि तल दिइएका कियाकलाप गराउनुहोस् ।

७० मिनेट

- समूह एक – तपाईंले थाहा पाएका कुराहरूका आधारमा अथवा पत्रपत्रिकामा पढनु भए अनुसार नेपालमा चेलीबेटी बेचबिखन बढी मात्रामा हुने जिल्ला वा क्षेत्रको छनोट गर्नुहोस् र त्यहाँको यथास्थितिलाई समेट्ने गरी समाधान देखाउने एउटा छोटो एकाङ्की तयार पारी अभिनय गर्नु लगाउनुहोस् ।
- समूह दुई – एच्.आइ.भी. एड्स रोग सर्ने तरिका, यस रोगका लक्षण र रोग नियन्त्रणका उपायहरू समेत समावेस गरी उक दिने गोष्ठीको लगी एक कार्य पत्र तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।
- समूह तीन – लागू पदार्थको दुर्व्यसनबाट व्यक्ति, परिवार र समाजलाई पर्ने असर एवं यस्ता पदार्थको सेवन र ब्यापारलाई नियन्त्रण गर्ने उपायसमेतका सन्दर्भमा पत्रिकाको लागि लेख तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।
- समूह चार – भुटानी शरणार्थी समस्याले नेपालको आर्थिक/सामाजिक/राजनैतिक क्षेत्रमा पारेको असरबारे छोटो चर्चा गर्दै भुटानी शरणार्थी समस्या कसरी समाधान गर्न सकिन्छ भन्ने बारे राय सुझाव तयार पारी प्रस्तुत गर्नुहोस् ।

ख) छलफल गरिएका विषयवस्तुबाट विशिष्टीकरण तालिकाबमोजिम प्रश्न र उत्तरकुन्जिका निर्माण गर्न लगाउनुहोस् ।

१५ मिनेट

## ४. उपलब्धि :

सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको उत्तर प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा सहभागीहरूद्धारा कुनकुन क्रियाकलाप गरियो ?

ख) यस सत्रलाई अझै प्रभावकारी बनाउन के गर्नुपर्ला ?

**पाठ : सामाजिक समस्या निराकरणमा राष्ट्रिय र अन्तरराष्ट्रिय संस्थाहरूको भूमिका**

**एकाइ : सामाजिक समस्या र विकृति** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) सामाजिक समस्या निराकरणका लागि स्थापना भएका राष्ट्रिय एवं अन्तरराष्ट्रिय संस्थाहरूका प्रमुख उद्देश्य र गतिविधिहरूलाई चार्टमा प्रस्तुत गर्न,

ख) SOS, लागू पदार्थ दुर्व्यसन निवारण आयोग जस्ता संस्थाहरूले नेपालको विकासमा पु-याएको योगदानबारे सम्वाद तयार पारी सम्वाद गर्न ,

ग) विषयवस्तुसँग सम्बन्धित नमुना प्रश्न र उत्तरकुञ्जिका तयार पार्न,

२. **शैक्षिक सामाग्री :**

पाठयपुस्क, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, संघसंस्थाका गतिविधिसँग सम्बन्धित तस्विर एवं समाचार पत्रका अंशहरू ।

३. **कियाकलाप :**

क) सहभागीहरूलाई सामाजिक समस्या निराकरण लागि स्थापना भई कियाशील भएका राष्ट्रिय र अन्तरराष्ट्रिय संस्थाहरूको प्रमुख उद्देश्य र कार्यहरू स्पष्ट हुनेगरी चार्ट बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**३५ मिनेट**

ख) सहभागीहरूलाई SOS, लागूपदार्थ दुर्व्यसन निवारण आयोग, अन्धा कल्याण राष्ट्रिय संघ, बहिरा कल्याण समाज, AATWIN, संयुक्त राष्ट्रसंघीय शरणार्थी आयोगजस्ता संस्थामध्ये कुनै एकले नेपालको विकासमा पु-याएको योगदान/ आफ्नो समाजमा गर्दै आएका गतिविधिबारे एक संवाद तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**३५ मिनेट**

ग) सहभागीहरूले चार्ट र संवादमा छलफल गरेका विषयवस्तुबाट नमुना प्रश्न र उत्तरकुञ्जिका तयार पार्न लगाउनुहोस् ।

**१५ मिनेट**

४. **उपलब्धि :**

सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

**५ मिनेट**

क) यस सत्रमा कुनकुन कियाकलाप गरिए ?

ख) प्रस्तुत सत्रलाई अझै प्रभावकारी बनाउन के गर्नुपर्ला ?

## पाठ : लघुशिक्षण

**एकाइ :सामाजिक समस्या र विकृति** **सत्र : १**

**समय : १ :३० घण्टा**

**पुनरावलोकन :**

यसभन्दा अगाडि तपाइँले के गर्नुभयो ?

क) समुदायका रहेका सामाजिक सेवा, संघसंस्थाहरूको भूमिका, लक्ष्य र प्रगतिबारे तथ्याङ्क सङ्कलन, विश्लेषण, सामाजिक समस्या र समाधानका लागि योजनानिमार्ण गर्न ।

ख) बालअधिकार, बाल मजदुरबारे सामाजिक चेतना, एकाङ्की, सडकनाटक लेखन, अभिनय, कथा, कविता, गीतहरू लेखी प्रस्तुत गर्न ।

ग) अन्तरराष्ट्रिय सामाजिक संस्थाहरूका उद्देश्य, उपलब्धि, आफ्ना समुदाय या स्थापना गर्न सक्ने सेवामूलक संस्थाको परिचय पुस्तिका तयार, नमुना प्रश्न निर्माण गर्न ।

घ) अन्धा अपाङ्गहरू, चेलीबेटी बेचविखन ,लागूपदार्थको दुर्व्यसन , भुटानी शरणार्थीहरूको वास्तविक स्थिति र पु-याउन सकिने सहयोगबारे रायसुझाव लेखन, अन्तवार्ता लेखन, कथा, एकाङ्की सडकनाटक लेख्न र अभिनय गर्न ।

**१. उद्देश्य :**

यस सत्रको अन्तमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् ।

क) माथि विषयवस्तुमध्येबाट एक विषयवस्तु छनौट गरी लघुशिक्षणका लागि पाठयोजना तयार गर्न ।

ख) पाठयोजनाअनुसार कक्षाशिक्षण गर्न ।

ग) कक्षाशिक्षणको मूल्याङ्कन गरी थप सुधारात्मक प्रतिकिया दिन ।

**२. शैक्षिक सामग्री :**

कार्डबोर्ड, टेप, कैंची ,रङ्गीन मार्कर ,

**३. कियाकलाप :**

क) समूहमा राखी काम लगाउनुहोस् ।

ख) यसभन्दा अगाडि एकाइमा केके गर्नुभयो पुनरावलोकनका बुँदाहरू पढेर स्पष्ट पार्नुहोस् ।
५ मिनेट

ग) माथिका विषयवस्तुमध्ये १ विषयवस्तु छनौट गरी लघुशिक्षणका लागि एउटा पाठयोजना तयार पार्न लगाउनुहोस् ।

२५ मिनेट

घ) तयार गरेको पाठयोजनालाई प्रस्तुतिका लागि छलफल गराई तयारी हुन निर्देशन दिनुहोस्।

१५ मिनेट

ङ) समूहबाट एकजनालाई तोकी लघुशिक्षण गर्न लगाउनुहोस् र अन्य समूहलाई प्रशिक्षार्थी निर्देशिकामा भएको फारमबाट मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् ।

१५ मिनेट

च) मूल्याङ्कन गर्ने प्रत्येक समूहबाट लघुशिक्षणमा देखिएका राम्रा र सुधार गर्नुपर्ने पक्षबारे प्रस्तुत गर्न लगाउनुहोस् र समूह छलफल गराई निष्कर्षमा पुग्नुहोस् ।

२५ मिनेट

४. **उपलब्धि :**

तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

५ मिनेट

क) यो सत्रमा तपाईलाई सबैभन्दा सजिलो लागेको पक्ष केके हुन् ?

ख) तपाईंलाई लागेको गाह्रा पक्षहरू केके हुन् ?

## पाठ : भौतिक र मानवभूगोल

**एकाइ :भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) स्थानीय वातावरण र मानिसहरूका क्रियाकलाप बीचको अन्तरसम्बन्धको आधारमा भूगोलको परिभाषा दिन ।

ख) भूगोलका मुख्य भागहरू उदाहरणसहित छुट्याउन ।

ग) कुनै वस्तुको १०/१० मिनेटको छायाँको लम्बाइ नापी ग्राफमा खिच्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, प्राकृतिक र राजनैतिक नक्सा एटलस, भौतिक र मानव भूगोल अन्तरगत पर्ने भौगोलिक शीर्षकहरू लेखिएका कागजका टुकाहरू, जङ्गल, सहर, नदी, ताल,आदिका नक्सा आदि ।

३. **कियाकलाप :**

क) प्रत्येक सहभागीहरूलाई पाठयपुस्तकमा दिएका विषयवस्तुका आधारमा र आपनो स्थानीय वातावरण र मानिसहरूका कियाकलाप बीचको अन्तरसम्बन्धका आधारमा भूगोलको परिभाषा दिन लगाउनुहोस् । उनीहरूले लेखेको परिभाषा कालोपाटीमा पनि लेखी छलफल गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

भूगोलको संभावित परिभाषा यस्तो आउन सक्छ ।

| |
|---|
| भूगोल पृथ्वीमा बस्ने सपूर्ण मानिसहरू र ग्रह बीच आपसी सम्बन्धका विषयमा अध्ययन गर्ने बिषय हो । |

ख) सहभागीका वरपरका वातावरणमा भएका कुनै १० ओटा वस्तुहरूका नाम तालिकामा भर्न लगाई भौतिक र मानवभूगोलका विषयवस्तुहरू छुट्याएर लेख्न र प्रस्तुत गर्न लगाउनुहोस्।

२० मिनेट

ग) प्रशिक्षार्थी बसेको ठाउँको प्राकृतिक र मानवनिर्मित कुराहरू पत्तालगाउनुअघि उनीहरूले जान्नुपर्ने कुराहरू केके हुन सक्छन् । अनुसन्धानका लागि ३ ओटा बुँदाहरूमा आधारित भएर ती कुराहरू लेख्न लगाउनुहोस ।

१५ मिनेट

घ) तपाइँको समुदाय अन्तर्गत कुनै वस्तुको छायाको लम्बाइको घटबढ अवलोकन गर्न लगाई १०/१० मिनेटको सेन्टिमिटरमा लेखी सो लम्बाइ परिवर्तन हुनाका कारणहरू छलफल गराउन एउटा ग्राफमा भर्न लगाई प्रयोगात्मक कार्य गराउनुहोस् ।

३५ मिनेट

## ४. उपलब्धि :

५ मिनेट

क) यस पाठको प्रशिक्षणपछि सहभागीहरूमा कुनकुन सीप विकास भयो तालिकामा भर्न लगाउनुहोस् ।

ख) माथिका कियाकलापहरूमध्ये सबैभन्दा सजिलो र अप्ठचारो छुट्याउन लगाई सोको कारण दिन लगाउनुहोस् ।

## पाठ : मौसम र विषम किसिमको मौसम

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रमा प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) आफूले देखेको र अनुभव गरेको एक दिनको वायुमण्डलीय अवस्थाको अवलोकन गरी मौसमको अर्थ बताउन ।

ख) विषम मौसमले आपनो गाउँघरमा पारेको असरबाट बच्ने उपायहरूको खोजी गर्न ।

ग) मौसम र विषम किसिमको मौसम पाठमा आधारित विशिष्टीकरण तालिकाअनुसार नमुनाप्रश्न तयार पार्न ।

घ) आफ्नो जिल्लाको जलवायुबारे जानकारी दिन कुनै पर्यटकका लागि एउटा सानो पुस्तिका निर्माण गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, मौसमी यन्त्रहरू, ग्राफ,चार्ट बाढी,पहिरो, सुख्खा आदिका तस्विरहरू, कार्डबोर्ड आदि ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई आज विहानदेखि सत्र सुरुहुने समयसम्म आफूले अनुभव गरेका र देखेका वायुमण्डलीय अवस्थाबारे प्रशिक्षार्थी पुस्तिकाको तालिकामा भर्न लगाउनुहोस् र मौसमको अर्थ लेख्न लगाउनुहोस् ।

१५ मिनेट

> मौसमको अर्थबारे निम्नानुसारको उत्तर दिन सक्नेछन् ।
> कुनै ठाउँको छिनछिनमा परिवर्तन भइरहने वायुमण्डलीय अवस्थालाई मौसम भनिन्छ ।

ख) पाठयपुस्तकको पेज नं. ९९ मा दिइएका २ ओटा हावापानीका चार्टहरूमा काठमाण्डौ र सिङ्गापुरमा चिन्न लगाई उक्त दुई ठाउँका तापक्रम र वर्षाको विवरण तालिकामा भर्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाई मौसमको अर्थ लेख्न लगाउनुहोस् ।

१० मनेट

ग) प्रशिक्षार्थीहरूलाई प्राकृतिक सन्तुलन र असन्तुलनबारे प्रश्नोत्तर गरी प्राकृतिक असन्तुलन हुँदा मौसमले गाउँघरमा पारेको असरबारे छोटो संवाद तयार पार्न लगाई समूहमा प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

घ) आफ्नो वातावरणमा विषम मौसमको परिस्थिति नल्याउन प्रशिक्षार्थीले गर्नुपर्ने मुख्य चार ओटा कार्यहरूको टिपोट गर्न लगाउनुहोस् ।

१५ मिनेट

ङ) सहभागीको समुदाय एवं जिल्लाभ्रमण गर्न कुनै एक पर्यटक त्यहाँ आउँदैछन् तर उनलाई त्यहाँको जलवायुकाबारेमा थाहा छैन । उनलाई सोबारे जानकारी दिनका लागि निम्न लिखित बुँदाहरूमा एउटा सानो लेखोट तयार गर्न लगाउनुहोस् ।

१५ मिनेट

–धरातलको उचाइ कस्तो छ ?
–सबभन्दा गर्मी र जाडो कुन महिनामा हुन्छ ?
–कुन महिनामा बढी वर्षा हुन्छ ?

च) सहभागीलाई विशिष्टीकरण तालिकामा आधारित ३ ओटा नमुना प्रश्न तथा उत्तरकुञ्जिका तयार पार्न लगाउनुहोस् ।

१० मिनेट

**४.उपलब्धि :**

क) मौसम र विषम किसिमको मौसम पाठ प्रशिक्षणपछि सहभागीलाई कुनकुन प्रयोगात्मक काम गर्न सक्षम भए प्रश्न गर्नुहोस् ।

५ मिनेट

ख) माथिको विषयवस्तुको अझ प्रभावकारी शिक्षण गर्न थप अन्य कियाकलापहरूको आवश्यकता भए ती कस्ता र कुनकुन हुन् सहभागीलाई भन्न लगाउनुहोस् ।

५ मिनेट

## पाठ : ताप मण्डल र तापक्रम

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) विश्वको रिक्त नक्साका विभिन्न तापमण्डल पत्ता लगाउन ।

ख) प्रत्येक तापमण्डलमा पर्ने दुईदुई ओटा देशहरूको नाम भन्न ।

ग) तापक्रममा प्रभाव पार्ने तत्वहरूको उदाहरणसहित उल्लेख गर्न ।

घ) तापमापकयन्त्रका प्रयोग गर्ने र कुनै पनि ठाउँको तापक्रम पत्ता लगाउन ।

**२. शैक्षिक सामाग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, विश्वको नक्सा, टर्चलाइट, विभिन्न प्रकारका थर्ममिटर, ग्लोव, तापक्रमलाई प्रभाव पार्ने तत्वहरूको सूची आदि ।

**३. क्रियाकलाप :**

क) प्रशिक्षार्थी निर्देशिकामा रहेको मानचित्रमा पाठयपुस्तकको पेज नं.८० को विषयवस्तुका आधारमा तापमण्डल भर्न लगाउनुहोस् । आवश्यक परेमा निर्देशन पनि दिनुहोस् ।

२० मिनेट

ख) क्रियाकलाप नं. क मा भरिएका तापमण्डलमा पर्ने दुईदुईओटा विकसित र विकासोन्मुख देशहरूको नाम लेख्न लगाउनुहोस् ।

१५मिनेट

ग) पृथ्वीको सबै ठाउँमा वायुको तापक्रम एकनास नहुने कारणहरू केके हुन् र तापक्रमलाई केकेले प्रभाव पार्दछ ? सहभागीहरूलाई खोजी गर्न लगाउनुहोस् ।

१० मिनेट

**नमुना उत्तर**

**पृथ्वी गोलाकार भएकाले सूर्यको प्रकाश समान रूपले पर्दैन र तापक्रम घटबढ हन्छ । तापक्रमलाई जमिनको उचाइ, समुद्रको निकटता, जमिनको स्वरूप, माटो, वनस्पति आदिले प्रभाव पार्दछ ।**

घ) प्रशिक्षार्थीहरूले कुनकुन तापमापक यन्त्र देखेका छन् प्रश्न गर्नुहोस् । भनेका कुरा कालोपाटीमा टिप्दै जानुहोस् र सेल्सियस, फारेन्हाइड र तापमापक यन्त्रका न्युमरमध्ये समूहविभाजन गरेर ती नामहरूमध्ये एउटा यन्त्रको चित्र कोर्न लगाउनुहोस् पारो, एकाइआदि बारे पनि बताइदिनुहोस् ।

२० मिनेट

ङ) सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एकएकओटा तापमापक यन्त्र दिनुहोस् र तापक्रम मापन गर्ने तरिका बताई दिनुहोस् । तापको आधारमा पारो सरेर अन्त्यमा स्थिर भएर अडिएको अङ्क टिप्न लगाउनुहोस् ।

१५ मिनेट

**४. उपलब्धि :**

यस पाठ प्रशिक्षणपछि सहभागीमा कुनकुन नयाँ सीप विकास भयो ? लेख्न लगाउनुहोस् ।

१० मिनेट

# पाठ : हावाको चाप तथा चापपेटी एवं वर्षा
## एकाइ : भौगोलिक अध्ययन

सत्र : १

समय : १ :३० घण्टा

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) हावाको चामको प्रयोग गर्न ।

ख) चापपेटीको चित्र बनाउन र चापपेटी भर्न ।

ग) वर्षाको परिभाषा दिई यसका प्रकारको सूची बनाउन ।

घ) वर्षामापनयन्त्र निर्माण गरी वर्षामापन गर्ने तरिकाको प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, विश्वको नक्सा, ग्लोव चापपेटीको चित्र, रेनगज, व्यारोमिटर, वर्षाको चार्ट, कैची, सेतोकागज, मैनबत्ती आदि ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थी निर्देशिकामा रहेका २ ओटा पहाड र मैदानको चित्रमा हावाको चाप उचाइ, तापकम, हावापानी घटी र बढी हुने कारण लेख्न लगाउनुहोस् ।

१० मिनेट


ख) प्रत्येक समूहलाई सेतो कागज, कैँची र मैनबत्ती दिनुहोस् । एक ताउ सेतो कागज समूहमा गोलो पारेर काट्न लगाई लामो टुकालाई पेन्सिलको टुप्पामा राखी बलेको मैन छेऊ लैजाँदा किन टाढाटाढा जान्छ । प्रयोगात्मक कामको अनुगमन गर्नुहोस् र कारण समेत लेख्नुहोस् ।

२५ मिनेट

ग) निर्देशिकामा रहेको मानचित्रमा ७ ओटा चापपेटी अक्षांशको आधारमा भर्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाई आवश्यक निर्देशन दिँदै जानुहोस् ।

१५ मिनेट

अक्षांशका आधारमा चापपेटीको नमुना



घ) वर्षाका प्रकारका चित्रहरू अवलोकन गर्न लगाई संवाहनिक, पर्वतीय र चकवर्ती वर्षा छुट्याउन लगाउनुहोस र सहभागीको क्षेत्रमा कुन प्रकारको वर्षा बढी हुन्छ प्रश्न गर्नुहोस्।

१० मिनेट

| | |
|---|---|
| नमुना उत्तर | |
| चित्र | १– संवाहनिक वर्षा |
| | २–पर्वतीय वर्षा |
| | ३– चकवर्ती वर्षा |

ङ) रेनगज नभएमा स्थानीय सामग्री प्रयोग गरेर पनि वर्षामापन गर्न सक्ने हुँदा सोली, सिलिन्डर बोतल र पानी सङ्कलन गरी रेनगजमा वर्षा नाप्ने तरिकाबारे बताई प्रयोग गर्न लगाउनुहोस् ।

२० मिनेट

४. उपलब्धि :

क) यस पाठको प्रशिक्षणपछि सहभागीमा कुनकुन नौला सीप र धारणाको निकास भयो प्रश्न गरी टिपोट गर्न लगाउनुहोस् ।

५ मिनेट

ख) माथिका कियाकलापहरू विद्यालयमा कत्तिको अपनाउन सक्छि सोको प्रभावकारिताबारे टिपोट गरी स्वमूल्याङ्कन गर्न लगाउनुहोस् ।

५ मिनेट

## पाठ : वायु (आवधिक र अनिश्चित वायु )

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) स्थायी वायु वहने दिशा र वायुका किसिमहरू चित्रमा देखाउन ।

ख) आवधिक वायुका प्रकारको चित्र बनाई परिचय दिन ।

ग) अनिश्चित वायुका विशेषताहरूको सूची बनाउन ।

घ) हुरी बतासबाट बच्ने उपायहरूको खोजी गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, विश्वको नक्सा, ग्लोव, वायुको वर्गीकरण चार्ट मनसुनी वायु वहेको विश्वको नक्सा, चकवात र उल्टो चकवातको चित्र आदि ।


३. **कियाकलाप :**

क) प्रशिक्षार्थी निर्देशिकामा दिइएको रिक्त मानचित्रमा स्थायी वायु वहने दिशा र वायुका किसिम (वाणिज्य, पश्चिमी र ध्रुवीय ) देखाउन लगाउनुहोस् ।

१५ मिनेट

**नमुना उत्तर**

**स्थायी वायु वहने दिशा र वायुका किसिम**



ख) आवधिक वायुका किसिमहरू दिइएका चित्रहरू कुनकुन हुन् नामकरण गर्न लगाउनुहोस् ।

१५ मिनेट

नमुना उत्तर

चित्र नं. १ रात्रि स्थलीय वायु
२ दिवा समुद्री वायु
३ रात्रि पर्वतीय वायु
४ दिवा वेंसी वायु

ग) सहभागीहरूलाई नेपालमा अधिकांश वर्षा ग्रीष्मकालीन मनसुनबाट हुने कारणहरू पत्ता लगाउन लगाउनुहोस् ।

१० मिनेट

घ) सहभागीहरूलाई आकस्मिक वायुबाट स्थानीय रूपमा धनजनको क्षति पु-याएको स्थान र क्षतिको विवरण दिन लगाउनुहोस ।

१५ मिनेट

ङ) हुरीबतासबाट बच्न र बचाउनका लागि प्रशिक्षार्थीलाई आफ्नो क्षेत्रका मानिसहरूलाई के के सल्लाह दिनुहुन्छ भनी प्रश्नोत्तर गरी तल दिइएका समयमा केके गर्न गराउन लगाउन आवश्यक छ ३/३ ओटा सल्लाह तयार पारी बताउन लगाउनुहोस् ।

२५ मिनेट

- हुरीबतास आउनुअघि
- हुरीबतास आउँदा
- हुरीबतास आइसकेपछि

## ४. उपलब्धि :

यस पाठको प्रशिक्षणका सम्बन्धमा प्रशिक्षकले अपनाएका कियाकलापहरू सहभागीलाई कति उपयोगी भए ? अरू केके कियाकलाप सान्दर्भिक होला ? प्रशिक्षार्थीहरूबाट निष्कर्ष दिन लगाउनुहोस् ।

१० मिनेट

**पाठ : नेपालको भूगोल कृषि उत्पादन (हिमाल, पहाड र तराई) एवम् पशुपालन**

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) नेपालको कृषि उत्पादनका वाधा व्यवधानहरू हटाई जीवननिर्वाहमुखि खेतीलाई व्यवसाय मुखी बनाउने उपायहरूको खोजी गर्न ।

ख) हिमाली, पहाडी र तराई क्षेत्रको कृषि उत्पादनको पहिचान गरी सो क्षेत्रका समस्याहरू समाधान गर्ने तरिकाहरूको योजना बनाउन ।

ग) नेपालको रिक्त नक्सामा विभिन्न खाद्य तथा नगदे बालीहरू उत्पादन हुने क्षेत्र भर्न ।

घ) नेपालको वर्तमान पशुपालनको अवस्थाबारे छोटो संवाद लेख्न ।

ङ) आफ्नो गा.वि.स. भित्रका पशुबस्तुहरूको तथ्याङ्कको आधारमा स्तम्भचित्र बनाउन ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तंक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, नेपालको नक्सा, बढी कृषि उत्पादन र कम उत्पादन हुने क्षेत्र देखाइएको नेपालको नक्सा, खर्क र गौचरनका चित्र, चिज फेक्ट्रीको चित्र आदि ।

३. **कियाकलाप :**

क) हाम्रो देशमा कृषि उत्पादन न्यून हुनाका कारणहरू केके हुनसक्छन् प्रशिक्षार्थीहरलाई प्रश्न गरी तालिकामा टिपोट गर्न लगाउनुहोस् ।

१० मिनेट

निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक खेती गर्न अपनाउने उपायहरू केके हुन् लेख्न लगाउनुहोस् ।

ख) सहभागीका क्षेत्रमा बढी कृषि उत्पादन वृद्धि गर्न के बाधा रहेका छन् ?सोको समाधानका लागि एक दीर्घकालीन योजना बनाउन लगाउनुहोस् ।

१५ मिनेट

तराई, पहाड र हिमाली क्षेत्रका कृषिका समस्याहरू टिपोट गर्न लगाउनुहोस् ।

ग) सहभागीहरूलाई नेपालको रिक्त नक्सा दिनुहोस् र त्यसमा ३/३ ओटा खाद्य तथा नगदे बाली क्षेत्र भर्न लगाउनुहोस् ।

१५ मिनेट

घ) नेपालको वर्तमान पशुपालनको अवस्थाबारे अजय र सुष्मा बीचको छोटो सम्वाद लेख्न लगाउनुहोस् ।

१५ मिनेट

ङ) प्रशिक्षार्थीको गाउँ/सहरमा एक दुग्ध कारखाना सञ्चालन गर्नुपरेमा कुनकुन स्थानबाट दूध सङ्कलन गर्न सकिन्छ, तालिकामा भर्न लगाउनुहोस् ।

१० मिनेट

च) कुनै काल्पनिक पशुबस्तुको तथ्याङ्क राखेर एउटा स्तम्भचित्र निर्माण गर्न लगाउनुहोस् । तथ्याङ्क र कपीको साइजअनुसार उपयुक्त स्केल राख्न लगाउनुहोस् ।

२० मिनेट

**४. उपलब्धि :**

५ मिनेट

क) माथिका कियाकलापहरूबाट सहभागीमा कुनकुन सीप विकास भएको महसुस भयो प्रश्नगरी टिपोट गर्न लगाउनुहोस् ।

ख) प्रस्तुत क्रियाकलापमध्ये सहभागीलाई गाह्रो लागेको कियाकलाप टिपोट गर्न लगाई अप्ठ्यारो लागेको कारण उल्लेख गर्न लगाउनुहोस् ।

## पाठ : विश्वको भूगोल(एसिया महादेश र त्यहाको प्राकृतिक स्रोत र साधन )

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

### १. उद्देश्य :

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) विभिन्न मानव जातिमा देखिने समानता तथा विभिन्नताको पहिचान गरी आपसी सद्भाव बढाउने काममा अभिप्रेरित हुन ।

ख) एसियाको रिक्त नक्सामा विभिन्न प्रदेशहरू देखाउन ।

ग) एसिया महादेशमा पाइने प्राकृतिक साधन र स्रोतहरूको विवरण दिन ।

### २. शैक्षिक सामग्री :

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका,विशिष्टीकरण तालिका, विश्वको नक्सा, प्राकृतिक स्रोत र साधन देखाइएको एसियाको नक्सा, विभिन्न जनजातिका फोटाहरू आदि ।

### ३. कियाकलाप :

क) प्रशिक्षार्थीहरूलाई आफ्नो स्थानीय क्षेत्रमा मानिसहरूको भाषा, परम्परा, जीवनशैली आदि बारे भन्न लगाउनुहोस् र सोसँग विश्वका मानव जातिको विभिन्न पक्षमा समानता र विभेदबारे सामूहिक छलफल गर्न लगाई विश्वभरिका मानवमा भाइचाराको भावना अभिप्रेरित गर्न प्रेरणा दिनुहोस् ।

तालिकामा विश्वका प्रमुख मानवका जातिहरूको सूचि बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

नमुना उत्तर
–गोरा जाति (ककेसियन )
–पहेँला जाति ( मङ्गोलियन )
–काला जाति ( निग्रो )

ख) सहभागीहरूलाई ५ समूहमा विभाजन गराउनुहोस् र प्रत्येक प्रशिक्षार्थी निर्देशिकामा उल्लेखित ५ ओटा प्रदेशहरू भर्न लगाई प्रदर्शन गर्न लगाउनुहोस् । भरिएका प्रदेशमध्ये सहभागीहरू बसेको प्रदेशमको नाम लेख्न लगाउनुहोस् ।

३० मिनेट

ग) सहभागीहरू बसेको जिल्लामा भएका प्राकृतिक साधन र स्रोतहरूको विवरण दिन लगाउनुहोस् र एसिया महादेशमा पाइने धातु, अधातु र इन्धन खनिज पदार्थहरू तालिकामा भर्न लगाउनुहोस् ।

२० मिनेट

घ) सहभागीहरूलाई महादेशको तीनओटा क्षेत्रमा पाइने जङ्गल साधनहरूको विवरण दिन लगाउनुहोस् ।

१५ मिनेट

४. **उपलब्धि :**

माथिको विषयवस्तु शिक्षण गर्न विद्यालयमा सहभागीहरूद्वारा कुनकुन विधि लगाई शिक्षण गर्ने गरिएको छ, सोध्नुहोस् र अरू विधिहरू प्रयोग गर्ने कारण पनि उल्लेख गर्न लगाउनुहोस् ।

१० मिनेट

## पाठ : युरोप र अष्ट्रेलिया महाद्वीप

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) युरोप महाद्वीपमा पाइने समशीतोष्ण हावापानीका कारण सजिलै अनुकूल वातावरणमा उत्पादित हुने अन्न बाली र पशुपालनको प्रभावकारिताको विश्लेषण गर्न ।

ख) युरोपको रेखाङ्कित नक्सामा मुख्य पर्वत श्रेणी र प्रायद्वीपहरू देखाउन ।

ग) अस्ट्रेलिया महादेशको जातिगत विविधता तथा मानिसहरूको आर्थिक स्तरबारे बताउन ।

घ) अस्ट्रेलिया महादेशमा भेडापालन लोकप्रिय व्यवसाय हुनाका भौगोलिक कारणहरू दिन ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, युरोप र अस्ट्रेलिया महादेशको नक्सा, युरोपको रेखाङ्कित नक्सा, ग्लोव आदि ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई पाठ्यपुस्तकको पेज नं. ११२ को चित्र नं. ६.३१ हेर्न लगाई तालिकामा उत्तरी युरोप, पश्चिमी युरोप, पूर्वी युरोप र दक्षिणी युरोपमा पाइने हावापानीको प्रकार लेख्न लगाउनुहोस् ।

युरोपमा पाइने समशीतोष्ण प्रकारको हावापानीले अनुकूलता प्रदान गरी अन्नबाली र पशुपालन उन्नत हुनाका भौगोलिक कारणहरू दिन लगाउनुहोस् ।

२० मिनेट

ख) सहभागीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई एकएकओटा युरोपको रेखाङ्कित नक्सा दिनुहोस् र त्यसमा प्रमुख पर्वतहरू एवं प्रायद्वीपहरू देखाउन लगाउनुहोस् र आवश्यक निर्देशन पनि दिनुहोस् ।

२० मिनेट

ग) अस्ट्रेलिया महादेशमा जातिगत विविधता हुनाका कारक तत्वहरूबारे छलफल गराई बुँदा टिपोट गर्न लगाउनुहोस् र केही तत्वहरू कालोपाटीमा टिप्दै जानुहोस् ।

सो महादेशका उपकुली क्षेत्रका मानिसहरूको आर्थिक स्तर अनुकूल हुनाका कारणहरू केके होला प्रश्न गर्नुहोस् र सामूहिक निष्कर्ष दिन लगाउनुहोस् ।

२५ मिनेट

घ) अस्ट्रेलिया महादेशको हावापानी, माटो वनस्पति, कृषि उत्पादन कस्तो छ ? छलफल गराई पशुपालनमध्ये भेडापालन लोकप्रिय किन भएको होला भौगोलिक कारण दिन लगाउनुहोस् ।

१५ मिनेट

४. **उपलब्धि :**

सहभागीहरूलाई निम्न प्रश्नहरू राख्नुहोस् ।

माथिका कियाकलापहरूमध्ये प्रशिक्षार्थीलाई सजिलो र गाह्रो कुनकुन लाग्यो ?

१० मिनेट

## पाठ : नक्साकार्य (दुरी नक्साको माध्यमबाट सूचनाको प्रवाह एवं नेपालको नक्सा )

**एकाइ : भौगोलिक अध्ययय** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) आफू बसेको कोठाको नक्सा कोरेर त्यहाँ भएका मुख्यमुख्य सामानहरू नक्साको माध्यमबाट देखाउन ।

ख) नक्सा कोर्दा स्केलको सही प्रयोग गर्न ।

ग) नक्साका सङ्केत रङहरूको सही प्रयोग गरी भौगोलिक तथ्यहरू भर्न ।

घ) नेपालको रिक्त नक्सामा विभिन्न भौगोलिक तथ्यहरू भर्न ।

**२.शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठ्यपुस्तक शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, ग्लोव, विभिन्न प्रकारका नक्साहरू, चार्ट एटलास, भौगोलिक सङ्केतहरू, रङहरू, नेपालको नक्सा, रेखाङ्कित नेपालको नक्सा आदि ।

**३. कियाकलाप :**

क) सहभागीहरूलाई सामाजिक शास्त्र विषय अध्ययन गर्दा नक्साको कस्तो महत्त्व हुन्छ प्रश्न राखी छलफलको निष्कर्ष टिपोट गर्न लगाउनुहोस् ।

५ मिनेट

| नमुना उत्तर |
|---|
| सामाजिक शास्त्रअन्तर्गत भूगोल विद्यामा नक्साको ज्यादै महत्त्व छ । करिब ९०% भूगोलको विषयबस्तु नक्साबाटै सिकिन्छ । नक्सैनक्साको सङ्कलन गरेको पुस्तकलाई एटलास भनिन्छ । |

ख) प्रशिक्षार्थीहरूलाई तालिम लिइरहेको कोठाको नक्सा कोर्न लगाई कालोपाटी,मेच, टेबुल, ढोका, झ्याल आदि सामानहरू पनि नक्सामा देखाउन लगाउनुहोस् ।

१५ मिनेट

ग) सहभागीहरूलाई ५/७ ओटा नक्साहरू दिनुहोस् र तिमध्ये कथनात्मक मापन, प्रतिनिधि भिन्न मापन र रेखाचित्रीय मापन स्केल राखिएका नक्साहरू छुट्याउन लगाउनुहोस् र तालिकामा भर्न लगाउनुहोस् ।

१० मिनेट

घ) नक्सामा दूरी पत्ता लगाउदा बास्तविक नापलाई किन सेन्टिमिटरमा परिणत गर्नुपर्ला सहभागीलाई प्रश्न राखी तर्क दिन लगाउनुहोस् ।

१० मिनेट

ङ) प्रशिक्षार्थीहरूलाई नक्साका सही सङ्केत र रङको प्रयोगका लागि तालिकाको सङ्केत र रङको दिइएको विवरणमा सङ्केत र रङको नाम भर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण पनि दिँदै जानुहोस् ।

१५ मिनेट

च) सहभागीहरूलाई चार समूहमा बाँडनुहोस् र १/१ ओटा नेपालको रेखाङ्कित नक्सा दिनुहोस् र नक्सामा सही सङ्केत प्रयोग गरी प्रशिक्षार्थी निर्देशिकामा दिइएका भौगोलिक तथ्यहरू भर्न लगाउनुहोस् । सबै समूहले गरेको प्रयोगात्मक कार्य अवलोकन गर्नुहोस् आवश्यक परेमा अनुगमन गरी निर्देशन पनि दिनुहोस् ।

२५ मिनेट

## ४. उपलब्धि :

सहभागीहरूलाई जानकारीमूलक नक्सा ( Thematic Maps ) मा के कस्ता कुराहरू समावेश गरिएका हुन्छन् भनी प्रश्न राख्नुहोस् र समूहको निष्कर्ष दिन लगाउनुहोस् ।

१० मिनेट

## पाठ : हावापानी र प्राकृतिक वनस्पतिका प्रदेश

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय :१:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) आफ्नो स्थानीय क्षेत्रमा पाइने हावापानी र वनस्पति बीचको अन्तरसम्बन्ध बताउन ।

ख) हावापानीमा प्रभाव पार्ने तत्वहरूको सूची बनाई कुनै एउटा तत्वको चित्र बनाउन ।

ग) विभिन्न क्षेत्रमा पाइने हावापानी र प्राकृतिक वनस्पति बीच फरक देखाउन ।

घ) "हावापानी र प्राकृतिक वनस्पतिका प्रदेश" पाठमा आधारित भई विशिष्टीकरण तालिकाअनुसार नमुना प्रश्न बनाउन ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, विश्वको नक्सा, एटलस, प्राकृतिक वनस्पतिका प्रकार देखाइएका चार्टहरू, विरूवाका नमुना आदि ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई आफ्नो गाउँघरमा पाइने वनस्पतिहरू अन्य गर्मी, मध्यम तथा ठण्डा हावापानी भएको ठाउँमा पाइन्छ वा पाइँदैन तालिकामा भरी कारण दिन लगाउनुहोस् ।

१५ मिनेट

ख) मौसम र हावापानीमा भएको फरकको विवरण तयार पार्न लगाउनुहोस् र तालिकामा लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१० मिनेट

नमुना उत्तर

मौसम – छिनछिनमा अदलबदल भइरहने वायुमण्डलको छोटो अवस्थाले यस्तो सानो क्षेत्र लिन्छ ।

हावापानी – मौसमको औषत अवस्थाले यो लामो अवधिको ठूलो क्षेत्र ओगटछ ।

ग) हावापानीमा प्रभाव पार्ने तत्वहरूको सूची बनाउन लगाई कुनै एकको उदाहरणसहित चित्र कोर्न लगाउनुहोस् ।

२० मिनेट

नमुना उत्तर – हावापानीमा प्रभाव पार्ने तत्वहरू

भूमध्येरेखादेखि दूरता, सामुद्रिक दूरता, उचाइ, ढाल आदि ।

घ) प्रशिक्षार्थीहरूका क्षेत्रमा पाइने हावापानी र प्राकृतिक वनस्पतिलाई अन्य क्षेत्रसँग तुलना गरी फरक वा समान हुनाका कारणहरूको टिपोट गर्न लगाउनुहोस् ।

१५ मिनेट

ङ) “हावापानी र प्राकृतिक वनस्पतिका प्रदेश” विषयवस्तुमा आधारित विशिष्टीकरण तालिका अनुसारका ३ ओटा नमुना प्रश्नहरू बनाउन लगाउनुहोस् ।

१५ मिनेट

**४. उपलब्धि :**

प्रशिक्षार्थीहरूलाई उनीहरूले आफ्नो विद्यालयदेखि यो तालिम क्षेत्रसम्म आउँदा के कस्ता किसिमका वनस्पति देखे भनी प्रश्न गरी उनीहरूले देखेका वनस्पति र स्थान तालिकामा भर्न लगानुहोस् ।

१५ मिनेट

**पाठ : उष्णप्रदेश र त्यहाँको जनजीवन**

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) उष्णप्रदेशमा पाइने चार प्रकारका हावापानीको पहिचान गरी उष्ण मौसमी प्रकारको हावापानीको विशेषताबारे बताउन ।

ख) आपनो र अन्य क्षेत्रमा बस्ने मानिसहरूको जनजीवनको तुलना गर्न ।

ग) उष्णप्रदेशमा बसोबास गर्ने मानिसहरूको कियाकलाप हावापानीको क्षेत्रपिच्छे फरक पर्नाका कारणहरुको सूची बनाउन ।

घ) उष्णप्रदेशमा र त्यहाँको जनजीवनसम्बन्धी विषयवस्तुमा आधारित भई विशिष्टीकरण तालिका अनुसार ३ ओटा नमुना प्रश्न बनाउन ।

**२. शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, ग्लोब, विश्वको नक्सा,हावापानीका प्रदेशहरू देखाइएको नक्सा, तस्वीरहरू आदि ।

**३. कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई हाम्रो देशमा पाइने हावापानीको प्रकार कुन हो भनी प्रश्न गर्नुहोस् र उष्णमौसमी प्रकारको हावापानीको नाम बताएपछि उष्णप्रदेशमा पाइने चार प्रकारका हावापानीमध्ये ५–३०° उत्तर दक्षिणको महादेशको पूर्वी भागमा पाइने मौसमी हावापानीको विशेषता तालिकामा भर्न लगाउनुहोस् ।

२० मिनेट

ख) सहभागीको समुदायका मानिसहरूको जनजीवन कस्तो छ विवरण दिन लगाउनुहोस र प्रशिक्षार्थी निर्देशिकाका शीर्षकहरूमा उल्लेख गर्न लगाउनुहोस् ।
उक्त विवरणको तुलना गर्दै अन्य क्षेत्रमा बस्ने मानिसहरूको जीवनचर्या बताउन लगाउनुहोस् ।

३० मिनेट

ग) प्रत्येक क्षेत्रको हावापानीअनुसार त्यहाँको जनजीवन फरक पर्नाका कारणहरूको सूची बनाउन लगाउनुहोस् ।

१५ मिनेट

घ) सहभागीहरूलाई विशिष्टीकरण तालिका हेर्न लगाउनुहोस् र उष्णप्रदेश र त्यहाँको जनजीवन विषयवस्तुसँग सम्बन्धित चारओटा नमुना प्रश्नहरू निर्माण गर्न लगाउनुहोस् ।

१५ मिनेट

**४. उपलब्धि :**

यस पाठको प्रशिक्षणपछि सहभागीहरूमा कुनकुन नयाँ सीपहरूको विकास भयो ?

१० मिनेट

## पाठ : अर्धोष्ण र जाडो प्रदेशीय जनजीवन

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) आफ्नो क्षेत्रको वातावरणसँग अर्धोष्ण प्रदेशको वातावरणको तुलना गर्न ।

ख) अर्धोष्ण प्रदेशमा खेतीपाती, ब्यापार तथा मानिसहरूको बसोबास उपयुक्त हुनाका कारणहरू उल्लेख गर्न ।

ग) विश्वको नक्सामा जाडो प्रदेश देखाई त्यहाको जनजीवन कठोर हुनाका कारणहरूको विवरण दिन ।

घ) अर्धोष्ण र जाडो प्रदेशीय जनजीवन पाठ शिक्षण गर्नका लागि आवश्यक शिक्षणविधिको छनोट गर्न ।

**२. शैक्षिक सामाग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, ग्लोव, हावापानी र प्राकृतिक वनस्पतिका प्रदेशका नक्सा, विश्वको नक्सा आदि ।

**३. कियाकलाप :**

क) सहभागीहरूका जिल्लाको वातावरणको अनुभवका आधारमा अर्धोष्ण क्षेत्रमध्ये भूमध्य सागरीय एवं समशीतोष्ण सामुद्रिक हावापानी क्षेत्रको वातावरणसँग तुलना गर्न लगाउनुहोस् ।

१५ मिनेट

उक्त क्षेत्रको वातावरण अनुकूल हुनाका कारण केके होलान् ?टिपोट गर्न लगाउनुहोस् ।

५ मिनेट

ख) अर्धोष्ण प्रदेशका मानिस उद्यमी र विकसित भई आर्थिक कियाकलाप अनुकूल हुनाका कारणहरू केके छन् प्रश्न राखी तालिकामा भर्न लगाउनुहोस् ।

१५ मिनेट

| नमुना उत्तर |
|---|
| हिउँद न्यानो र वर्षा हुनु, कुहिएको घाँस झारपातले माटो उब्जाउ हुनु, अन्न, तरकारी र पशुपालन व्यवसाय गर्न मानिसको जीवनशैली आधुनिक हुनु । |

ग) कुनै ठाउँको ताकम $0^\circ C$ भन्दा कम भयो भने त्यहाँको वातावरणको अनुभव कस्तो होला ? सहभागीहरूबाट विवरण दिन लगाउनुहोस् ।

१० मिनेट

घ) सहभागीहरूलाई विश्वको नक्सामा जाडो प्रदेश देखाउन लगाई त्यहाँको जनजीवन अन्दाज गरी तापकम, जीवजन्तु, मानिस बस्ने ठाउँ, खानेचिज, जात र कलकारखाना कस्तो हुन्छ तालिकामा भर्न लगाउनुहोस् ।

२५ मिनेट

ङ) सहभागीहरूलाई माथिका विषयवस्तु विद्यालयमा गएर शिक्षण गर्न कस्ता शिक्षण विधिहरू प्रयोग गर्नुहुन्छ भनी प्रश्न सोधी शिक्षणविधि र प्रयोग गर्ने कारण उल्लेख गर्न लगाउनुहोस् ।

१० मिनेट

## ४. उपलब्धि :

माथिका कियाकलापमध्ये सहभागीलाई अप्ठयारो लागेको कियाकलाप कुन हो ? अप्ठयारो लाग्नाको कारण लेख्न लगाउनुहोस् ।

१० मिनेट

**पाठ : नक्सा कार्य**

**एकाइ : भौगोलिक अध्ययन**

**सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) नक्साको महत्त्व बताई एटलासको प्रयोग गर्न ।

ख) नेपालको नक्सा कोरी भौगोलिक तथ्यहरू भर्न ।

ग) आफनो घरदेखि विद्यालय सम्मको दुरीलाई स्केलको आधारमा नक्सा कोरी बाटामा पर्ने मुख्य स्थानहरू देखाउन ।

घ) नक्सा विषयवस्तु शिक्षण गर्न आवश्यक शैक्षिक सामग्रीको पहिचान गरी निर्माण गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, टेप, डोरी, रूलर, कार्वन, ट्रेसिङ पेपर, एटलास रङहरू, भौगोलिक सङ्केतहरूको सूची, नेपालको प्राकृतिक र राजनैतिक नक्सा, आदि ।

३. **क्रियाकलाप :**

क) सामाजिक शिक्षाअन्तर्गत भूगोल विद्यामा नक्साको कस्तो महत्त्व हुन्छ ? प्रशिक्षार्थीको अनुभव लगाउनुहोस् र एटलास प्रयोग गर्ने तरिकाको विवरण दिन लगाउनुहोस् ।

१५ मिनेट

ख) सहभागीहरूको नेपालको नक्सा बनाउने तरिकाको सूची बनाउन लगाउनुहोस् र पाठयपुस्तकको पेज नं. ९६ मा नेपालको नक्सा कोर्न उपयुक्त विधि दिइएको छ हेर्न लगाई पृष्ठ भरिने गरी साफा नेपालको नक्सा कोर्न लगाउनुहोस् र नेपालका प्रमुख नदी, तालहरू भर्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक परे निर्देशन पनि दिदै जानुहोस् ।

३५ मिनेट

ग) प्रशिक्षार्थीको घरदेखि विद्यालयसम्मको दूरीलाई स्केलको प्रयोग गरी नक्सा बनाउन लगाई बाटोमा पर्ने प्रमुख ठाउँहरू पनि देखाउन लगाउनुहोस् ।

१५ मिनेट

घ) सहभागीले विद्यालयमा नक्सा पाठशिक्षण गर्न के कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने गरेका छन् भनी प्रश्न सोधी सामग्री प्राप्त गर्ने स्थान तालिकामा उल्लेख गर्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

४. **उपलब्धि :**

बिद्यालयमा विज्ञान प्रयोगशाला जस्तै सामाजिक शिक्षाप्रयोगशालाको आवश्यकता प्रशिक्षार्थीहरूले महसुस गर्नु भएको छ, छैन ? टिपोट गर्न लगाउनुहोस् ।

१० मिनेट

# पाठ : नेपालको हावापानी र वनस्पति

## एकाइ : भौगोलिक अध्ययन

**सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) हावापानी र प्राकृतिक वनस्पति बीचको अन्तरसम्वन्धको विवरण दिन ।

ख) नेपालको हावापानी र वनस्पतिको वर्तमान अवस्थाको सामूहिक छलफल गरी प्रस्तुतीकरण गर्न ।

ग) नेपालको हावापानी र वनस्पति विषयवस्तु शिक्षणपश्चात विद्यार्थी मूल्याङ्कनका उपायहरू निर्क्योल गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका, नेपालको हावापानी र वनस्पति उल्लिखित नक्सा आदि ।

३. **कियाकलाप :**

प्रशिक्षार्थीहरूलाई निम्नानुसारको कियाकलापमा सरिक गराउनुहोस् ।

क) नेपालको हावापानीको विशेषता कस्तो छ ? प्रशिक्षार्थी निर्देशिकाको तालिकामा उल्लेख गर्न लगाउनुहोस् ।

१० मिनेट

उल्लिखित विशेषताका आधारमा हावापानी र वनस्पति बीच कस्तो सम्बन्ध रहेको हुन्छ ? लेख्न लगाउनुहोस् ।

१० मिनेट

नमुना उत्तर
ग्रीष्म – जमिन ताती चापकम, समुद्रमा चाप बढी
वर्षा – समुद्री वाफीलो वायु जमिन तिर बढी हिमालय पहाडमा ठक्कर खाई वर्षा
हिउँद – ठण्डा हुने
वायु – जमिनबाट समुद्रतर्फ वायु बहने हुदाँ वर्षा कम हुने
उचाइ – उचाइ बढ्दै जादाँ तापकममा घट्दै जाने

ख) सहभागीलाई चार समूहमा बाँडनुहोस् र नेपालको हावापानी र वनस्पतिको वर्तमान अवस्थाको छलफल गर्न लगाउनुहोस् र तालिकामा दिएअनुसारका हिमाल पहाड र तराई क्षेत्रका हावापानी र वनस्पतिको विवरण दिन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

ग) हिमाली र तराई क्षेत्रका मानिसहरूको जीवनशैलीमा ठूलो अन्तर हुनाका कारणको सूची तयार पार्न लगाउनुहोस् ।

१० मिनेट

घ) माथि उल्लिखित विषयबस्तु शिक्षणपश्चात् उद्देश्यहरू पूरा भए नभएको कसरी मूल्याङ्कन गर्नु हुन्छ भनी प्रश्न राख्नुहोस् र मापन गर्ने तरिका प्रशिक्षार्थी पुस्तिकाको तालिकामा लेख्न लगाउनुहोस् ।

१० मिनेट

ङ) उक्त विषयवस्तुसँग सम्बन्धित ३ ओटा संक्षिप्त उत्तरात्मक र ३ ओटा वस्तुगत प्रश्नहरू सहभागीहरूलाई बनाउन लगाउनुहोस् ।

२० मिनेट

**४. उपलब्धि :**

यस सत्रमा प्रशिक्षार्थीहरूले सिकेका नयाँ कुराहरूको ज्ञान, सीप र धारणामा विभाजन गरेर लेख्न लगाउनुहोस् ।

१० मिनेट

## पाठ : नेपालको जनसङ्ख्या, जनघनत्व र बसाइँसराइ

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) नेपालको जनसङ्ख्या वितरणमा प्रभाव पार्ने तत्वहरू उल्लेख गरी नेपालको नक्सामा बाक्लो र पालतो जनसङ्ख्या क्षेत्र देखाउन ।

ख) जनसङ्ख्याको तथ्याङ्कको आधारमा जनघनत्व पत्ता लगाउन ।

ग) बसाइँसराइबाट सम्बन्धित क्षेत्रमा पर्ने समस्या पहिचान गरी समाधानका उपायहरूको खोजी गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, जनसङ्ख्याको स्थिति देखाउने विश्व र नेपालको नक्सा, बसाइँ सर्दै गरेको तस्विर, समाचारका कटिङ, चार्टहरू आदि ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई जनसङ्ख्या र जनशक्तिको अन्तर उल्लेख गर्न लगाउनुहोस् ।

१० मिनेट

ख) नेपालको जनसङ्ख्या सबै क्षेत्रमा समान छैन र जनसङ्ख्यालाई प्रभाव पार्ने तत्वहरू छन् । ती केके हुन् भनी प्रश्न राख्नुहोस् र सहभागीलाई टिपोट गर्न लगाउनुहोस् ।

१० मिनेट

ग) प्रशिक्षार्थीहरूलाई नेपालको नक्सा स्वतन्त्र हातले कोर्नलाई बाक्लो र पातलो जनसङ्ख्या हुने क्षेत्र देखाउन लगाउनुहोस् ।

२५ मिनेट

घ) सहभागीलाई घनत्व निकाल्ने सूत्र बताइदिनुहोस् र आफ्नो गा.वि.स. जिल्ला, अञ्चल र विकास क्षेत्रको जनघनत्व निकाल्न लगाउनुहोस् ।

१५ मिनेट

ङ) मानिस बसाइँ किन सर्छन् ? त्यसबाट सम्बन्धित क्षेत्रमा केकस्ता समस्या देखा पर्दछन । प्रशिक्षार्थीहरूलाई पहिचान गर्न लगाई तालिकामा उल्लेख गर्न लगाउनुहोस् ।

१५ मिनेट

च) बसाइँसराइको समस्या समाधानका उपायहरू केके हुन सक्छन् ? सहभागीहरूलाई खोजी गर्न लगाई तालिकामा लेख्न लगाउनुहोस् ।

१० मिनेट

४. **उपलब्धि :**

माथिको विषयवस्तु प्रभावकारी रूपमा शिक्षण गर्न विद्यालयमा अन्य उपयोगी केकस्ता कियाकलापहरू थप गर्नु पर्ला ? सहभागीहरूलाई तर्क दिन लगाउनुहोस् ।

५ मिनेट

## पाठ : उत्तर अमेरिका (प्राकृतिक साधन र यसको उपयोग र आर्थिक कियाकलाप )

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १ :३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) उत्तर अमेरिका महादेशका प्रमुख प्राकृतिक स्वरूपहरू नक्सामा देखाउन ।

ख) क्यानडा र संयुक्त राज्य अमेरिकाका प्राकृतिक साधनको सही रूपमा उपयोग हुनाले भएका फाइदाहरूको विवरण दिन ।

ग) उत्तर अमेरिकाको मानिसहरूको आर्थिक कियाकलाप बोध गरी आफ्नो देशको आर्थिक अवस्था सुधार्न अभिप्रेरित भई साथीलाई पत्र लेख्न ।

घ) विकसित र विकासशील मुलुकहरू बीचको आर्थिक कियाकलापहरूको तुलना गर्न ।

**२. शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, विश्वको नक्सा, ग्लोब, उत्तर अमेरिकाको नक्सा, क्यानाडा र यु.एस.ए.का विभिन्न ठाउँहरूका तस्विरहरू आदि ।

**३. कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई पाँच समूहमा विभाजन गर्नुहोस् र उत्तर अमेरिकाको रिक्त नक्सा प्रत्येक समूहलाई दिई प्रशिक्षार्थी निर्देशिकामा उल्लिखित प्राकृतिक स्वरूपहरू भर्न लगाउनुहोस् ।

२० मिनेट

ख) क्यानडा र यु.एस. ए. को प्राकृतिक साधनको सही उपयोग भएर त्यहाँ के कस्ता व्यवसाय सञ्चालन भएका छन् र त्यहाँको प्रतिव्यक्ति आय कति पुगेको छ ? प्रशिक्षार्थी पुस्तिकाको तालिकामा उल्लेख गर्न लगाउनुहोस् ।

१५ मिनेट

ग) उत्तर अमेरिकाको मानिसहरूको आर्थिक कियाकलाप सहभागीलाई बोध गराई हाम्रो देशको आर्थिक कियाकलाप सुधार गर्न अभिप्रेरित भई कलकरखाना फलफूल खेती, दुग्ध व्यवसाय, पर्यटन उद्योग आदि बुँदा राखेर उत्पादनमा वृद्धि गरी आर्थिक अवस्था सुधार गरौं भनी एउटा साथीलाई चिठी लेख्न लगाउनुहोस् ।

२० मिनेट

घ) उत्तर अमेरिकाका मानिसहरूको आर्थिक अवस्थासँग नेपालको आर्थिक अवस्थाको तुलना गर्न लगाई विकसित र विकासोन्मुख मुलुकहरूमा फरक आर्थिक अवस्था हुने कारणहरूको निष्कर्ष लेख्न लगाउनुहोस् ।

१५ मिनेट

ङ) क्यानडा र यु.एस. ए. को प्रमुख उत्पादनहरू प्रशिक्षार्थी पुस्तिकाको तालिकामा देखाउन लगाउनुहोस् ।

१५ मिनेट

### ४. उपलब्धि :

माथिका कियाकलापहरूमध्ये सहभागीहरूलाई अप्ठ्यारो लागेको कुन हो ? कारण दिन लगाउनुहोस् ।

५ मिनेट

## पाठ : दक्षिण र मध्यअमेरिका (प्राकृतिक साधन र आर्थिक कियाकलाप )

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) दक्षिण र मध्यअमेरिकाको नक्सा अध्ययन गरी प्रमुख धरातलीय स्वरूपहरूको परिचय दिन ।

ख) ब्राजिलको नक्सामा विभिन्न भौगोलिक तथ्यहरू भर्न ।

ग) दक्षिण अमेरिकाका मानिसहरूको आर्थिक कियाकलापको विवरण दिन ।

घ) विदेशबाट ऋण लिंदा देशलाई हुने फाइदा र बेफाइदाको सूचि बनाउन ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, विश्वको नक्सा, ग्लोव, उत्तर अमेरिकाको नक्सा, क्यानाडा र यु.एस.ए.का विभिन्न ठाउँहरूको तस्विरहरू आदि ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई कक्षा १० को सामाजिक शिक्षाको पेज नं.११२ को दक्षिण र मध्य अमेरिकाको नक्सा अध्ययन गर्न लगाई पहाडी क्षेत्र, उच्च समस्थलीय क्षेत्र र मैदानी क्षेत्र धरातलीय स्वरूप देखाउन लगाई प्रदर्शन गर्न लगाउनुहोस् ।

१० मिनेट

ख) कियाकलाप नं. क. मा उल्लेखित धरातलीय स्वरूपहरू छोटकरीमा लेखी परिचय दिन लगाउनुहोस् ।

१० मिनेट

ग) सहभागीलाई ब्राजिलको नक्सा कोर्न लगाउनुहोस् र प्रशिक्षार्थी पुस्तिकामा दिइएका विभिन्न भौगोलिक तथ्यहरू भर्न लगाउनुहोस् ।

२० मिनेट

घ) सहभागीहरूलाई दक्षिण अमेरिकाको आर्थिक कियाकलापसँग यु.एस्.ए. का मानिसहरूको आर्थिक कियाकलापसंग तुलना गरी तालिकामा उल्लेख गर्न लगाउनुहोस् ।

१५ मिनेट

ङ) कुनै पनि देशको विकास गर्नका लागि विकासशील मुलुकहरूले धनी मुलुकबाट ऋृण लिनु राम्रो हो वा होइन ? प्रशिक्षार्थीहरूलाई आपनो तर्क प्रशिक्षार्थी पुस्तिकाको तालिकामा लेख्न लगाउनुहोस् ।

१५ मिनेट

च) ब्राजिल जस्तो ठूलो देश किन आर्थिक सङ्कटमा परेको होला ? अब ब्राजिलले केके कुराको बिचार पु-याउनु पर्ला सहभागीलाई सुझावहरू दिन लगाउनुहोस् ।

१० मिनेट

## ४. उपलब्धि :

सहभागिलाई तलका प्रश्नहरूको जवाफ दिन लगाउनुहोस् ।

क) माथिका विषयवस्तु अध्ययनपश्चात् कक्षा १० का विद्यार्थीहरूमा ल्याउन खोजिएका परिवर्तन के हो ?

५ मिनेट

ख) माथिका कियाकलापमध्ये सबभन्दा रमाइलो कुन लाग्यो ? कारण दिनुहोस् ।

५ मिनेट

## पाठ : अफ्रिका महादेश (स्रोत साधन एवं आर्थिक कियाकलाप )

**एकाइ :भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) नाइल नदीको मानव सभ्यताबाट विकास भएका विभिन्न क्षेत्रहरूको सूची बनाउन ।

ख) अफ्रिकाको नक्सामा पर्वत श्रेणी, नदी, ताल र मरूस्थलीय क्षेत्र देखाउन ।

ग) अफ्रिका महादेशका अधिकांश देशहरू कठिन परिस्थितिबाट गुज्रिनुका कारणहरू उल्लेख गर्न ।

घ) अफ्रिका महादेशका मानिसहरूको आर्थिक कियाकलापको विवरण दिन ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका विशिष्टीकरण तालिका, ग्लोव, अफ्रिका महादेशको नक्सा, नाइल नदीको नक्सा, तालिका तस्विरहरू आदि ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई सभ्यताको अर्थ एक वाक्यमा लेख्न लगाई नाइल नदीको उपत्यकाबाट मानव सभ्यताको विभिन्न पक्षको सूची बनाउन लगाउनुहोस् ।

१५ मिनेट

<u>नमुना उत्तर</u>

मानवीय आचरणमा रहनु, समयको गतिसँगै परिवर्तित हुनु,
समाजमा सकारात्मक सोचाइ राख्नु, भद्र शिष्टता प्रगतिको प्रतिविम्ब आउनु ।

ख) सहभागीहरूलाई ५ समूहमा बाँडी प्रत्येक समूहलाई १/१ ओटा अफ्रिकाको रिक्त नक्सा कोर्न लगाई प्रशिक्षार्थी पुस्तकमा उल्लेख भएका भौगोलिक तथ्यहरू भर्न लगाउनुहोस् ।

१५ मिनेट

ग) यदि सहभागीका क्षेत्रमा बाढी पहिरो गयो भने केके समस्या आइ पर्लान् ? उल्लेख गर्न लगाउनुहोस् ।

५ मिनेट

घ) अफ्रिका महादेशका धेरैजसो देशहरूमा मानिसहरूको जीवनस्तर खस्किँदै गई मुलुक कठिन परिस्थितिमा गुज्रिनुका कारणहरू प्रशिक्षार्थी पुस्तिकाको तालिकामा उल्लेख गर्न लगाउनुहोस् ।

१० मिनेट

ङ) अफ्रिका महादेशका मानिसहरूको आर्थिक कियाकलाप कमजोर हुनाका कारणहरू उल्लेख गरी प्रशिक्षार्थी पुस्तिकामा लेख्न लगाउनुहोस् ।

१० मिनेट

नमुना उत्तर

परम्परागत खेती, दुर्गम क्षेत्र बढी, वैदेशिक ऋण , प्राकृतिक स्रोतको प्रयोग नहुनु माटोमा क्षयीकरण, अशिक्षा आदि ।

च) अफ्रिका महादेशका प्रायः देश निर्धन भए पनि कुनैकुनै मुलुकले विदेशी मुद्राको आर्जन गरेका छन् । ती मुलुकहरूको नाम र आर्जन गर्ने माध्यमहरू प्रशिक्षार्थीहरूलाई तालिकामा भर्न लगाउनुहोस् ।

१५ मिनेट

छ) विश्वका अन्य मुलुकहरू भन्दा अफ्रिकी देशहरू आर्थिक रूपमा कमजोर छन् । अबका बीसवर्षपछि कमजोर अफ्रिकी देशलाई आर्थिक रूपमा सम्पन्न पार्न धनी एवं विकसित देशहरूको भूमिका कस्तो हुनु पर्ला ? सहयोगका लागि अनुरोध गर्दै 'जी ८' सङ्गठनलाई एउटा अनुरोधपत्र प्रशिक्षार्थीहरूलाई लेख्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

## ४. उपलब्धि :

सहभागीहरूलाई निम्न प्रश्नको उत्तर दिन लगाउनुहोस्

माथि उल्लिखित कियाकलापमध्ये तपाईलाई सजिलो र कठिन लागेका कियाकलाप उल्लेख गर्नुहोस् ?

५ मिनेट

**पाठ : लघुशिक्षण**

**एकाइ : भौगोलिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

**पुनरावलोकन :**

यसभन्दा अगाडि तपाईले केके गर्नुभयो ।

तपाईको कार्यपुस्तिका मार्फत् कक्षा ९ र १० मा अध्यापन गराउनु पर्ने भौगोलिक अध्ययन एकाइ अन्तरगत विभिन्न विषयबस्तुहरू कसरी अध्यापन गराउने भन्ने विषयमा विशेष क्रियाकलापमा सरिक भई सक्नुभयो ।

१. भौतिक र मानव भूगोलको परिभाषा, वातावरणमा भएका वस्तुहरूको नाम सङ्कलन प्राकृतिक एवं मानव निर्मित वस्तुहरूको परिचय गरिसक्नुभयो ।

२. मौसम र विषय किसिमको मौसममा वायुमण्डलीय मौसमको अर्थ यसले गाउँघरमा पारेको असरबाट बच्ने उपायको खोजी, नमुना प्रश्न निर्माण, जलबायुबारे जानकारी दिने पुस्तिका तयार गर्न सक्नु भयो ।

३. विभिन्न तापमण्डल र प्रभाव पार्ने तत्वहरू तापमापक यन्त्रहरूको प्रयोग र कुनै ठाउँको तापक्रम पत्ता लगाउनेबारे जानकारी भई सक्यो ।

४. हावाको चाप, चापपेटी वर्षा र मापक यन्त्र निर्माण र प्रयोग गर्ने तरिकाको जानकारी भई सक्यो ।

५. वायु बहने दिसा, वायुको किसिम र हुरी बतासबाट बच्ने उपायको खोजी गर्नसक्ने भई सक्नुभयो ।

६. कृषि उत्पादन व्यवसायमुखी बनाउने उपाय, समस्यापहिचान, समस्यासमाधान गर्ने तरिका, पशुपालन, खाद्य तथा नगदे बाली उत्पादन क्षेत्रबारे तथ्याङ्क सङ्कलन र स्तम्भ चित्र बनाउन सक्ने हुनु भएको छ ।

७. एसिया महादेशमा पाइने प्राकृतिक साधन स्रोतहरू, युरोप र अस्ट्रेलिया महाद्वीपको हावापानी, अन्न बाली माछापालन, पशुपालन,, आर्थिकस्तरका साथै भौगोलिक कारण दिन सक्नुभएको छ ।

८. नक्सा कोर्न, सङ्केत, रङ, भौगोलिक तथ्य भर्न, हावापानी प्रकृतिक वनस्पतिका प्रदेश बीच फरक छुट्याउन र क्षेत्र उपाय र कोटा उत्तर आउने प्रश्ननिर्माण गर्न सक्नु भएको छ ।

९. उष्णप्रदेश र त्यहाँको जनजीवन, अर्धोष्ण र जाडो प्रदेशीय जनजीवन, एटलस र प्रयोग, जनसङ्ख्या, जनघनत्व बसाइँसराइबारे विभिन्न क्रियाकलाप गर्न सक्नुभयो ।

१०. उत्तर अमेरिकाको प्रकृतिक स्रोतसाधन, उपयोग र आर्थिक क्रियाकलाप दक्षिण र मध्य अमेरिकाका साथै अफ्रिका महादेशको कसरी अध्यापन गर्नेबारे जानकारी गरी सक्नु भएको छ ।

**१. उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

१. भौगोलिक अवस्थाअन्तरगत हालसम्म सिकेका विषयवस्तुमा पाठयोजनामा तयार गर्न ।
२. तयार गरेको पाठयोजनाअनुसार कक्षा शिक्षण गर्न ।
३. कक्षाशिक्षणको मूल्याङ्कन गरी सुधारात्मक प्रतिक्रिया दिन ।

**२. शैक्षिक सामग्री :**

फुलस्केप कागज , कार्डबोर्ड , बाउनपेपर, टेप, कैंची

**३. क्रियाकलाप :**

१. भौगोलिक अध्ययनमा सिकेका कुराहरू सहभागीमध्येबाट पुनरावलोकनका बुँदा पढन लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

१५ मिनेट

२. भौगोलिक अध्ययनअन्तरगत माथि सिकेका विषयवस्तु मध्ये १ विषयवस्तुमा पाठयोजना तयार गर्न लगाई आ-आफ्नो समूहछलफलबाट लघुशिक्षणकालागि प्रोत्साहित गर्नुहोस् ।

(२५ मिनेट)

३. समूहबाट छनौट प्रतिनिधिबाट लघुशिक्षण गर्न लगाउनुहोस् ।

१५ मिनेट

४. लघुशिक्षण गर्ने समूहको मूल्याङ्कन अरू समूहका सहभागीबाट गर्न निर्देशन दिनुहोस् । शिक्षण समाप्त भइसकेको ५ मिनेटको समय दिई सहभागीले गरेको मूल्याङ्कन समूहमा सहमति गराई प्रतिक्रिया दिन लगाउनुहोस् ।

(२५ मिनेट)

**४. उपलब्धि :**

तलका प्रश्नको जवाफ लेख्नुहोस्

१०मिनेट

१. पाठयोजनाका बुँदाहरू केके थिए ?

२. कक्षा शिक्षणमा सुधारात्मक प्रतिक्रिया केके थिए ?

## पाठ : श्री ५ पृथ्वीको जीवनी र एकीकरण अभियान

**एकाइ : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य:**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) ऐतिहासिक लिपिहरू सारेर आकर्षक ढङ्गबाट प्रस्तुत गर्न ।

ख) श्री ५ पृथ्वीको जीवनी र एकीकरण अभियानका घटना झल्कने सम्वाद र कथा तयार गरी प्रस्तुत गर्न ।

ग) ऐतिहासिक घटनाहरूलाई समयरेखा तालिकामा प्रस्तुत गर्न ।

घ) ऐतिहासिक घटनासँग मिल्ने तपाईको समुदायमा घटेका घटनाका सूचना सङ्कलन गरेर प्रस्तुत गर्न ।

ङ) पाठसँग सम्बधित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री:**

कक्षा ९ को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षकनिर्देशिका,विशिष्टीकरण तालिका, सम्वाद र कथाका नमुना तयार गर्ने समयरेखा तथा तालिकाको नमुना तयार गर्ने, तपाइँको समुदायसम्बन्धी प्रश्नावलीको नमुना तयार गर्ने, ।

३. **कियाकलाप:**

क) पाठयपुस्तकको एकाइ शीर्षक तथा अन्य पृष्ठहरूमा ऐतिहासिक लिपिहरू दिइएका छन् । सबै प्रशिक्षार्थीहरूलाई ठूलो कागजमा कुनै एउटा लिपि सार्न लगाउनुहोस र कक्षालाई चार समूहमा विभाजित गरी चारओटा राम्रा लिपि लेखोटलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

ख) प्रशिक्षार्थीहरूको रूचिअनुसार सम्वाद र कथा समूह गरी सम्पूर्ण प्रशिक्षार्थीहरूलाई दुई समूहमा विभाजित गरी पाठको विषयवस्तुसम्वन्धी सम्वाद र कथा लेख्न लगाउनुहोस र त्यसै समूहबाट एउटा सबभन्दा राम्रो सम्वाद र एक कथा छानेर प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ग) तपाइँले बनाउनु भएको समय तालिकाको नमुनाको आधारमा प्रशिक्षार्थीको जीवनमा भएका राम्रो घटनाका आधारमा पाँच वर्षको समयतालिका बनाउन लगाउनुहोस् ।

१५ मिनेट

घ) प्रशिक्षार्थीहरूलाई सात समूहमा विभाजित गर्नुहोस् र प्रत्येक समूहलाई श्री ५ पृथ्वीनारायण शाहको जीवनी र एकीकरण अभियानसँग मिल्ने समूहमा घट्ने घटनाको प्रश्नावली तयार गरेर एक अर्का समूहसँग प्रश्नहरू सोधी प्राप्त जवाफको आधारमा तालिका, चित्र , सम्वाद, कथामध्ये कुनै एक बनाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

ङ) विशिष्टीकरण तालिकाको प्रश्नका नमुनाका आधारमा माथिकै सात समूहलाई दुई प्रश्नहरू बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१० मिनेट

४. उपलब्धि :

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलापहरू सम्पन्न गरिए ?

ख) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

## पाठ : नेपाल अङ्ग्रेज युद्ध पूर्व नेपालको सामाजिक, राजनीतिक तथा आर्थिक अवस्था

**सत्र : १**

**एकाइ : ऐतिहासिक अध्ययन** **समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) श्री ५ पृथ्वीनारायण शाहको दिव्यउपदेशका सम्बन्धमा प्रवचन कार्यकमको आयोजना गर्न ।

ख) पाठ्यपुस्तकका विषयवस्तुलाई सम्वादमा परिर्वतन गरी भूमिका अभिनय गर्न ।

ग) तपाइंको समुदायअर्न्तगत समुदायमा व्याप्त सामाजिक सद्भाव र मेलमिलाप सम्बन्धमा सर्भेक्षण गरेर कथा तयार गर्न ।

घ) विशिष्टीकरण तालिकाको प्रश्नको नमुनाका आधारमा पाठसँग सम्बन्धित प्रश्न बनाउन ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, दिव्यउपदेश लेखिएको पोष्टर प्रवचन कार्यकमको नमुना र योजना, सम्वाद र कथाको नमुना, विशिष्टीकरण तालिका, आधुनिक नेपालको इतिहासको कुनै पुस्तक ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई दिइएको प्रवचन कार्यकमको नमुनाको आधारमा छुट्टै प्रवचन कार्यकम बनाउन लगाउनुहोस् र त्यसअनुसार कार्यकम सञ्चालन गर्न अभिप्रेरित गर्नुहोस् । सबै प्रशिक्षार्थीहरूले बेग्लाबेग्लै कार्यक्रम बनाई सकेपछि सबैलाई पाँच समूहमा विभाजित गरी पाँच ओटा राम्रो कार्यकमको छनौट गर्न लगाउनुहोस र त्यसमध्ये पनि एउटा सवभन्दा राम्रो कार्यकम छानेर त्यसअनुसार कार्यकममा सहभागी बनाउनुहोस् । सहभागी नभएका दर्शकहरूलाई पत्रकारको भूमिका निर्वाह गरेर कार्यकम सञ्चालनको समाचार बनाउन लगाउनुहोस् ।

३० मिनेट

ख) सामाजिक शिक्षाको पाठ वा इतिहासको सबै पुस्तकको आधारमा पाठसँग मिल्दो सम्बाद वनाई केटा र केटी छानेर सम्वादको आधारमा भूमिका अभिनय गर्न लगाउनुहोस् ।

१५ मिनेट

ग) प्रशिक्षार्थीहरूलाई कक्षाबाहिर निस्केर समुदायका कुनै व्यक्तिलाई भेटेर कुनै समुदाय वा ठाउँमा सामाजिक सद्भाव र मेलमिलापबाट समुदायमा कुनै असल काम भएको सुन्नु वा देख्नुभएको छ भन्ने प्रश्न सोधी प्राप्त जवाफको आधारमा कथा तयार गर्न लगाउनुहोस् र सबभन्दा राम्रो कथा छानेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

घ) प्रशिक्षार्थीहरूलाई नमुना प्रश्नको आधारमा पाठसँग सम्बन्धित प्रश्नहरू बनाई सबभन्दा राम्रा तीन प्रश्नहरू प्रदर्शन गर्न लगाउनुहोस् ।

१० मिनेट

४. उपलब्धि :

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) कुनकुन उद्देश्य पूरा गर्न तथा कियाकलाप सञ्चालन गर्न कठिन भयो ?

ख) यस सत्रलाई प्रभावकारी बनाउन केके गर्नु पर्थ्यो ?

ग) यस सत्रबाट मुख्य रूपमा कुनकुन सीपहरू सिक्न सकियो ?

# पाठ : नेपाल अङ्ग्रेज युद्धका कारण तथा परिणाम

**एकाइ : ऐतिहासिक अध्ययन**

**सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) नेपाल अङ्ग्रेज युद्धका कारण तथा परिणाम झल्कने सम्वाद तयार गरी भूमिका अभिनय गर्न र सम्वाद वा समाचार बनाउन ।

ख) सुगौली सन्धिको लिपि सारेर अनुवाद गरेर प्रस्तुत गर्न ।

ग) राष्ट्रका बीचको युद्धलाई व्यक्तिहरूसँगको झगडासँग तुलना गर्न सकिन्छ वा सकिँदैन भन्ने सम्बन्धमा समुदायमा विचार सङ्कलन गरेर प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

आधुनिक नेपालको इतिहास, सुगौली सन्धिको लिपि, राष्ट्र तथा व्यक्तिहरू बीचको झगडा तथा सन्धि वा सम्झौतासम्बन्धी समाचारका केही अंश र समाचारपत्र ।

३. **क्रियाकलाप :**

क) प्रत्येक प्रशिक्षार्थीहरूलाई विषयवस्तुमा आधारित रहेर सम्वाद तयार गर्न लगाउनुहोस् । सबै प्रशिक्षार्थीहरूले सम्वाद तयार गरिसकेपछि कक्षालाई पाँच समूहमा विभाजित गरी प्रत्येक पाँच समूहलाई पाँच ओटा राम्रा सम्वादका लेखोट छान्न लगाउनुहोस् । त्यसपछि प्रत्येक समूहबाट एकएक जना पर्नेगरी मूल्याङ्कन समिति बनाउनुहोस् । यस मूल्याङ्कन समितिबाट सबभन्दा राम्रो एक सम्वादको लेखोट छान्न लगाउनुहोस् र प्रशिक्षार्थीहरूमध्ये एक महिला र पुरूष छानेर सम्वादको लेखोट हेरेर र पछि नहेरेर अभिनयसाथ पढ्न वा भन्न लगाउनुहोस् । अन्य दर्शक प्रशिक्षार्थीहरूलाई त्यहाँ भएका गतिविधि झल्कने गरी सम्वाद वा समाचार बनाउन लगाएर प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) प्रत्येक प्रशिक्षार्थीहरूलाई सुगौली सन्धिको लिपि सार्न र अनुवादसमेत गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) प्रशिक्षार्थीहरूलाई कक्षाबाहिर गएर समुदायका मानिसलाई भेटेर युद्ध वा झगडा सम्बन्धमा विचार सङ्कलन गरेर ल्याउन र प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्रयास गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रलाई अझै प्रभावकारी बनाउन केके गर्नु पर्ला ?

ख) यस सत्रमा सबभन्दा कठिन र सरल अभ्यासहरू केके थिए ?

ग) यस सत्रबाट मुख्य रूपमा कुनकुन सीपहरू सिक्न सकियो ?

**पाठ : हाम्रा वीरहरू**

**एकाइ : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) हाम्रा वीरहरूले भाग लिएको युद्धस्थल देखाएको नक्सा तयार गरेर प्रस्तुत गर्ने ।

ख) हाम्रा वीरहरूको भूमिका झल्कने सम्वाद तयार गरी भूमिका अभिनय गर्न र वीरहरूको सम्मान गर्न ।

ग) नालापानी युद्धको उदाहरण दिँदै नेपाली नारीहरू पनि पुरूषहरू सरह प्रतिस्पर्धामा उत्रन सक्दछन् भन्ने कुरा झल्काई भाषण तयार गर्न र त्यस सम्बन्धमा समाचार बनाउन ।

घ) समुदायमा राष्ट्रिय हितमा काम गर्ने व्यक्तिहरूसँग अन्तरवार्ता लिई कथा तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा, हाम्रा वीरहरूका तस्विर, हाम्रा वीरहरूले युद्धमा भाग लिएको प्रमुख किल्लाहरू रहेको स्थल देखाइएको नक्सा

३. **क्रियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई हाम्रा वीरहरूले भाग लिएको स्थानको नक्साको तयार गरेर प्रस्तुत गर्न लगाउनुहोस् । यसरी तयार गरेका सबै नक्साहरूलाई भित्तामा टाँसेर प्रदर्शन गर्न लगाउनुहोस् र प्रदर्शित नक्साहरूमध्ये सबभन्दा राम्रो नक्सा छानेर प्रथम भएको घोषणा गर्न लगाउनुहोस् ।

१५ मिनेट

ख) कक्षा ९ को सामाजिक शिक्षा ऐतिहासिक अध्ययनको पाठ १०र ११ मा उल्लेख गरिएका वीरहरूको भूमिका झल्कने सम्वाद तयार गर्न र भूमिकाअभिनय गर्न लगाउनुहोस् ।

१५ मिनेट

ग) नेपाली वीरहरूको सम्मानमा एक मिनेट मौनधारण गर्न लगाउनुहोस् ।

१ मिनेट

घ) प्रत्येक प्रशिक्षार्थीहरूलाई वीर वीराङ्गनाहरूको भूमिका झल्कने भाषण तथा भाषणमा आधारित समाचार बनाई सबभन्दा राम्रो भाषण र समाचार प्रस्तुत गर्न लगाउनुहोस् ।

२४ मिनेट

ङ) प्रत्येक प्रशिक्षार्थीहरूलाई समुदायमा गएर कुनै व्यक्तिले राष्ट्रहितमा गरेको काम पत्ता लगाई कथा तयार गरी सबभन्दा राम्रो कथा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रबाट तपाईले केके कुराहरू सिक्नुभयो ?

ख) यस सत्रलाई अझ बढी रमाइलो बनाउन केके गर्नुपर्ला ?

# पाठ : राणा शासनकालको स्थापनामा जङ्गबहादुरको भूमिका

**एकाई : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) सम्वादको माध्यमबाट जङ्गबहादुरको भूमिकाको बयान गर्न ।

ख) जङ्गबहादुरको सफलता र असफलताको निम्ति उत्तरदायी व्यक्तिहरूको नाम तथा काम झल्कने तालिका बनाउन ।

ग) समुदायमा आपनो बुद्धि, विवेक र परिश्रमबाट उच्च पदमा पुगेका वा सम्मान पाएको व्यक्तिसँग अन्तरवार्ता लिएर कथा तयार पार्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९को सामाजिक शिक्षा पाठयपुस्तक, नेपालको इतिहास, जङ्गबहादुरको तस्विर, व्यक्तिहरूको नाम र काम झल्कने तालिकाका नमुना, अन्तरवार्ताका निम्ति प्रश्नावली र कथाको नमुना, कोतपर्व भएको स्थलको चित्र

३. **कियाकलाप :**

क) प्रत्येक प्रशिक्षार्थीहरूलाई राणाशासनकालको स्थापनामा जङ्गबहादुरको भूमिका झल्कने गरी सम्वाद तयार गर्न लगाउनुहोस् । त्यसपछि सबभन्दा राम्रो सम्वादको छनोट गरेर दुई जना प्रशिक्षार्थीहरूलाई वाचन गर्न लगाउनुहोस् । त्यसपछि प्रशिक्षार्थीहरूलाई वाचन गरिएको सम्वादका आधारमा जङ्गबहादुरको भूमिकाका बयान गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) कुनै अन्य घटनाहरूमा संलग्न व्यक्तिहरूको नाम र कामको तालिकाका आधारमा जङ्गबहादुरको सफलता र असफलताको निम्ति उत्तरदायी व्यक्तिहरूको नाम र काम झल्कने तालिका बनाई प्रदर्शन गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) कुनै अन्य विषयको अर्न्तवार्ताको प्रश्नावली तथा कथाको नमुनाको आधारमा प्रशिक्षार्थीहरूलाई समुदायमा गएर अन्तरवार्ता लिन र पाएको जवाफको आधारमा कथा बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

**क) तपाईंले यस सत्रमा कुनकुन ज्ञान र सीप सिक्नुभयो ?**

**ख) तपाईंलाई कुनकुन काम गर्न सजिलो र कुनकुन काम गर्न गाह्रो भयो ? सजिलो र गाह्रो हुने कारणहरू केके थिए ?**

**पाठ : राणा शासनकालका प्रमुख उपलब्धिहरू**

**एकाइ : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) राणा शासनकालमा भएका सामाजिक,आर्थिक तथा प्रशासनिक उपलब्धिका सम्बन्धमा समुदायका बूढापाकाहरूसँग प्रश्न गरी समाचार बनाउन ।

ख) विशिष्टीकरण तालिकामा दिइएका प्रश्नहरूको नमुनाका आधारमा राणाशासनकालमा भएका सामाजिक, आर्थिक तथा प्रशासनिक उपलब्धिका सम्बन्धमा प्रश्न तयार गर्न ।

ग) राणाशासनकालको कुनै दस्तावेजको आधारमा तत्कालीन समाजको चित्रण गर्न ।

**२. शैक्षिक सामग्री :**

आपना समुदायमा राणा शासनकालमा बनेका वस्तु वा वस्तुका चित्रहरू, राणा शासनकालमा लेखिएका कुनै ऐतिहासिक दस्तावेजहरू, विशिष्टीकरण तालिकाका नमुना प्रश्नहरू, राणा शासनकालका कुनै घटनासम्बन्धी समाचार ।

**३. कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई समुदायमा गएर बूढापाकाहरूलाई भेटेर राणाशासनकालमा सामाजिक, आर्थिक तथा प्रशासनिक उपलब्धिहरूको सम्बन्धमा प्रश्नहरू सोधेर पाएको जवाफको आधारमा समाचार बनाउन र आपना साथीहरूलाई उक्त समाचार पढेर प्रतिकिया व्यक्त गर्न लगाउनुहोस् ।

४० मिनेट

ख) प्रत्येक प्रशिक्षार्थीहरूलाई विशिष्टीकरण तालिकाका प्रश्नका नमुनाको आधारमा प्रश्नहरू बनाउन लगाउनुहोस् र तीमध्ये तीनओटा सबभन्दा राम्रा प्रश्नहरू छानेर प्रदर्शन गर्न लगाउनुहोस् ।

१५ मिनेट

ग) प्रशिक्षार्थीहरूले खोजेको आधारमा वा तपाईंले प्रस्तुत गर्नु भएको राणाशासनकालीन दस्तावेजका आधारमा प्रत्येक प्रशिक्षार्थीहरूलाई तत्कालीन समाजको मौखिक चित्रण गर्न लगाउनुहोस् ।

३० मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रको अवधिमा कुनकुन ज्ञान र सीपको प्रयोग गर्नु भयो ।

ख) यस सत्रलाई अझै प्रभावकारी गर्न केके गर्नुपर्ला ?

**पाठ : अमेरिका, फ्रान्स र भारतको स्वतन्त्रता सङ्ग्रामको कारण र परिणाम** **सत्र : १**

**एकाइ : ऐतिहासिक अध्ययन** **समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) अमेरिका, फ्रान्स र भारतको स्वतन्त्रता सङ्ग्रामका कारण तथा परिणाम झल्कने कथा वा कविता बनाई वाचन गर्न ।

ख) अमेरिका, फ्रान्स र भारतमा हाल घट्ने गरेका राजनैतिक घटनासम्बन्धी समाचार सङ्कलन गरेर प्रस्तुत गर्न ।

ग) विशिष्टीकरण तालिकाका प्रश्नका नमुनाका आधारमा पाठसँगसम्बन्धित प्रश्नहरू निर्माण गर्न ।

**२. शैक्षिक सामग्री :**

अमेरिका, फ्रान्स र भारतको स्वतन्त्रता सङ्ग्रामका प्रमुख नेता तथा दार्शनिकहरूका तस्विर, ऐतिहासिक घटनासम्बन्धी कथा र कविताका नमुना, राजनैतिक घटनासम्बन्धी समाचारपत्रका केही अंश कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक ।

**३. कियाकलाप :**

क) कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तकको विश्वको इतिहासका पाठ १६ देखि २१ सम्मको आधारमा स्वतन्त्रता सङ्ग्रामका कारण तथा परिणाम झल्कने कथा वा कविता बनाउन लगाउनुहोस् । प्रशिक्षार्थीको रूचिअनुसार कथा वा कवितामध्ये एक वा दुवै बनाउन लगाउन सक्छि । यसरी बनाइएको कथा वा कवितामध्ये सबभन्दा राम्रा दुइओटा छानेर प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) प्रशिक्षार्थीहरूलाई केही समाचार पत्रको आधारमा अमेरिका,फान्स र भारतमा हाल घटेका प्रमुख घटना छानेर प्रस्तुत गर्न र त्यस समाचारका सम्बन्धमा आ–आफ्ना, लिखित मन्तव्य व्यक्त गर्न लगाउनुहोस् ।

३० मिनेट

ग) प्रशिक्षार्थीहरूलाई अमेरिका, फान्स र भारतसम्बन्धी समाचारपत्रको अंशका आधारमा तीन प्रश्नहरू तथा त्यसका सम्भावित उत्तर बनाउन लगाउनुहोस् । त्यसपछि प्रशिक्षार्थीहरूमध्ये बाट नै त्यसको मूल्याङ्कन गराई नतिजा घोषणा गर्न लगाउनुहोस् ।

२५ मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) तपाइँले यस सत्रमा कुनकुन कुराहरू सिक्नु भयो ?

ख) यस सत्रका कति उद्देश्यहरू पूरा भए ?

ग) कुन कियाकलाप रमाइलो लाग्यो ?

## पाठ : २००७ सालको क्रान्ति र दिल्ली सम्झौता

**एकाई : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) श्री ५त्रिभुवन तथा सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्न र एकाइ शीर्षकमा दिइएको वाक्य उभिएर मिलेर पढन ।

ख) प्रवचन कार्यक्रमको सञ्चालन गर्न र प्रवचनमा भाग लिन ।

ग) प्रजातन्त्र दिवसको महत्त्वसम्बन्धी शीर्षकको प्रवचन कार्यक्रममा वाचन गर्न भाषण तयार गर्न ।

घ) प्रजातन्त्र दिवसको विशेषाङ्क पत्रिका तथा पोस्टर तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

श्री ५ त्रिभुवन तथा अमर सहिदहरूको तस्विर, विशेषाङ्कपत्रिकाको नमुना, प्रजातन्त्र दिवस झल्कने पोस्टर, प्रजातन्त्रको महत्त्व दर्शाउँदै लेखिएको भाषणको नमुना, प्रवचन कार्यक्रमको नमुना, सहिदहरू प्रति अर्पण गर्न फूल, माला, अविर इत्यादि ।

३. **क्रियाकलाप :**

क) प्रशिक्षार्थीहरूको सहयोग लिएर श्री ५ त्रिभुवन तथा अमर सहिदहरूको तस्विर सबैको अगाडि टेबलमा राख्नुहोस् र पालैपालो सबैलाई फूल,माला र अविर अर्पण गर्न दिनुहोस् । त्यसपछि चार सहिदहरूको सम्मानमा एक मिनेट मौन धारण गर्नुहोस् र गर्न लगाउनुहोस् । त्यसपछि एकाइ शीर्षकमा उल्लेख गरिएका वाक्य सबैलाई पढ्न लगाउनुहोस् ।

१० मिनेट

ख) सबै प्रशिक्षार्थीहरूलाई प्रवचन कार्यक्रम बनाउन र त्यस प्रवचनमा भाग लिने व्यक्तिहरूको छनोट गर्ने स्वतन्त्रता दिनुहोस् र त्यसमध्ये एउटा सबभन्दा राम्रो कार्यक्रमको छनोट गर्नुहोस्।

२० मिनेट

ग) सबै प्रशिक्षार्थीहरूलाई पाठ्यपुस्तकका विषयवस्तुलाई समेट्ने गरी भाषण तयार गर्न लगाउनुहोस् । सबैले भाषण तयार गरेपछि कक्षालाई चार समूहमा बाँडनुहोस् प्रत्येक समूहले आ-आफ्ना समूहमा पर्न आएका प्रशिक्षार्थीहरूको सबभन्दा राम्रो एउटा भाषण छान्न लगाउनुहोस् । यसरी छानिएका सबभन्दा राम्रा चार भाषणहरू लेखकहरूबाट नै वाचन गर्न लगाउनुहोस् ।

३० मिनेट

घ) प्रशिक्षार्थीहरूलाई दुई समूहमा विभाजित गर्नुहोस् र यिनीहरूका रूचिअनुसार एक समूहलाई प्रजातन्त्र दिवसमा प्रकाशित गर्ने कुनै एक पत्रिकाको विशेषाङ्कको ढाँचा, स्वरूप, सम्पादक मण्डल, लेखको किसिम, चित्र इत्यादि तयार गर्न लगाउनुहोस् । अर्को समूहलाई प्रजातन्त्रको महत्त्व दर्शाउँदै लेखिएको लेखोट र चित्र भएको पोस्टर बनाउन लगाउनुहोस् । यी दुवै कुराहरू तयार भएपछि यिनको प्रदर्शन गर्न अभिप्रेरित गर्नुहोस् ।

२५ मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा तपाईले कुनकुन कुराहरू सिक्नुभयो ?

ख) कुन क्रियाकलाप गर्दा तपाईंलाई धेरै आनन्द लाग्यो ?

## पाठ:२००७ देखि २०१७ सालसम्मको आर्थिक र सामाजिक गतिविधि

**एकाइ : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) आर्थिक तथा सामाजिक योजनाहरू बनाउन ।

ख) वृत्ततालिका, र स्तम्भचित्र र समयरेखा बनाउन ।

ग) परोपकार वा अन्य कुनै सामाजिक संस्था खोल्ने योजना बनाउन ।

२. **शैक्षिक सामग्री :**

आर्थिक तथा सामाजिक योजनाको नमुना, वृत्त तथा स्तम्भ तालिकाको नमुना, कक्षा १० को सामाजिक शिक्षा पाठ्यपुस्तक नवौं पञ्चवार्षिक योजनाको पुस्तिका

३. **क्रियाकलाप :**

क) नवौं पन्चवर्षीय योजनाको आधारमा प्रशिक्षार्थीहरूलाई आ-आफ्नो समुदायको आर्थिक तथा सामाजिक विकासको निम्ति योजना बनाउन लगाउनुहोस् ।त्यसपछि सम्पूर्ण कक्षालाई चार समूहमा विभाजित गर्नुहोस् र चारओटा राम्रा योजना छानेर प्रर्दशन गर्नुहोस् ।

३० मिनेट

ख) प्रशिक्षार्थीहरूलाई वृत्ततालिकालाई स्तम्भमा र स्तम्भलाई वृत्ततालिकामा परिवर्तन गर्ने अभ्यास गराउनुहोस् । यसका निम्ति पाठ्यपुस्तकको दुई तालिकालाई प्रयोग गर्न सकिन्छ । यस बाहेक नवौं पन्चवर्षीय योजनाबाट केही तथ्याङ्क दिएर वृततालिकामा परिवर्तन गर्ने अभ्यास गराउनुहोस् । यसको निम्ति पाठयपुस्तकका दुई तालिकालाई प्रयोग गर्न सकिन्छ ।यस बाहेक नवौं पन्चबर्षीय योजनाबाट केही तथ्याङ्क दिएर वृत तथा स्तम्भतालिका बनाउन लगाउनुहोस्। त्यसपछि २००७ सालदेखि २०१७ सालसम्म घटेका प्रमुख घटनाहरूलाई समयरेखा बनाई राख्न लगाउनुहोस् । यी सबै सामग्री बनाएपछि यिनमा आ-आफ्नो नाम लेखेर भित्तामा टाँसी प्रदर्शन गर्न लगाउनुहोस् । त्यसपछि दर्शक प्रशिक्षकहरूबाट त्यसको मूल्याङ्कन गराई पहिलो, दास्रो र तेस्रो घोषणा गर्नुहोस् ।

**३० मिनेट**

ग) प्रशिक्षार्थीहरूलाई आ-आफ्नो समुदायमा परोपकार वा परोपकार जस्तै कुनै अन्य सामाजिक संस्था खोल्नु परेमा योजना कसरी बनाउनुहुन्छ भनी प्रश्न गरी समूहमा योजना बनाउन लगाउनुहोस् । योजनामा परिचय, संस्थाको उद्देश्य, विधान, कार्यक्रम, कार्यकारिणी, स्रोत र साधन, स्थानीय स्रोत, सामाजिक लाभ र लागत खर्च र बजेट किटान गरेको हुनुपर्दछ । यसरी योजना बनाई सकेपछि त्यसलाई सार्वजनिक छलफलमा ल्याई एउटा राम्रो योजनाको छनोट गर्न लगाउनुहोस् ।

**२५ मिनेट**

## ४. उपलब्धि :

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूवाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रबाट कुनकुन कुराहरू सिक्नुभयो ?

ख) यस सत्रलाई अझै प्रभावकारी गर्न केके गर्नुपर्ला ?

ग) कुन अभ्यास सबभन्दा राम्रो लाग्यो ?

## पाठ : श्री ५ महेन्द्रको शासनकालमा भएका विकास कार्यहरू

**एकाई : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) श्री ५ महेन्द्रको शासनकालमा भएका विकास कार्य सम्वाद बनाई भूमिका अभिनय गर्न ।

ख) तपाइँको समुदायअन्तर्गत समुदायका बृद्ध मानिससँग श्री ५ महेन्द्रको शासनकालमा भएका विकास कार्यसम्बन्धी प्रश्न सोधी त्यसको आधारमा कविता वा समाचार वा कथा तयार गर्न ।

ग) समुदायमा गरिएको सर्भेक्षणका आधारमा विशिष्टीकरण तालिकाको प्रश्नजस्तै गरी प्रश्न निर्माण गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठ्यपुस्तक, श्री ५ महेन्द्रको शासनकालमा प्रकाशित समाचार पत्रको केही अंश, श्री ५ महेन्द्रको शासनकालमा भएका विकासकार्य झल्कने केही तस्विर , कविता, समाचार, कथाको नमुना

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई "गर्छिन् पुकार आमा .........." गीत सामूहिक रूपमा गाउन भन्नुहोस्। त्यसपछि पाठयपुस्तक र समाचारपत्रको आधारमा श्री ५ महेन्द्रको शासनकालमा भएका विकासकार्य झल्कने सम्बाद सबै प्रशिक्षार्थीहरूलाई बनाउन लगाउनुहोस् । सबभन्दा राम्रो एक सम्बाद छानेर दुई जना प्रशिक्षार्थी बोलाई भूमिका अभिनय गर्न लगाउनुहोस् । सकभर एउटै प्रशिक्षार्थीलाई पटकपटक यस काममा प्रयोग नगर्नुहोला । दर्शक प्रशिक्षार्थीहरूले भूमिका अभिनयको अन्त्यमा सुधारको निम्ति सुझाव दिनेछन् ।

३० मिनेट

ख) प्रशिक्षार्थीहरूलाई समुदायमा भएका वयोवृद्ध वा सरकारी सेवामा निवृत व्यक्तिसँग श्री ५ महेन्द्रको शासनकालमा भएका प्रमुख कामहरूको विषयमा प्रश्नहरू सोधेर पाएको जवाफको आधारमा इच्छाअनुसार कविता, समाचार वा कथामध्ये एक बनाउन लगाउनुहोस् ।

समुदायको भ्रमणको कममा तथ्याङ्क प्राप्त गरेको भए वृत, स्तम्भ वा अन्य कुनै तालिका मार्फत् तथ्याङ्क प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ग) सर्भेक्षणमा प्राप्त जानकारी तथा तथ्याङ्कको आधारमा प्रत्येक प्रशिक्षार्थीहरूलाई प्रश्न तथा उत्तरकुञ्जिका तयार गर्न लगाउनुहोस् । ती सबै प्रश्न तथा उत्तरकुञ्जिकाको आधारमा साथीहरूको कामको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

२५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रबाट कुनकुन ज्ञान र सीप प्राप्त गर्नुभयो ?

ख) यस सत्रमा काम गर्दा कुनकुन कुरा गर्न अप्ठयारो भयो ?

ग) यस सत्रमा कुन कियाकलाप ज्यादै रमाइलो लाग्यो ?

नोट : यसपछिको सत्रमा स्रोतव्यक्तिको प्रयोग गरिने भएको हुनाले तपाइँको समुदायमा जनमतदेखि जनआन्दोलनसम्मका गतिविधि थाहा पाउने कुनै राजनीतिक व्यक्तित्वको छनोट गरेर त्यस्तो व्यक्तिलाई पहिले नै आमन्त्रित गरि राख्नुहोस् ।

## पाठ : जनमतदेखि जनआन्दोलनसम्म

**एकाइ : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन्

क) स्रोतव्यक्तिको निम्ति निमन्त्रणा पत्र र कार्यक्रम बनाउन ।

ख) स्रोतव्यक्तिले बोलेको कुराको अभिलेख राख्न ।

ग) स्रोतव्यक्तिसँग विषयसँग सम्बन्धित प्रश्न सोध्न ।

घ) जनमतदेखि जनआन्दोलनसम्मका समाचारमाथि टिप्पणी पेस गर्न ।

**२. शैक्षिक सामग्री :**

जनमत तथा आन्दोलनसम्बन्धी तस्विर, कक्षा १० को पाठयपुस्तक, शिक्षकनिर्देशिका, निमन्त्रणापत्रको ढाँचा, जनमत तथा जनआन्दोलन ताका प्रकाशित समाचारपत्र, स्रोत व्यक्तिसँग सोध्न सकिने प्रश्नका नमुना ।

**३. क्रियाकलाप :**

क) प्रशिक्षार्थीहरूको बहुमतबाट स्रोतव्यक्ति छान्न लगाउनुहोस् । स्रोतव्यक्तिप्रति देखाउनु पर्ने सम्मान सम्बन्धमा सबै प्रशिक्षार्थीहरूलाई सचेत गराउनुहोस् । त्यसपछि प्रत्येक प्रशिक्षार्थीहरूलाई स्रोत व्यक्तिको निम्ति विषय स्थान र समय उल्लेख गरी निमन्त्रणापत्र तयार गर्न लगाउनुहोस् । त्यसपछि स्रोतव्यक्तिको स्वागत , प्रवचनको समय र प्रश्नोतरको अवधि तोकेर कार्यक्रम तयार गर्न लगाउनुहोस् ।

२५ मिनेट

ख) स्रोतव्यक्तिले सम्बन्धित विषयमा बोल्न थालेपछि सबै प्रशिक्षार्थीहरूलाई बोलेको कुरा टिप्न लगाउनुहोस् र त्यसपछि प्रश्नोतरको समयमा दिइएको जवाफ पनि टिप्न लगाउनुहोस् ।

३० मिनेट

ग) स्रोतव्यक्ति गएपछि स्रोतव्यक्तिका सकारात्मक पक्षको चर्चा गर्न लगाउनुहोस् ।

१० मिनेट

घ) समाचारपत्र पढेर त्यसमाथि लिखित टिप्पणी पेस गर्न लगाउनुहोस् । त्यसमध्ये राम्रो टिप्पणीको छनोट गरी सबैले सुन्ने गरी पढन लगाउनुहोस् ।

**२० मिनेट**

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

**५ मिनेट**

क) तपाईलाई यस सत्रमा सब भन्दा रमाइलो पक्ष के लाग्यो ?

ख) स्रोत व्यक्तिले बोलेका कुनकुन कुरा राम्रो लाग्यो ?

ग) अर्को कुन पाठको निम्ति यस्तै स्रोत व्यक्तिको प्रयोग भइदिए हुन्थ्यो जस्तो लागेको छ ?

# पाठ, श्री ५ वीरेन्द्र र विकासप्रतिको प्रतिबद्धता

**एकाइ : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) श्री ५ वीरेन्द्र र विकासप्रतिको प्रतिबद्धता व्यक्त गर्न प्रवचन कार्यक्रमको आयोजना गर्न ।

ख) प्रवचनको निम्ति भाषण तयार गर्न ।

ग) श्री ५ वीरेन्द्रबाट बक्स भएको भाषण तथा सन्देशको आधारमा समुदायका बरिष्ट व्यक्तिहरूसँग अन्तरवार्ता लिएर समाचार बनाउन ।

घ) श्री ५ वीरेन्द्र र विकासप्रतिको प्रतिबद्धता सम्बन्धमा प्रश्न तथा उत्तरकुञ्जिका तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षाा पाठयपुस्तक, श्री ५ वीरेन्द्रबाट उद्‌घाटन भएका उद्योगधन्दा , बाटाघाटा, शिक्षण संस्था, स्वास्थ्य संस्था, विद्युत् खानेपानी इत्यादिका तस्विर, भाषण तथा सन्देशका पुस्तक, अन्तरवार्ताका निम्ति प्रश्नहरूका नमुना ।

३. **क्रियाकलाप :**

क) प्रशिक्षार्थीहरूलाई प्रवचनका निम्ति कार्यक्रम बनाउन र निमन्त्रणापत्र तयार गर्न प्रोसाहित गर्नुहोस् । सबैले कार्यक्रम र निमन्त्रणा तयार गरिसकेपछि त्यसमध्ये सबभन्दा राम्रो कार्यक्रम र निमन्त्रणा पत्र छान्न लगाउनुहोस् । त्यसपछि कालोपाटी वा तुल टाँगेर प्रवचनको वातावरण बनाउनुहोस् । स्वीकृत निमन्त्रणापत्र र कार्यक्रम वितरण गर्न लगाउनुहोस् । त्यसपछि कार्यक्रमअनुसार निर्धारित समयभित्र सक्ने गरी "श्री ५ वीरेन्द्र र विकासप्रतिको प्रतिबद्धता " शीर्षकमा भाषण तयार गर्न लगाउनुहोस् । त्यसपछि सबभन्दा राम्रा दुई ओटा भाषण वाचन गर्न लगाउनुहोस् र प्रवचन कार्यक्रमका सभापतिबाट कार्यक्रमको औचित्यका विषयमा बोल्न र सभा विसर्जन गर्न लगाउनुहोस् ।

४५ मिनेट

ख) पाठ्यपुस्तकमा दिइएका श्री ५ वीरेन्द्रका सन्देश वा सन्देशपुस्तिका वा चित्रको आधारमा समुदायमा गएर विशिष्ट व्यक्तिहरूको विचार सङ्कलन गरी त्यसलाई समाचारमा परिवर्तन गरेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) प्रत्येक प्रशिक्षार्थीहरूलाई विशिष्टीकरण तालिकामा दिइएको नमुनाअनुसार सूचनामूलक प्रश्न तथा उत्तरकुञ्जिका बनाउन लगाउनुहोस् । यीमध्ये चार उत्कृष्ट प्रश्न तथा उत्तरकुञ्जिका छानेर प्रदर्शन गर्न लगाउनुहोस् ।

१५ मिनेट

## ४. उपलब्धि :

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रबाट कुनकुन कुराहरू सिक्न सकियो ?

ख) यस सत्रलाई अझै रमाइलो गर्न केके गर्नुपर्ला ?

नोट : आउँदो सत्रमा शाही सेनाका फौजी जवान वा अधिकृतलाई स्रोतव्यक्तिको रूपमा प्रयोग गर्नु पर्ने भएको हुँदा यसको तयारी पहिलेदेखिनै गर्नुपर्नेछ । कार्यरत फौजी जवान प्राप्त नभएमा निवृत जवानको प्रयोग पनि गर्न सकिने छ, यिनले गर्ने कार्यको निम्ति पहिले नै जानकारी गराउनु पर्नेछ ।

# पाठ : प्रथम तथा द्वितीय विश्वयुद्धका कारण तथा परिणाम

**एकाइ : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) प्रथम तथा द्वितीय विश्वयुद्धका कारण तथा परिणाममाथि छलफल गरेर तेस्रो विश्वयुद्ध हुन नदिन सम्झौता गर्न ।

ख) तेस्रो विश्वयुद्ध हुन नदिन सम्झौता पत्र तयार गर्न ।

ग) प्रथम तथा द्वितीय विश्वयुद्धका घटना देखाउने समयरेखाको बनाउन ।

घ) तेस्रो विश्वयुद्ध भएमा आफ्नो देशको सुरक्षा गर्ने योजना बनाउन ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठ्यपुस्तक, प्रथम तथा द्वितीय विश्वयुद्धका कारण तथा परिणामसम्बन्धी तालिका, कुनै अन्तरराष्ट्रिय सम्झौताको नमुना, समयरेखाको नमुना, राष्ट्रिय सुरक्षा निम्ति बनाइएको योजना नमुना

३. **क्रियाकलाप :**

क) प्रत्येक प्रशिक्षार्थीहरूलाई कक्षा १० को सामाजिक शिक्षाको ऐतिहासिक अध्ययन खण्डमा दिइएको र तालिकामा दिइएको प्रथम तथा द्वितीय विश्वयुद्धका कारण तथा परिणाम पढ्न दिनुहोस् । त्यसपछि कक्षालाई चार समूहमा विभाजित गर्नुहोस् र प्रत्येक समूहका नेताहरूलाई आफ्ना समूहका साथीहरूसँग छलफल गरेर तेस्रो विश्वयुद्ध हुन नदिन सम्झौतापत्र बनाउन सल्लाह सुझाव दिन लगाउनुहोस् । सबैको सल्लाह र सुझाब समावेश गरेर चार नेताहरूले चार बेग्लाबेग्लै सम्झौता तयार गर्नेछन् । त्यसपछि चार नेताहरू मिलेर एउटा अन्तिम शान्ति सम्झौताको मसौदा तयार गर्नेछन् । यसरी चार नेताहरूले सम्झौता मस्यौदा तयार गरिरहँदा अन्य प्रशिक्षार्थीहरूलाई प्रथम तथा द्वितीय विश्वयुद्धका घटना देखाउने समय रेखा बनाई प्रदर्शन गर्न लगाउनुहोस् । यी दुबै समूहले आ–आफ्नो काम सकिसकेपछि शान्ति सम्झौताको मसौदा तयार गर्ने चार नेताहरूले आफूलाई नेपालसमेत चार देशका प्रतिनिधि भएको घोषणा गरेर सम्झौता हस्ताक्षर गर्नेछन् ।

३० मिनेट

ख) देशको सुरक्षाको योजनासम्बन्धी ज्ञानको निम्ति शाही सेनाका निवृत वा कार्यरत जवान वा अधिकृतलाई कक्षामा स्रोतव्यक्तिको रूपमा प्रयोग गर्नुपर्नेछ । स्रोतव्यक्तिले बोलेकोआधारमा प्रशिक्षार्थीहरूले आ-आफ्नौ किसिमबाट सुरक्षाको योजना बनाउनु पर्नेछ । त्यसपछि माथिकै विधिअनुसार चार नेताहरूलाई चार राम्रा योजनाहरू छान्न लगाउनुहोस् र त्यसमध्ये पनि स्रोतव्यक्तिबाट सबभन्दा राम्रो एउटा योजना छान्न लगाएर विजयी नेताबाट कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

५५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस्।

५ मिनेट

क) यस सत्रमा कुनकुन काम गर्न सकियो र कुनकुन काम गर्न सकिएन ?

ख) गर्न सक्ने र नसक्ने कारणहरू केके थिए ?

## पाठ : संयुक्त राष्ट्रसंघको स्थापना तथा अङ्गहरू

**एकाइ : ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) संयुक्त राष्ट्रसंघको स्थापना तथा अङ्गहरूका सम्बन्धमा सम्वाद तथा तालिका बनाउन

ख) ऐतिहासिक अध्ययनअन्तर्गतका कियाकलापहरूको पुनरावलोकन गर्न

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, राष्ट्रिसंघको स्थापना तथा अङ्गसम्बन्धी सम्वाद तथा तालिकाको नमुना, कक्षा ९ र १० को पाठहरूको सूची सेतो ठूलो कार्डबोर्ड वा कागज

३. **कियाकलाप :**

क) प्रत्येक प्रशिक्षार्थीहरूको संयुक्त राष्ट्र संघको स्थापना सम्बन्धमा सम्वाद र अङ्गहरू झल्कने तालिका ठूलो कागजमा निर्माण गरेर प्रदर्शन गर्न लगाउनुहोस् । बनाइएका सम्वाद र तालिका कक्षा कोठाको चारैतर्फ झुण्डयाउन लगाउनुहोस् । यसरी झुण्डयाइएको सामग्रीमा बनाउनेको नाम लेखिएको हुनुपर्दछ । सबै प्रशिक्षार्थीलाई पङ्क्तिबद्ध भएर चारै तर्फ घुमेर सबै सामग्री हेर्न र हेरिएको सामग्रीमध्ये पहिलो, दोस्रो र तेस्रोको घोषणा गर्न लगाउनुहोस् ।

५५ मिनेट

ख) प्रशिक्षार्थीहरूलाई नौ समूहमा विभाजित गर्नुहोस् र प्रत्येकलाई एकएक एकाइअन्तर्गत गरिएको कामहरूको तालिका बनाउन लगाउनुहोस् । प्रत्येकले छुट्टाछुटै तालिका बनाएपछि कक्षालाई तीन समूहमा विभाजित गरी प्रत्येक तीन समूहलाई तीनस्रोतएकाइमा छुटेका कुराहरू थपेर तालिका बनाउन लगाउनुहोस् । त्यसपछि तीन समूहका तीन नेताको सहयोगबाट कुनै पनि कुरा नछुटाई एउटा छुट्टै तालिका बनाउन लगाउनुहोस् । तीन नेताहरूले तालिका बनाई रहँदा अन्य प्रशिक्षार्थीहरूलाई यस सत्रमा गरिएका कियाकलाप सम्बन्धमा प्रतिवेदन तयार गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रका राम्रा पक्षहरू केके थिए ?

ख) यस एकाइमा कुनकुन दिनका कुनकुन सत्र रमाइला लागे ?

## पाठ : लघुशिक्षण

**एकाइ: ऐतिहासिक अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

**पुनरावलोकन :**

यसभन्दा अगाडि तपाईंले केके गर्नु भयो ?

क) श्री ५ तथा एतिहासिक व्यक्तित्वको जीवनी एकिकरण अभियानका घटना झल्कने सम्वाद, कथा, तयार गरी प्रस्तुत गर्न ।

ख) ऐतिहासिक घटनाहरूलाई समयरेखामा प्रस्तुत गर्न ।

ग) ऐतिहासिक घटनासँग मिल्ने समूहमा घटेका घटनाका सर्भेक्षण, सूचना सङ्कलन गरेर प्रस्तुत गर्न ।

घ) पाठसँग सम्बन्धित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

ङ) हाम्रा वीरहरूको भूमिका झल्कने सम्वाद तयार गरी भूमिका अभिनय गर्न, वीरहरूको सम्मान गर्न ।

च) आर्थिक एवं सामाजिक योजना बनाउने, वृत्ततालिका, स्तम्भचित्र समयरेखा बनाउन, टिप्पणी पेस गर्न ।

**१. उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्नेछन् ।

क) माथि उल्लेख भएका विषयवस्तुहरूमध्ये पाठ छनौट गरी लघुशिक्षणका लागि पाठयोजना तयार गर्न ।

ख) तयार गरेको पाठयोजना समूहमा प्रस्तुत गर्न ।

ग) प्रस्तुत पाठयोजनाको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्न ।

**२. शैक्षिक सामग्री :**

कार्डवोर्ड, कैंची, टेप, रङ्गीन मार्कर ।

**३. क्रियाकलाप :**

क) समूहमा बसी काम गर्न लगाउनुहोस् । सबैलाई कार्य विभाजन गर्नुहोस् ।

५ मिनेट

ख) पुनरावलोकनमा उल्लेख भएका कुरा आफैंले वा प्रशिक्षार्थीहरूलाई पढ्न लगाई यो सत्रभन्दा अगाडी केके गर्नुभयो सामान्य प्रशन गरी अरू बढी प्रष्ट बनाउनुहोस् ।

५ मिनेट

ग) पुनरावलोकनमा उल्लेख भएका विषयवस्तुमध्ये एक पाठ्यवस्तु छनौट गरी लघुशिक्षणका लागि पाठयोजना तयार गर्न लगाउनुहोस् ।

२५ मिनेट

घ) तयार गरेको पाठयोजना समूहमा छलफल गराई सहमति गराई प्रस्तुतिका लागी एक समूहबाट एक जनालाई छनौट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

१० मिनेट

ङ)    अन्य समूहलाई प्रशिक्षार्थी निर्देशिकामा उल्लेख भएअनुसार फारममा कक्षाअवलोकन गर्न लगाई समूहको निचोड निकाली समूहबाट १/१ जनालाई पृष्ठपोषण दिन लगाउनुहोस् ।

४० मिनेट

## ४. उपलब्धि :

तलको प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

५ मिनेट

क)    यस सत्रका सकरात्मक पक्षहरू केके थिए ?

ख)    यस सत्रका सुधारात्मक पक्षहरू केके थिए ?

## पाठ : आन्तरिक र बाह्य व्यापारको परिचय

**एकाइ : आर्थिक एवं वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) समुदायको बजारको अवलोकन गरी देशभित्र उत्पादन हुने र बाहिरबाट आयात गरिने वस्तुहरूको तालिका बनाई त्यस कुरालाई कथा वा सम्वाद बनाई प्रस्तुत गर्न ।

ख) पाठसँग सम्बन्धित नमुना प्रश्न बनाई प्रस्तुत गर्न ।

**२. शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, सम्वाद र कथाका नमुना तयार गर्ने ।

**३. कियाकलाप :**

क) सहभागीहरूलाई समुदायको हाटबजार वा पसलहरूको भ्रमण गराई देशमा उत्पादन हुने वस्तु र विदेशबाट आयात गरेर ल्याइने वस्तुको गरिने व्यापारतालिका बनाउन लगाई त्यसको आधारमा कथा वा सम्वाद बनाउन लगाउनुहोस् ।

५५ मिनेट

ख) सहभागीहरूलाई चार समूहमा विभाजित गरी आफना साथीहरूले बनाएका चार राम्रा तालिका र कथा र सम्वाद छानेर चार समूहलाई छुट्टाछुटै प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

ग) विशिष्टीकरण तालिकाको प्रश्नको नमुनाको आधारमा पाँच समूहमा कक्षालाई विभाजित गरी तीन प्रश्नहरू बनाउन लगाई पाँचओटा राम्रा प्रश्न छानेर प्रस्तुत गर्न लगाउनुहोस्।

१५ मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

**५मिनेट**

क) **प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?**

ख) **यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?**

# पाठ : ३ कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध

**एकाइ : आर्थिक एवं वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) स्थानीय समुदायमा स्थापित कृषिमा आधारित उद्योगको अवलोकन गरी कृषि, उद्योग र व्यापारको आपसीसम्बन्धसम्बन्धी चित्र बनाई प्रस्तुत गर्न ।

ख) व्यापारिक खेलको माध्यमबाट कृषि, उद्योग र व्यापारको सम्बन्ध देखाई प्रस्तुत गर्न ।

ग) पाठसँग सम्बन्धित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका, व्यापारिक खेलका लागि आवश्यक सामग्री (कागज, पेन्सिल, कैंची, रूलर ) कथा वा सम्वादको नमुना ।

३. **क्रियाकलाप :**

क) कक्षालाई चार समूहमा विभाजन गरी स्थानीय समुदायमा स्थापित कृषिमा आधारित उद्योगको अवलोकन गरी कृषि उद्योग र व्यापारको आपसीसम्बन्ध झल्काउने चित्र बनाउन लगाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

३५ मिनेट

ख) कक्षालाई ६ ओटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई भिन्नभिन्न देशको रूपमा तोक्नुहोस् । प्रत्येक समूहलाई देहायअनुसारको प्राकृतिक स्रोत, औजारहरू र पूँजी दिनुहोस्। (देशहरू विकासोन्मुख र विकसित राख्नुहोस् । )

३५ मिनेट

| समूह | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| कागज | १५ | २ | १ | ३० | २ | ७ |
| पेन्सिल | १ | १ | ३ | ० | १ | १ |
| कैंची | ० | २ | ३ | ० | ० | १ |
| रूलर | ० | २ | ३ | १ | १ | ० |
| पैसा | २० | ४० | १५० | १० | १५ | ७० |

प्रशिक्षार्थीलाई विभिन्न आकारका वस्तुहरू बनाउन लगाई त्यसलाई बैङ्कमा वेच्न लगाउनुहोस् । जुन समूहले बढी पैसा कमाउँछ त्यही समूहलाई विजयी बनाउनुहोस् । वस्तुको मूल्य तल दिएको छ :–

| | |
|---|---|
| कागज १ पानाको मूल्य २५ पैसा | |
| पेन्सिलको मूल्य ४० | " |
| कैंचीको मूल्य १०० | " |
| रूलरको मूल्य ५० | " |

ग) विशिष्टीकरण तालिकाको नमुना प्रश्नका आधारमा कक्षालाई पाँच समूहमा बाँडी तीन प्रश्न बनाउन र प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

## ४. उपलब्धि :

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

**ख) यस सत्रका सकरात्मक कुराहरू केके हुन् ?**

## पाठ : उद्योगको परिचय र उद्योग सुधारका उपायहरू

**एकाइ :आर्थिक एवं वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) औद्योगिक क्षेत्रको अवलोकन गरी उद्योगको परिचय प्रस्तुत गर्न ।

ख) उद्योग झल्कने सम्वाद वा कथा तयार गरी प्रस्तुत गर्न ।

ग) स्थानीय उद्योग वा व्यावसायको अवलोकन गरी सुधारका उपायहरू प्रस्तुत गर्न ।

घ) पाठसँग सम्बन्धित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, सम्वाद र कथाका नमुना तयार गर्ने, उद्योग वा व्यवसाय झल्कने चित्र ।

३. **कियाकलाप :**

क) कक्षामा औद्योगिक क्षेत्र झल्काउने तस्विर वा चित्र प्रस्तुत गर्न लगाई उद्योगको परिचय दिन लगाउनुहोस् ।

अथवा

सहभागीलाई उद्योग वा व्यावसायको अवलोकन गराई उद्योगको परिचय प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) प्रशिक्षार्थीको इलाकामा कुनै त्यस्ता उद्योगहरू सञ्चालन भएका छन् भने त्यहाँबाट उत्पादन हुने वस्तु, रोजगारी र स्थानीय आवश्यकता कति पूरा गरेका छन् त्यस सम्बन्धमा कथा वा सम्वाद बनाउन लगाउनुहोस् ।

३० मिनेट

ग) प्रशिक्षार्थीको इलाकामा सञ्चालित उद्योगको अवलोकन गर्न लगाई सुधारका उपायहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

घ) विशिष्टीकरण तालिकाको नमुना प्रश्नका आधारमा कक्षालाई चार समूहमा विभाजन गरी तीन प्रश्न बनाउन लगाउनुहोस् ।

५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकरात्मक कुराहरू केके हुन् ?

## पाठ : आर्थिक योजनाको परिचय र त्यसबाट भएका उपलब्धिहरू

**एकाइ :आर्थिक एवं वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) योजनानिर्माणसम्बन्धी कियाकलाप योजनाको परिचय प्रस्तुत गर्न ।

ख) कथा वा सम्वादद्वारा योजनाबाट भएका उपलब्धिहरू प्रस्तुत गर्न ।

ग) आर्थिक योजनाको सुरूआत र त्यसपछिका वर्षहरूलाई समयरेखामा प्रस्तुत गर्न ।

घ) पाठसँग सम्बन्धी नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

**२. शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका कथा वा सम्वादका नमुना तयार गर्ने, समयरेखाको नमुना तयार गर्ने ।

**३. कियाकलाप :**

क) कक्षालाई चार समूहमा विभाजन गरी प्रशिक्षार्थीको विद्यालयका लागि एक लाख रूपियाको आर्थिक सहयोग कतैबाट प्राप्त भएको मानी योजनानिर्माण गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) प्रशिक्षार्थीलाई रूचिअनुसार सम्वाद र कथासमूह गरी सम्पूर्ण प्रशिक्षार्थीलाई दुई समूहमा विभाजित गरी पाठको विषयवस्तुसम्बन्धी सम्वाद र कथा लेख्न लगाउनुहोस् र त्यही समूहबाट एउटा कथा वा सम्वाद छानी प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) तपाइँले बनाएको समयरेखाको नमुनाका आधारमा प्रशिक्षार्थीलाई आर्थिक योजनाको सुरूआत र त्यसपछि पञ्चवर्षीय योजनालाई समयरेखामा देखाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

घ) विशिष्टीकरण तालिकाको नमुनाप्रश्नको आधारमा कक्षालाई पाँच समूहमा विभाजन गरी तीन प्रश्न बनाउन लगाई त्यसमध्ये राम्रा पाँच प्रश्न छानेर प्रस्तुत गर्न लगाउनुहोस् ।

१० मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

## पाठ : योजनारहित आर्थिक कियाकलापबाट वातावरणमा पर्ने असर

**एकाइ : आर्थिक एवं वातावरणीय अध्ययन** **सत्र : १**

**समय :१:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्

क) अभिनयद्वारा योजनारहित आर्थिक कियाकलापको परिचय प्रस्तुत गर्न ।

ख) कथा वा सम्वादद्वारा प्रदुषणका तत्वहरू प्रस्तुत गर्न ।

ग) वातावरणको अवलोकन गरी त्यसमा असर सम्बन्धमा प्लेकार्ड बनाई प्रस्तुत गर्न ।

घ) पाठसँगसम्बन्धित नमुना तथा उत्तरकुञ्जिका तयार गरी प्रस्तुत गर्न ।

**२. शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, कथा वा सम्वादको नमुना तयार गर्ने, वातावरण प्रदूषणका तत्वहरू झल्कने चित्र, प्लेकार्डको नमुना तयार गर्ने ।

**३. कियाकलाप :**

क) कक्षालाई पाँच समूहमा विभाजन गरी अभिनयद्वारा योजनारहित आर्थिक कियाकलापबाट हुने बेफाइदा लेख्न लगाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई मूल्याङ्कन गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) प्रशिक्षार्थीले रूचिअनुसार कथा वा सम्वादद्वारा वातावरण प्रदूषणका तत्वहरूका सम्बन्धमा समूहमा छलफल गराई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

ग) प्रशिक्षार्थीहरूलाई समुदायको वातावरणको अवलोकन भ्रमण गराएर प्रदूषणले पु-याउने असरका सम्बन्धमा वातावरण दिवसका सन्दर्भमा आयोजित -यालीमा बोक्ने प्लेकार्डको नमुना तयार गर्न लगाउनुहोस् ।

३० मिनेट

घ) विशिष्टीकरण तालिकाको प्रश्नको नमुनाको आधारमा कक्षालाई चारसमूहमा विभाजन गरी तीन प्रश्न तथा उत्तरकुञ्जिका बनाउन लगाई राम्रा प्रश्न छानेर प्रस्तुत गर्न लगाउनुहोस् ।

५ मिनेट

**४. उपलब्धि :**

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

# पाठ : आर्थिक कियाकलाप गर्दा वातावरण सन्तुलन गर्न ध्यान दिनुपर्ने कुराहरू

**एकाइ : आर्थिक एवं वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) व्यङ्ग्य चित्रको अध्ययन /अवलोकन गरी वातावरण सन्तुलनका कुराहरू प्रस्तुत गर्न ।

ख) कथा वा सम्वादद्वारा वातावरण सन्तुलनमा ध्यान दिनुपर्ने कुराहरू प्रस्तुत गर्न ।

ग) स्थानीय समुदायको अवलोकन गरी वातावरण देखापरेका परिवर्तन प्रस्तुत गर्न ।

घ) पाठसँगसम्बन्धित नमुना प्रश्न तथा उत्तरकुन्जिका तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ को सामाजिक शिक्षा पाठ्यपुस्तक शिक्षक निर्देशिका विशिष्टीकरण तालिका, कथा वा सम्वादको नमुना तयार गर्ने, व्यङ्ग्य चित्र ।

३. **कियाकलाप :**

क) कक्षालाई चार समूहमा विभाजन गरी व्यङ्ग चित्रको अध्ययन गर्न लगाई वातावरण सन्तुलन सम्बन्धमा लेख्न लगाई र अन्य समूहलाई त्यस सम्बन्धमा मूल्याङ्कन गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

ख) प्रशिक्षार्थीको रूचिअनुसार कथा वा सम्वाद समूहमा विभाजन गरी पाठको विषयवस्तु सम्बन्धी सम्वाद र कथा लेख्न लगाई त्यसमध्ये एक छानी प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ग) प्रशिक्षार्थीको इलाकामा वितेका दस वर्षमा भएका परिवर्तनहरूसम्बन्धी स्थानीय बूढापाकासँग सोधपुछ गर्ने प्रश्नावली तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

घ) विशिष्टीकरण तालिकाको प्रश्नको नमुनाको आधारमा कक्षालाई चार समूहमा विभाजन गरी दुई प्रश्न उत्तरकुञ्जिका बनाउन लगाउनुहोस् ।

५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

# पाठ : पर्यटक र तिनीहरूले पर्यटन गर्ने कारणहरू

**एकाइ :आर्थिक एवम् वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) पर्यटकका चाहना अभिनयद्धारा प्रस्तुत गर्न ।

ख) पर्यटकहरूको आगमनलाई रेखाचित्रमा प्रस्तुत गर्न ।

ग) तपाईको समुदायमा हुने पर्यटक आगमनको सूचना सङ्कलन गरी प्रस्तुत गर्न ।

घ) पाठसँग सम्बन्धित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, पर्यटकसँग भेटेको तस्बिर, पर्यटक आउने महिनाको स्तम्भचित्र ।

३. **कियाकलाप :**

क) कक्षालाई तीन समूहमा बाँडी पाठ्यपुस्तकको पेज नं १६५मा दिएको क्रियाकलापको आधारमा अभिनय द्वारा विद्यार्थी युवा, वृध्द पर्यटकका चाहानाहरु प्रस्ट गर्न लगाउनुहोस् ।

ख) सन १९९० देखि २०० सम्मको पर्यटन आगमनको तथ्याङ्क प्रस्तुत गर्दै कक्षालाई चार समूहमा विभाजन गरी रेखाचित्र बनाउन लगाउनुहोस् ।

१५ मिनेट

ग) प्रशिक्षार्थीहरूका रूचिअनुसार सम्पूर्ण प्रशिक्षार्थीलाई कथा, सम्वाद र गीत समूहमा विभाजन गरी पाठको विषयवस्तु सम्बन्धी कक्षा, सम्वाद र गीत लेख्न लगाउनुहोस् र त्यसै समूहबाट सबभन्दा राम्रो कथा, सम्वाद गीत छानेर प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

घ) समुदायमा हुने पर्यटक आगमनलाई दृष्टिगत गरी कक्षालाई चार समूहमा विभाजन गर्नुहोस् र कसरी समुदायमा पर्यटकलाई आकर्षित गराउन सकिन्छ भन्ने सम्बन्धमा सबै समूहलाई लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

ङ) विशिष्टीकरण तालिकाको प्रश्नका नमुनाका आधारमा कक्षालाई पाँच समूहमा विभाजन गरी तीन प्रश्नहरू र उत्तरकुन्जिका बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् :

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकारात्मक कुरा केके हुन् ?

## पाठ : नेपालमा पर्यटन महत्त्व, आशा र सम्भावना

**एकाइ :आर्थिक एवम् वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) विदेशी मुद्रा आर्जनमा पर्यटन उद्योगले पुचाएको योगदान अभिनयद्वारा प्रस्तुत गर्न,

ख) स्थानीय समुदायमा भएको पर्यटन स्थलको विकासका लागि गर्न सक्ने प्रयासहरू सम्वाद वा कथाको रूपमा प्रस्तुत गर्न,

ग) पर्यटन स्थललाई चित्रद्वारा प्रस्तुत गर्न,

घ) पाठसँग सम्बन्धितं नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न,

**२. शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका विशिष्टीकरण तालिका, पर्यटन स्थलको नक्सा वा चित्र ।

**३. कियाकलाप :**

क) कक्षालाई चार समूहमा विभाजन गरी "पर्यटन उद्योगबाट विदेशी मुद्रा आर्जनमा योगदान" विषयमा अन्तरकिया गराई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) प्रशिक्षार्थीहरूको रूचिअनुसार स्थानीय समुदायमा भएको पर्यटन स्थलको विकासका लागि गर्न सकिने प्रयासहरूका सम्बन्धमा कथा वा सम्वाद तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ग) नेपालमा भएका पर्यटन स्थलहरू नक्सामा भर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

घ) विशिष्टीकरण तालिकाको प्रश्नको नमुनाको आधारमा कथालाई चार समूहमा बाँडी तीन प्रश्नहरू बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१० मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यका प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५ मिनेट

क) प्रशिक्षार्थीबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकरात्मक कुराहरू केके हुन ?

पाठ : पर्यटकहरूको आवश्यकता

एकाइ : आर्थिक तथा वातावरणीय अध्ययन सत्र : १

समय : १:३० घण्टा

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् ।

क) पर्यटन उद्योगको विकासका लागि त्यस्ता स्थलको अवलोकन भ्रमण गरी पर्यटनको आवश्यकता झल्कने कथा र सम्वाद तयार गरी प्रस्तुत गर्न ।

ख) स्थानीय समुदायमा पर्यटकले ल्याउने समस्याहरूको सूचना सङ्कलन गरी प्रस्तुत गर्न ।

ग) पाठसँग सम्बन्धित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षकनिर्देशिका विशिष्टीकरण तालिका पर्यटक आकर्षक गर्ने विभिन्न सेवाहरू जस्तै प्याकिङ्ग आदिका तस्विरहरू,

३. **कियाकलाप :**

क) कक्षालाई चार समूहमा विभाजन गरी "पर्यटन उद्योगको विकासका लागि पर्यटकहरू पूर्वाधार हुन् " भन्ने विषयमा सबै समूहलाई लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) प्रशिक्षार्थीको रूचिअनुसार पर्यटनको आवश्यकता झल्कने कथा र सम्वाद तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

ग) कक्षालाई पाँच समूहमा विभाजन गरी स्थाई समुदायमा पर्यटकले लगाउने समस्याका सम्बन्धमा छलफल गरी व्यङ्ग्य चित्र बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

घ) पाठसँग सम्बन्धित विषयवस्तुका आधारमा कक्षालाई चार समूहमा विभाजन गरी विशिष्टीकरण तालिकाका आधारमा दुई नमुना प्रश्न बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलापहरू सम्पन्न गरिए ?

ख) यस सत्रका सकारात्मक कुराहरू केके हुन् ?

## पाठ : तराईः चरा, जनावर, नदी र परम्परा

**एकाइ :आर्थिक एवम् वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

**१. उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) वन्यजन्तुलाई पु-याउने हानि नोक्सानका सम्बन्धमा अवलोकन भ्रमण गरी प्रस्तुत गर्न ।

ख) स्थानिय समूदायको शान्ति नविर्गान गरिने कियाकलाप सम्बन्धमा कथा, गीत वा सम्वाद प्रस्तुत गर्न ।

ग) वातावरण संरक्षण गरी पर्यटकहरूलाई आकर्षित गराउने सम्बन्धमा अभिनयद्धारा प्रस्तुत गर्न ।

घ) पाठसँग सम्बन्धित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

**२. शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षाको पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, कथा, गीत र सम्वादको नमुना र वातावरण संरक्षणको तस्बिर तयार गर्ने ।

**३. कियाकलाप :**

क) वन्यजन्तुलाई पुग्ने हानी, नोक्सानी सम्बन्धमा कक्षालाई चार समूहमा विभाजन गरी लेख्न लगाउनुहोस् र पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

ख) कक्षालाई पाँच समूहमा विभाजन गरी सहभागीको रूचिअनुसार पाठका आधारमा गीत, कथा वा सम्वाद तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ग) सहभागीमध्ये एकजनालाई लज मालिक, अर्कोलाई वातावरणविद् र अर्को गा.वि.समिति वा नगरपालिकाको सदस्य बनाई अभिनयद्धारा वातावरण संरक्षण गरी पर्यटनलाई आकर्षित गराउने सम्बन्धमा तर्क प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

घ) कक्षालाई चार समूहमा विभाजन गरी विशिष्टीकरण तालिकाको प्रश्नको नमुनाका आधारमा तीन प्रश्नहरू बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१० मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकरात्मक कुराहरू केके हुन् ?

**पाठ :पर्वतीय पर्यटन, काठमाडौं उपत्यकामा पर्यटक**

**एकाइ :आर्थिक एवम् वातावरणीय अध्ययन** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) नेपालको नक्सामा पर्वतीय पर्यटन क्षेत्रहरू देखाई प्रस्तुत गर्न ।

ख) वातावरण संरक्षणसम्बन्धी तस्बिर देखाउदै पर्यटकले मन पराउने कुराहरू प्रस्तुत गर्न ।

ग) सुन्दर, मनोरम पर्वतीय जीवनशैली झल्कने तस्बिर देखाउँदै काठमाडौं उपत्यकामा पर्यटक आकर्षित गर्ने उपायका सम्बन्धमा लागि सम्पादकीय तयार गरी प्रस्तुत गर्न ।

घ) पाठसँग सम्बन्धित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा १० को सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, नेपालको नक्सा, वातावरण संरक्षण सम्बन्धी तस्बिर, पर्वतीय जीवनशैली झल्कने तस्बिर र सम्पादकीयको नमुना तयार गर्ने ।

३. **कियाकलाप :**

क) प्रशिक्षार्थीलाई नेपालको नक्सा बनाउन लगाई त्यसमा पर्वतीय पर्यटन तथा हिमाली क्षेत्रहरु हेलम्बू, सगरमाथा, सैलुङ्ग माछापुछ्रे, पोखरा, जोमसोम, इलाम देखाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ख) कक्षालाई चार समूहमा विभाजन गरी वातावरण संरक्षणसम्बन्धी तस्बिर देखाउँदै पर्यटकले मनपराउने कुराहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) कक्षालाई चार समूहमा विभाजन गरी सुन्दर मनोरम पर्वतीय जीवनशैली झल्कने तस्बिर देखाउँदै काठमाडौं उपत्यकामा पर्यटक आकर्षण गर्ने उपायका सम्बन्धमा राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार गर्न लगाउनुहोस् ।

२५ मिनेट

घ) विशिष्टीकरण तालिकाका प्रश्नका नमुनाका आधारमा कक्षालाई पाँच समूहमा विभाजन गरी तीन प्रश्न तथा उत्तरकुञ्जिका बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१० मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५ मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकरात्मक कुराहरू केके हुन् ?

## पाठ : पर्यटन विकासका निम्ति योजना
## तपाईको आपनो अनुसन्धान र योजना

**एकाइ : आर्थिक एवम् वातावरणीय अध्ययन**

**सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

क) पर्यटन विकासका निम्ति उपयुक्त योजनानिर्माण गरी प्रस्तुत गर्न ।

ख) पर्यटन विकासका लागि गरिने योजना र अनुसन्धानलाई कथा वा सम्वादको रूपमा प्रस्तुत गर्न ।

ग) समूहमा काम गरी पर्यटनका लागि योजना बनाई प्रस्तुत गर्न ।

घ) पाठसँग सम्बन्धित नमुना प्रश्न तयार गरी प्रस्तुत गर्न ।

२. **शैक्षिक सामग्री:**

कक्षा १० को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षक निर्देशिका विशिष्टीकरण तालिका, सम्वाद र कथाका नमुना, योजनाको नमुना तयार गर्ने ।

३. **कियाकलाप :**

क) कक्षालाई पाँच समूहमा विभाजन गरी पर्यटन विकासका निम्ति प्रशिक्षार्थीलाई योजना बनाउन लगाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२५ मिनेट

ख) प्रशिक्षार्थीको रूचिअनुसार पर्यटन विकासको निम्ति आपनो योजना वा अनुसन्धान सम्बन्धमा कथा वा सम्वाद तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई टिपोट गर्न लगाउनुहोस् ।

२५ मिनेट

ग) प्रशिक्षार्थीहरूलाई समूह बनाई पर्यटकको वर्तमान अवस्थामा सुधार गर्न र आपनो क्षेत्र वा गाउँमा नयाँ कुरा गर्न अन्तर्क्रिया गराई समूहगत योजना बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२० मिनेट

घ) विशिष्टीकरण तालिकाको प्रश्नको नमुनाको आधारमा कक्षालाई पाँच समूहमा विभाजन गरी तीन प्रश्नहरू बनाउन लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

१५ मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५मिनेट

क) प्रशिक्षार्थीहरूबाट कुनकुन कियाकलाप सम्पन्न गरिए ?

ख) यस सत्रका सकरात्मक कुराहरू केके हुन् ?

## पाठ : लघुशिक्षण

**एकाइ :आर्थिक एवम् वातावरण अध्ययन** **सत्र :१**

**समय : १:३० घण्टा**

**पुनरावलोकन :**

आर्थिक एव्म वातावरणीय अन्तर्गतका विभिन्न कार्यहरू सम्पन्न भइसकेको छन् ।

क) आन्तरिक र बाह्य व्यापारको परिचय दिई त्यसको फरक छुट्याउन ।

ख) कृषि, उद्योग र व्यापारको आपसी सम्बन्ध बताई उद्योग र उद्योग सुधारका उपाय बताउन ।

ग) आर्थिक योजनाको परिचय दिई योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्ने असर र सन्तुलनका उपाय उल्लेख गर्न, विशिष्टीकरण तालिकाको आधारमा पाठसँग सम्वन्धित प्रश्न र तिनको उत्तरकुञ्जिका बनाई प्रस्तुत गर्न ।

घ) पर्यटक र तिनीहरूको पर्यटन गर्ने कारण बताई यससम्बन्धी तथ्याङ्क प्रस्तुत गर्न,

ङ) पर्वतीय पर्यटन, तराईमा गरिने पर्यटन र पर्यटकबाट उत्पन्न समस्या उल्लेख गर्न,

च) नेपालमा पर्यटनको महत्त्व, सम्भावना उल्लेख गरी पर्यटनका निम्ति तयार गरिने योजना निर्माण गर्न ।

**१. उद्देश्य :**

क) आर्थिक एवम् वातावरणीय अध्ययन पूरा हुने पाठयोजना तयार गर्न ।

ख) तयार गरेको पाठयोजनाअनुसार कक्षाशिक्षण गर्न ।

ग) कक्षाशिक्षणको मूल्याङ्कन गरी सुधारात्मक प्रतिकिया दिन ।

**२. शैक्षिक सामग्री :**

कक्षा ९ र १० को सामाजिक शिक्षा पाठ्यपुस्तक, शिक्षक निर्देशिका विशिष्टीकरण तालिका, व्यापार गरिरहेको चित्र, पर्यटन स्थलका तस्वीर, योजनाको नमुना तयार गर्ने ।

**३. कियाकलाप :**

क) माथिको उद्देय पूरा हुने गरी आर्थिक एवम् वातावरणीय अध्ययन एकाइअन्तर्गतको पाठ अध्यापन गर्नका लागि पाठयोजना तयार गर्न लगाउनुहोस् ।

२५ मिनेट

ख) प्रशिक्षार्थीहरूलाई आफ्नो निर्देशनमा लघुशिक्षण गर्न लगाउनुहोस् ।

४० मिनेट

ग) प्रशिक्षार्थीलाई आफ्नो निर्देशनमा कक्षा शिक्षणको मूल्याङ्कन गर्न लगाई सुधारात्मक प्रतिकिया दिन लगाउनुहोस् ।

२० मिनेट

**४. उपलब्धि :**

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्ने प्रयास गर्नुहोस् ।

५ मिनेट

क) पाठ योजनाका बँदाहरू केके थिए ?

ख) कक्षाशिक्षणमा सुधारात्मक प्रतिकिया केके थिए ?

**पाठ : सार्क राष्ट्र बीचको आपसी सहयोग**

**एकाइ :अन्तराष्ट्रिय समझदारी, शान्ति र सहयोग**

**सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

क) सार्क राष्ट्रका आपसी सम्बन्धका कारणहरूबारे अन्तर्वाता लिन ।

ख) सार्कका गतिविधि र उपलब्धिबारे प्रवचन कार्यक्रमको आयोजना गर्न र प्रवचनमा भाग लिन ।

ग) नमुना प्रश्नहरू तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

पाठयपुस्तक, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका, सार्क सङ्गठनको लोगो, सार्क गतिविधि सम्वन्धी तस्विर र समाचार पत्रका अंशहरू ।

३. **कियाकलाप :**

क) सहभागीहरूलाई सार्क राष्ट्रबीचका आपसी सम्बन्धका कारण सार्कको स्थापना र आर्थिक व्यवस्थापन आदि पक्षमा अन्तर्वाता लिनको लागि नमुना प्रश्नावली तयार गर्न लगाई अन्तवार्ता लिन लगाउनुहोस् । अन्तर्वाता सहभागी वा प्रशिक्षक वा उपलब्ध भए अन्य सम्बन्धित व्यक्तिसँग लिन सकिन्छ । अन्तवार्तापछि समूहमा छलफल गराउनुहोस् ।

४० मिनेट

ख) सार्कको स्थापना भए यताका गतिविधि र उपलब्धि आदिबारे एक प्रवचन कार्यक्रमको आयोजना गर्न लगाउनुहोस् । जस्तै सहभागीहरूमध्ये केहीलाई आयोजक, केहीलाई वक्ता र केहीलाई स्रोताको भूमिका दिई तल दिइएका विषयहरूमा प्रवचन गर्न लगाउनुहोस् र छलफल समेत गराउनुहोस् ।

३५ मिनेट

- सार्क सङ्गठनका आपसी सहयोगका क्षेत्रहरू
- सार्क सङ्गठनको स्थापना भए यता हासिल भएका मुख्यमुख्य उपलब्धिहरू
- आगामी दिनमा सार्कलाई कसरी अझ बढी प्रभावकारी बनाउन सकिन्छ ,
- SAFTA बाट नेपालले कसरी बढी फाइदा उठाउन सक्छ ,
- आगामी SAARC सम्मेलन नेपालमा गर्दा कुन ठाउँ उपयुक्त होला र किन आदि ।

ग) यस सत्रमा छलफल गरिएका कुराहरूको आधारमा विशिष्टीकरण तालिका बमोजिम नमुना प्रश्नहरू तयार गर्न लगाउनुहोस् ।

१० मिनेट

## ४. उपलब्धि :

सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा कुनकुन क्रियाकलाप गरियो ?

ख) अन्तवार्ता र प्रवचन कार्यक्रमलाई अझ प्रभावकारी र रूचिपूर्ण बनाउन के गर्नुपर्ला ?

**पाठ : नेपाल र अन्य मित्रराष्ट्रहरू बिचको सम्बन्ध**

**एकाइ : अन्तरराष्ट्रिय समझदारी** **सत्र : १**

**शान्ति र सहयोग** **समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) जर्मनी, क्यानाडा र इटलीले नेपालको विकासमा अहिले सम्म पु-याउँदै आएको सहयोग बारे समीक्षात्मक रिपोर्ट लेखी प्रस्तुत गर्न ।

ख) आफ्नो स्थानीय समुदाय वा क्षेत्रमा भविष्यमा आवश्यक पर्ने र मित्रराष्ट्रहरूले सहयोग पु-याउन सक्ने विकास आयोजना र कार्यक्रमको छनौट गरी योजना आयोगमा प्रस्ताव प्रस्तुत गर्न ।

ग) प्रस्तुत भएका विषयबस्तुबाट विशिष्टीकरण तालिकाबमोजिम प्रश्नहरू र उत्तरकुञ्जिका तयार गर्न ।

२. **शैक्षिक सामग्री :**

पाठयपुस्तक, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका, सम्बन्धित राष्ट्रका झण्डाहरू, मित्र राष्ट्रहरूले नेपालमा पु-याउँदै आएको सहयोगमा सञ्चालित गतिविधिसम्बन्धी तस्विर र समाचारका नमुनाहरू, विकास आयोजना प्रस्तावका नमुनाहरू ।

३. **कियाकलाप :**

क) सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई नेपाल– जर्मन, नेपाल – क्यानाडा र नेपाल–इटली सम्बन्धवारे र उल्लिखित राष्ट्रहरूले अहिलेसम्म पु-याउँदै आएको सहयोग बारे छलफल गराई एक समीक्षात्मक रीपोर्ट प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) आफ्नो विद्यालय/ समुदाय/क्षेत्रमा आवश्यक विकास आयोजना र कार्यकमबारे स्थानीय तहमा गरिने एक बैठकको आयोजना सहभागीहरूलाई गर्न लगाउनुहोस् र भविष्यमा आवश्यक पर्ने विकास आयोजना वा कार्यकम र मित्रराष्ट्रहरूले के कसरी सहयोग गर्न सक्छन् । छलफल गराई प्रस्ताव तयार पार्न लगाउनुहोस् ।

४५ मिनेट

ग) प्रस्तावमा उल्लेख भएका कुराहरूको आधारमा विशिष्टीकरण तालिकाबमोजिम प्रश्न र उत्तरकुञ्जिका तयार पार्न लगाउनुहोस् ।

१० मिनेट

४. **उपलब्धि :**

सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा सहभागीद्वारा केकस्ता कियाकलापहरू गरिए ?

ख) प्रस्तुत सत्रलाई अझ प्रभावकारी बनाउन सुधार गर्नुपर्ने कुराहरू छन् कि ?

## पाठ : संयुक्त राष्ट्र संघ र नेपाल

**एकाइ :अन्तराष्ट्रिय समझदारी, शान्ति र सहयोग** **सत्र : १**

**समय : १:३० घण्टा**

१. **उद्देश्य :**

यस सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्नेछन्

क) अन्तरराष्ट्रिय शान्ति स्थापनाका लागि नेपालले सं.रा.संघमा खेल्दै आएको भूमिका र सं.रा.संघका विभिन्न अङ्गबाट नेपालको पाउदै आएको सहयोगलाई तुलनात्मक चार्ट बनाई प्रस्तुत गर्न ।

ख) सं.रा.संघका विभिन्न सदस्य राष्ट्रका प्रतिनिधिहरूको भूमिकामा बैठक आयोजना गर्न ।

ग) विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू तयार पार्न ।

२. **शैक्षिक सामाग्री :**

सामाजिक शिक्षा पाठयपुस्तक, शिक्षकनिर्देशिका, सं.रा.संघको झण्डा, सं.रा. संघका गतिविधिहरू झल्कने तस्विर, बुलेटिन, चार्ट र समाचार पत्रका अंशहरू ।

३. **कियाकलाप :**

क) सहभागीहरूलाई नेपालले सं.रा.संघमा प्रवेश गरेदेखि अन्तरराष्ट्रिय शान्ति स्थापनामा यसले खेल्दै आएको भूमिका र सं.रा.संघका विभिन्न अङ्गहरू (FAO, UNESCO, UNFPA, UNICEF, UNIFEM, UNHCR, WHO, WFP ) बाट नेपालले पाउँदै आएको सहयोगलाई तुलनात्मक चार्ट निर्माण गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

३० मिनेट

ख) सहभागीहरूलाई सामाजिक शिक्षा कक्षा ९ को पृष्ठ २०३ मा दिइएको काल्पनिक देशको स्थितिको अध्ययन गर्न लगाउनुहोस् । साथै उक्त क्रियाकलापको नं ६ मा दिइएको बमोजिम सहभागीहरूलाई ५ देशका विदेशमन्त्री, एक देशका मन्त्री एवं तिनका सहायकको भूमिका दिई एउटा बैठक गर्न लगाउनुहोस् । बैठकका निचोड एवं उपलब्धि बारे छलफल गराउनुहोस् ।

४५ मिनेट

ग) विषयवस्तुसँग सम्बन्धित नमुनाप्रश्नहरू तयार पार्नुहोस् ।

१० मिनेट

४. **उपलब्धि :**

यस सत्रको अन्त्यमा सहभागीहरूबाट निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) सहभागीहरूद्धारा यस सत्रमा कुनकुन कियाकलाप गरिए ?

ख) सहभागीहरूलाई बैठक कस्तो लाग्यो २–३ वाक्यमा आफ्नो अनुभव व्यक्त गर्न लगाउनुहोस् ।

## पाठ : विश्वमा भइ रहने परिवर्तन र आविष्कारहरू

**एकाइ : अन्तराष्ट्रिय समझदारी, शान्ति र सहयोग** **सत्र : १**
**समय : १:३० घण्टा**

### १. उद्देश्य :

सत्रको अन्त्यपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्नेछन्

क) विश्वमा भैरहने वैज्ञानिक आविष्कार र परिवर्तनबारे डायरी लेख्न ।

ख) स्थानीय तहमा घटेका उल्लेखनीय घटना/राष्ट्रिय घटना परिवर्तन, आविष्कारबारे सञ्चार माध्यममा प्रस्तुत गर्ने सामग्री बनाउन ।

ग) डायरी र प्रचार सामग्रीमा छलफल गरिएका विषयवस्तुबाट प्रश्नहरू र उत्तरकुञ्जिका निर्माण गर्न ।

### २. शैक्षिक सामग्री :

पाठयपुस्तक, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका, विश्वका प्रमुख घटना संग सम्बन्धित लेख, समाचार र टिपोटहरू ।

### ३. कियाकलाप :

क) सहभागीहरूलाई हप्तादिनभित्र पत्रिकामा पढेका वा समाचार र अन्य विविध माध्यमबाट सुनेका वा थाहा पाएका राष्ट्रिय/अन्तरराष्ट्रिय प्रमुख घटना/आविष्कार/परिवर्तन आदिबारे डायरी लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३५ मिनेट

ख) सहभागीहरूलाई हालैका दिनमा विद्यालय/समुदाय/इलाका वा जिल्लामा घटेका कुनै उल्लेखनीय घटनाहरूलाई विद्युतीय सञ्चार माध्यम वा पत्रिकाद्वारा प्रचार प्रसार गर्नको लागि सामग्री निर्माण गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

३५ मिनेट

ग) सहभागीहरूले तयार पारेका डायरी र प्रचार सामाग्रीको विषयवस्तु बाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्न पत्र र उत्तरकुञ्जिका तयार गर्न लगाउनुहोस् ।

१५ मिनेट

### ४. उपलब्धि :

सत्रको अन्त्यमा सहभागीहरूद्वारा निम्नलिखित प्रश्नको जवाफ प्राप्त गर्नुहोस् ।

५ मिनेट

क) यस सत्रमा सहभागीद्धारा गरिएका कियाकलापका सकारात्मक पक्षहरू केके थिए ?

ख) प्रस्तुत सत्रलाई अझै प्रभावकारी बनाउन के गर्नुपर्ला ?

**पाठ : लघुशिक्षण**

**एकाइ : अर्न्तराष्ट्रिय समझदारी शान्ति र सहयोग** **सत्र :१**

**समय : १:३० घण्टा**

**पुनरावलोकन :**

यसभन्दा अगाडि तपाईंले गर्नु भएका कियाकलापहरू :

क) सार्क राष्ट्रहरूको परिचय, गतिविधि, उपलब्धिबारे प्रवचन तयार गर्न र भाग लिन ।

ख) विभिन्न मित्रराष्ट्रहरूले नेपालको विकासमा पु-याउँदै आएको सहभागिताको समीक्षात्मक टिप्पणी लेख्न, आयोजना र कार्यकमको छनौट गरी प्रस्ताव पठाउन ।

ग) अर्न्तराष्ट्रिय शान्ति स्थापनाका लागि नेपालले खेल्दै आएको भूमिका संयुक्त राष्ट्र संघ र नेपालबारे ।

घ) वैज्ञानिक आविष्कार र परिवर्तन, स्थानीय तहमा घटेका घटना, राष्ट्रिय घटना, परिवर्तन, आविष्कारबारे डायरी र प्रचारसामग्री तयार गर्न ।

**१. उद्देश्य :**

क) उल्लिखित विषयवस्तुबाट एक विषयवस्तु छनौट गरी लघुशिक्षणका लागि पाठयोजना तयार गर्न ।

ख) तोकिएको समयभित्र लघुशिक्षण गर्न ।

ग) शिक्षणको मूल्याङ्कन गरी समूहमा प्रस्तुत गर्न ।

**२. शैक्षिक सामग्री :**

कार्डबोर्ड, कैंची, मास्किङ्ग टेप, मार्कर ।

**३. कियाकलाप :**

क) समूहमा बसी काम गर्न लगाउनुहोस् ।

ख) यसभन्दा अगाडी एकाइमा केके गर्नुभयो पुनरावलोकनमा बुँदाहरूपढी स्पष्ट पार्नुहोस् ।

५ मिनेट

ग) माथिका विषयवस्तु मध्येबाट लघुशिक्षणका लागि एक पाठयोजना तयार गर्न लगाउनुहोस्।

२५ मिनेट

घ) तयार गरेको पाठयोजनालाई प्रस्तुतिका लागि समूहमा छलफल गराई तयारी हुन् दिनुहोस्।

१५ मिनेट

ङ) समूहबाट १ जनालाई समय तोकी लघुशिक्षण गर्न लगाउनुहोस् अन्य समूहलाई मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् ।

१५ मिनेट

च) मूल्याङ्कन गर्ने प्रत्येक समूहबाट लघुशिक्षणमा देखिएका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षबारे प्रस्तुत गर्न लगाई समूह छलफल गराई निष्कर्षमा पुग्नुहोस् ।

२५ मिनेट

## ४. उपलब्धि :

दिइएको प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

५ मिनेट

क) यो सत्रमा प्रशिक्षकको भूमिकामा राम्रा पक्ष केके देख्नुभयो ?

ख) प्रशिक्षकमा सुधारात्मक पक्ष केके हुन् ?

# लैङ्गिक समता र सचेतता

**सत्र : १**

**समयः १:३० घण्टा**

## १. उद्देश्यः

क) माध्यमिक शिक्षामा लैङ्गिक समता र सचेतताको चेतना अभिवृद्धि गर्न ।
ख) लैङ्गिक समता अभिवृद्धि गरी शिक्षण र सिकाइउपलब्धिमा सुधार गर्न ।
ग) लैङ्गिक समताका लागि शिक्षकहरूको भूमिकाको पहिचान गर्न ।

## २. विषयवस्तु :

क) लैङ्गिक समता र सचेतताको ख) शिक्षण र सिकाइ उपलब्धि
ग) शिक्षकहरूको भूमिकाको पहिचानी ।

## ३. औचित्य :

विषयवस्तुको ज्ञानबाट मात्रै शिक्षकहरूमा सुधार आउँछ भन्ने नभएर सुधारहरू विद्यार्थीको उपलब्धिलाई प्रभावित पार्ने विषयहरू प्रतिको सचेतता र शिक्षणप्रति अपनाइने दृष्टिकोणबाट पनि आउँछ भन्ने कुरा बुझ्नुपर्दछ ।

## ४. शैक्षिक सामग्रीहरू:

क) पाठपत्र ख) कालोपाटी र कडा कागजका ठूलापानाहरू

## ५. क्रियाकलापः

### क्रियाकलाप नं. १

क) सहभागीहरूलाई लैङ्गिक समतासम्बन्धी अवधारणा प्रस्तुत गर्न लगाउनुहोस् । आ–आफ्नो क्षेत्रका लैङ्गिक विषमताका उदाहरण समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् र अन्त्यमा लैङ्गिक समताको परिचय दिनुहोस् । जस्तैः–

> लैङ्गिक समता महिला र पुरूषलाई दिइएको सामाजिक क्रियाकलापलाई बयान गर्न प्रयोग गरिने पदावली हो । यो महिला र पुरूषलाई प्राकृतिक रूपबाट विभाजन गर्ने कुरा होइन । अर्को शब्दमा भन्ने हो भने पुरूष र महिला अथवा केटा र केटीका बिचमा रहेको भिन्नता पनि ठाउँठाउँमा फरक र भिन्न हुन्छ । जस्तै नेपालको धेरै क्षेत्रमा विभिन्न समुदायमा एउटा पुरूषले एकभन्दा बढी महिला विवाह गर्ने प्रचलन अझसम्म छ भने हुम्लाको लामा समुदायमा एउटी महिलाले परिवारको सबै दाजुभाइसँग विवाह गर्छन् । यस किसिमका महिलाहरू घरायसी स्रोतसाधन परिचालन गर्ने दृष्टिले अरू महिलाभन्दा धेरै स्वतन्त्र छन् । समुदायमा यस प्रकारको स्थिति हुनुमा महिला र पुरूषका बीचमा भएको प्राकृतिक भिन्नता नै कारण नभई सामाजिक, आर्थिक र सयौं वर्षदेखि प्रचलित हुँदै आएको परम्परागत नियमस्वरूप भएको मात्र हो

ख) सबै सहभागीलाई परीक्षाको परिणामका तथ्याङ्कहरू भएका पाठपत्र उपलब्ध गराउने । उपलब्ध गराइएका तथ्याङ्कहरू र तालिकाप्रति तत्कालै आफ्नो प्रतिक्रिया जनाउन सबै सहभागीलाई सोध्ने ।

ग) प्रशिक्षकले लैङ्गिक समताका सवालहरूलाई विस्तृत रूपमा प्रस्तुत गर्ने र माध्यमिक शिक्षामा पहुँच र समतावारे परिचयात्मक जानकारी प्रस्तुत गर्ने ।

**क्रियाकलाप नं. २**

बारा जिल्लाको केस अध्ययन गर्न लगाउनुहोस् त्यहाँ रहेका लैङ्गिक समतासम्बन्धी मुख्यमुख्य कुराहरूको सूची बनाउनुहोस् । के यस्तै समस्या प्रशिक्षकहरूका क्षेत्रमा पनि छन् ? छन् भने ती केके हुन् ? सूची बनाई प्रस्तुत गराउनुहोस् र त्यस्ता समस्याका समाधानका लागि कुनकुन उपाय अवलम्बन गर्न सकिन्छ समूहमा छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप नं. ३**

सहभागीलाई बढीभन्दा बढी ५ समूह र एक समूहमा बढीमा ६ जनासम्म रहने गरी स-साना समूहमा बाँड्नुहोस् र तलका प्रश्नहरूमा छलफल गर्न लगाउनुहोस् :

क) केटाको तुलनामा किन केटीहरूको विद्यालयमा जाने सङ्ख्या कम हुन्छ ?
ख) परीक्षामा केटाहरूले भन्दा पनि बढी नराम्रो केटीहरूले किन गर्दछन् ?

प्रत्येक प्रश्नको उत्तर स्वरूप सहभागीलाई ५/५ वटा महत्वपूर्ण कारणहरूको सूची बनाउन लगाउनुहोस् । आफ्ना निष्कर्षहरू सबै सहभागीहरू समक्ष प्रस्तुत गर्नुपर्ने र यो प्रस्तुतिको लागि समूहबाट एक प्रतिवेदक छान्नुपर्ने कुरा उनीहरूलाई बुझाएर प्रस्तुतीकरणलाई सुनिश्चित गर्नुहोस् ।

**क्रियाकलाप नं. ४**

क्रियाकलाप नं. ३ बाट प्राप्त निष्कर्षलाई समूहहरूबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रस्तुतीकरणको लागि प्रत्येक समूहलाई ३ मिनेटको समय दिने । प्रस्तुतीकरणपछि छलफललाई प्रोत्साहित गर्नुहोस् र प्रस्तुतीकरणमा नपरेका बुँदाहरूबारे थप सुझावहरू दिनुहोस् । यसको लागि तलको चेक लिष्ट हेर्नुहोस् । प्रस्तुतीकरणमा कुनै बुँदाहरू दोहोरिने हुँदा प्रस्तुतीकरणमा उठाइएका विभिन्न बुँदाहरूलाई यौटा सूचिमा सूचिकृत गरी ठूलो कागजको पानामा उतार्न लगाउनुहोस् । यो ठूलो पानालाई भित्तामा सबैले देख्ने गरी झुण्ड्याउनुहोस् र प्रशिक्षणभरिनै सम्झनायोग्य वस्तुको रूपमा यसलाई त्यही राख्नुहोस् ।

**क्रियाकलाप नं. ५**

पहिलाको सत्रमा जस्तै उही समूहलाई निम्नलिखित प्रश्न उपर छलफल गर्न लगाउनुहोस् । उपर्युक्त समस्याहरूलाई राम्रोसँग विचार पुऱ्याई त्यसैअनुसार तिनको समाधान गर्न शिक्षकको रूपमा हामी के गर्न सक्छौं ? यस क्रियाकलापमा एउटै समस्यामा नभई प्रत्येक समूहलाई भिन्नाभिन्नै समस्याहरूको बारेमा छलफल गराउनुहोस् । पहिलाको क्रियाकलापबाट तय गरिएका अन्तिम सूचिमा परेका बुँदाहरूका सङ्ख्यामा नै छलफल गरिने समस्याहरूको कति छन् भन्ने कुरा पत्ता लगाउनुहोस् । हरेक समूहले सम्भव भएसम्म उही सङ्ख्याका सवालहरूमा छलफल गर्नुपर्छ । व्यावहारिकतालाई जोड दिँदै बुँदागत रूपमा सहभागीहरूले आफ्ना निष्कर्षहरू निकाल्नु पर्दछ ।

## क्रियाकलाप नं. ६

प्रत्येक समूहलाई ३/३ मिनेटको अन्तिम पृष्ठपोषण दिनुहोस् । यसको लागि छुट्टै प्रतिवेदकको छनौट गर्नुपर्छ । यसको लागि सामान्य छलफल सञ्चालन गर्ने र नसमेटिएका कुराहरूको लागि अतिरिक्त बुँदाहरू थप्नुहोस् (यसको लागि तल दिइएको चेक लिष्ट हेर्नुहोस् ।) समूहको छलफलबाट निस्केका मुख्य बुँदाहरूलाई एउटा सूचिमा उल्लेख गरी तिनलाई एउटा ठूलो कागजको पानामा उतार्नुहोस् । यसलाई पनि पहिलेको सामग्री जस्तै भित्तामा सँगै झुण्ड्याउनुहोस् ।

**पाठपत्रहरू**

क्रियाकलाप नं. १ का लागि

१) सार्वजनिक शिक्षामा समता हुनुपर्छ भन्ने कुरामा सरकार सचेष्ट छ र सबै बालबालिकाले विद्यालय जाने अवसर पाउनुपर्दछ भन्ने सोच सरकारको छ ।

२) वर्तमानमा हेर्दा केटीको तुलनामा धेरै बढी सङ्ख्यामा केटाहरू विद्यालयमा भर्ना भएका छन् र केटाहरूको कक्षा उपस्थिति पनि केटीहरूको तुलनामा निकै बढी छ । यो दर देशभरी समान छैन । जस्तो धेरै जसो तराई क्षेत्रमा सबै बालबालिकाको भर्नादर उच्च छ र प्राथमिक तहमा केटीहरूको सङ्ख्याको अनुपात पहाड र हिमाली भेगमा भन्दा बढी छ । हिमाली भेगमा विद्यार्थी उपस्थिति ज्यादै नै न्यून छ र यस्तो उपस्थितिमा भौतिक सुगमता तथा दुर्गमताले गर्दा बढी असर पुऱ्याएको देखिन्छ । माध्यमिक तहमा माध्यमिक शिक्षा बीचैमा छाड्ने केटीहरूको अनुपातलाई हेर्दा यो अनुपात पहाडमा भन्दा तराईमा बढी भएको देखिन्छ । यस्तो स्थितिलाई भौतिक सुगमताले भन्दा पनि बढी परम्परागत मान्यताले असर पारेको देखिन्छ । तराईमा कामको बाँडफाँडमा लिङ्ग भिन्नतामा बढी आधारित भएको देखिन्छ र महिलालाई कार्यगत स्वतन्त्रता कमै छ । बालविवाह र केटाहरूसँग हेलमेल गर्न तथा सार्वजनिक स्थलमा देखा पर्ने केटीहरू माथि लगाइएको अङ्कुश खास समुदायहरूमा बढी देखिन्छ ।

३) यस्तो किसिमको असमानता बढी रूपमा भौगोलिक स्थिति र लैङ्गिक रूपमा नै रहेको स्पष्ट छ । यो कुरा महिला शिक्षकाहरूको वितरणमा पनि स्पष्ट रूपमा छर्लङ्गिन्छ । सामान्यतया महिला शिक्षकाहरूको सङख्या ज्यादै न्यून छ र यो न्यूनता दुर्गम क्षेत्रहरूमा झन बढी टड्कारो रूपमा देखिन्छ । विषयगत रूपमा हेर्दा पनि शिक्षकहरूको वितरणमा लिङ्ग भिन्नता देखिन्छ । सामाजिक अध्ययन तथा नेपाली विषयमा महिला शिक्षकाहरूको सङ्ख्या विज्ञान तथा गणित विषयमा भन्दा बढी छ ।

४) पाठपत्रमा दिइएको विवरणमा प्रवेशिका परीक्षाको परिणाम देख्न सकिन्छ । केटा र केटीको सापेक्षिक सफलता दरको स्पष्ट सङ्केत यो परिणामले दिएको छ । केटीहरू विद्यालयमा पढ्न गए तापनि उनीहरूको उपलब्धि दक्षता केटाहरूको सरह छैन । यस्तो भिन्नता हुनुपर्छ भन्नेमा कुनै अन्तरनिहित कारण छैन । यसको ठीक विपरीत परिणाम समतामूलक प्रणाली भएका देशहरूमा देख्न सकिन्छ । उदाहरणको लागि हालै (१९९६) संयुक्त अधिराज्यमा गरिएको सानो खोजपूर्ण अध्ययनले के देखाएको छ भने क्यारेवियन समूहका केटाहरू भन्दा भारतीय केटीहरूको लेखाइ, पढाइ र परीक्षाको उपलब्धि बढी राम्रो देखिएको छ । (साभार वि.वि.सि खवर १९९६ सेप्टेम्बर)

५) केटा र केटीका कार्यक्षमतामा किन यस्तो भिन्नता हुन्छ र विद्यालय जाने कार्यमा पनि किन यस्तो भिन्नता रहेको छ । यससम्बन्धी कारणहरूलाई अर्को सत्रमा खोतलिनेछ ।

क्रियाकलाप नं. ३ का लागि:

केटीहरू विद्यालय नजाने र विद्यालय गएपनि कार्यदक्षतामा सन्तोषजनक प्रगति नदेखिनाका कारणहरू:

सांस्कृतिक तथा सामाजिक मान्यताहरू:

- श्रमको पारम्परिक विभाजन
- बालविवाह
- बाबुआमाको घरमा घरायसी कामको बोझ
- भाइबहिनीको हेरचाहमा लाग्नुपर्ने
- शिक्षाको महत्व नबुझ्नु
- पर्दा संस्कार

विद्यालयको पहुच (सुविधा)

पहुँच भन्नाले भौतिक पहुँच मात्र बुझिन्न । पहुँचले यस्तो कुरा जनाउँछ जसले बलबालिकालाई विद्यालय जानबाट निरूत्साहित वा रोक लगाउँछ अर्थात विद्यालयसम्म पुग्न दिंदैन ।

हिंड्नमा कठिनाइ र विद्यालय टाढा हुनु :

प्रत्यक्ष खर्च:

- विद्यालय, पोशाक
- यातायात
- किताब कापी
- अरू शैक्षिक सामग्रीहरू

अप्रत्यक्ष खर्च:

- घरमा आमालाई कामको बोझ बढी हुने
- खेतीपाती वा पशुपालनसम्बन्धी काममा सहयोग नहुने
- छोरीले गर्छे भनी आशा राखेको काम पनि आमाले गर्नु पर्ने बाध्यता

सरसफाइ र सुविधाहरू:

विद्यालयीय शिक्षा स्तरीय नहुनु:

- शिक्षकको मनोवृति
- प्रोत्साहित नहुनु
- विद्यालयमा शिक्षकको अनुपस्थिति
- महिला शिक्षिका हुँदै नहुनु वा नगन्य सङ्ख्याका हुनु ।
- शैक्षिक सामग्रीको अभाव
- विद्यालयको वातावरण
- पढाउने तरिका
- पाठ्यपुस्तक तथा सहायक सामग्रीहरू निम्न सङ्ख्या हुनु र सो सामग्रीमा केटा र केटीको लागि छुट्टै धारणा पहिलादेखि राख्दै आउनु ।

क्रियाकलाप नं. ५ का लागि:

शिक्षकहरूले पहिल्याउनु पर्ने (संभाव्य) बाधाहरू

कक्षाकोठामा केटा र केटीलाई समान व्यवहार गर्नु पर्दछ । शिक्षकले कक्षा क्रियाकलापमा तथा छलफलमा सबैलाई संलग्न गराउने अवसर सुनिश्चित गर्नु पर्दछ ।

- केटीहरूप्रति झुकाव देखाउनु हुदैन । केटीहरू प्रति भएको पूर्वाग्रही धारणाले गर्दा पुरुष शिक्षकहरूले केटीहरूलाई छलफलमा भाग लिन नदिने, केटातर्फ फर्केर बढी ध्यान दिइने केटीहरू तर्फ पिठ्युँ फर्काउने र सामान्यतया केटीहरू स्वागतयोग्य हुँदैनन् वा असक्षम हुन्छन् भन्ने व्यवहार प्रदर्शन गरेको पाइएको छ ।
- केटीहरूलाई खासगरेर आफूप्रति नै र आफ्नो क्षमताप्रति सकारात्मक सोचाइ राख्न प्रोत्साहित गर्नु पर्दछ ।
- शैक्षिक सामग्रीहरूले केटा र केटी वा पुरुष र महिलाको सकारात्मक छविलाई प्रस्तुत गर्नुपर्दछ, यस्ता सामग्रीले महिलालाई घरमा बाँधिएको परम्परागत क्रियाकलापमा संलग्न व्यक्तिको छवि प्रदर्शन गर्नु हुँदैन बरू केटीहरूलाई बाहिरिया कामको संसारमा प्रवेश गर्न आफ्नो क्षमतालाई पहिचान गरी त्यसलाई मान्यता दिन प्रोत्साहित गर्नुपर्दछ ।
- कक्षा छाड्ने प्रवृत्ति केटाकेटीमा किन हुन्छ सोको कारण पत्ता लगाउन शिक्षकले आमाबाबुसँग मिलेर काम गर्न सक्छ । खासगरेर पढाइप्रति लगाव भएका केटाकेटीहरूलाई विद्यालयमै पढ्ने काम जारी राख्न लगाउन तिनका अभिभावकहरूलाई प्रोत्साहित गर्ने गर्नुपर्दछ । शिक्षकले सुरू गर्न सक्ने सामान्य उपायहरू पनि होलान् । यस्ता समान्य उपायहरूलाई बाबुआमा वा विद्यार्थी स्वंयलाई गाली गर्ने निहुँको रूपमा प्रयोग गर्नु हुँदैन । बालबालिकाहरू विद्यालय नजानाका कारणहरू उनीहरूको सीमा भन्दा परका हुन सक्छन् या यसको पछाडि जायज आर्थिक, सामाजिक कारणहरू हुन सक्छन् ।
- विद्यालय र समुदाय दुबैले मिलेर गुणात्मक शिक्षालाई बढावा दिनु पर्दछ । खास समूहलाई विद्यालय जानबाट के चीजले रोकेको छ भन्ने कुरा पत्ता लगाउनु नै समस्या समाधानको पहिलो खुड्किलो हो । स्वंयसेवा क्रियाकलापहरूले विद्यालयको वातावरण सुधार्न सक्दछन् र यसो गर्न स्रोतहरू जुटाउन सक्दछन् तर यो विद्यालय र समुदाय दुवैको संयुक्त प्रयास हुनु पर्दछ दुवैको बीचमा यस्ता कार्यगत साझेदारीको विकास गर्न शिक्षकहरू सशक्त माध्यम बन्न सक्दछन् ।
- सेडु (माध्यमिक शिक्षा विकास एकाइ) मा भएको सुपरीवेक्षण प्रणालीले वर्तमानमा भएको विद्यालय प्रणालीभित्र नै शिक्षकहरूलाई धेरै मात्रामा सहयोग पुग्न पनि सक्छ । माध्यमिक शिक्षा विकास एकाइ (सेडु) मा भएको सुपरीवेक्षण प्राणालीले शिक्षकहरूलाई कत्तिको आधारभूत सहयोग प्रदान गरेको छ ? खास स्रोतको लागि शिक्षकहरूले गर्ने अनुरोधलाई कति सकारात्मक रूपमा सुपरीवेक्षकहरूले लिने गरेका छन् ? या उनीहरूले सुनेको नसुन्यै गर्दछन् ?
- मानव स्रोत विकास र सेवाकालीन तालिमद्वारा शिक्षकको प्रेरणामा सुधार गर्दा सुपरीवेक्षणको सहयोगको अतिरिक्त यस्तो प्रयासबाट कक्षाकोठामा क्रमिक असरहरू छोड्न सकिन्छ ।
- रोजगारीदाताहरूले महिला रोजगारीलाई प्रोत्साहन दिनु पर्दछ र पुरूषहरूको पक्षमा विरोध गर्नु हुँदैन । महिलाको लागि पनि रोजगारीका अवसरका सम्भावनाहरू छन् भन्ने कुरा बाबुआमाले बुझ्न सकेमा शिक्षाको महत्व यर्थातमा प्रष्ट हुन्छ ।

**प्रवेशिका परीक्षा २०५६ (२०००)**
**पुरूषको तुलनामा महिला प्रतिशत**
**प्रवेशिका परीक्षा २०५६ (२०००)**
**पुरूषको तुलनामा महिला प्रतिशत**

| वर्ष | प्रवेशिका परीक्षामा सामेल भएका | | प्रवेशिका परीक्षामा पास भएका | |
|---|---|---|---|---|
| | केटा | केटी | केटा | केटी |
| वि.स. २०५६ | १०० | ६६.४७ | १०० | ५४.११ |

२०५६ सालको प्रवेशिका परीक्षामा सामाजिक विषयको औसत

| क्षेत्र | केटा | केटी |
|---|---|---|
| पूर्वाञ्चल | ८४.५१ | ८१.८९ |
| मध्यमाञ्चल | ८९.३२ | ९०.४३ |
| पशिचमाञ्चल | ८७.९१ | ८५.४० |
| मध्य पशिचमाञ्चल | ८१.२६ | ७६.७३ |
| सुदूर पशिचमाञ्चल | ८६.६९ | ८२.४० |

२०५६ सालको प्रवेशिका परीक्षामा छानिएका केही जिल्लाहरूको सामाजिक विषयको नतिजा

| जिल्ला | प्रवेशिका परीक्षामा सामेल भएका | | | गणित विषयमा पास भएका % | | मिन स्कोर (गणित) | |
|---|---|---|---|---|---|---|---|
| | कुल | केटी | केटीको % | केटा | केटी | केटा | केटी |
| रसुवा | ३७६ | १३७ | ३६.४४ | ९५.८२ | ९७.८१ | ४५.७५ | ४६.११ |
| पर्सा | २०२२ | ५२३ | २५.८७ | ६६.५८ | ८०.३१ | ३४.३३ | ३८.६५ |
| मुगु | १९६ | २५ | १२.७६ | ८२.४६ | ९६.०० | ४९.९५ | ४९.१२ |

## विद्यालयमा केटीको भर्ना र सहभागिताका बाधाहरू बारा जिल्लाको केस अध्ययनः

बारा जिल्ला मध्यमाञ्चल क्षेत्रको तराई जिल्ला हो । यो जिल्ला भारतको सिमाना नजिकै पर्ने हुनाले यस जिल्लामा भारतीय प्रभाव परेको धेरै देखिन्छ । केटीहरू विद्यालय जानु अथवा कुनै पनि निर्णयको प्रक्रियामा सहभागी हुन सामाजिक व्यवहार तथा प्रचलनले निकै प्रभावित परेको देखिन्छ । बारा जिल्लाका समुदायहरू छोरीलाई शिक्षा दिनु नचाहिँदो आर्थिक भार हो भन्ने कुरामा विश्वास गर्दछन् । वारामा छोराछोरीको विहाबारीमा गौना वा तिलक लिने दिने प्रचलन छ । यसले गर्दा छोरीलाई विद्यालय पठाई शिक्षा दिने कुरामा हतोत्साही गराएको बुझिन्छ । केटाकेटी करिब ६ वर्षको हुँदा नै विवाह गर्ने कुरा बाबुआमाहरूको बीचमा निश्चित गरिन्छ । केटीहरूको विवाहका बारेमा बाबुआमामा यस्तो विश्वास छ कि केटी ठूली भएपछि विवाह गर्न उपयुक्त राम्रो वर पाँइदैन । त्यसकारण छोरी अर्काको नासो भएकाले जतिसक्दो छिटो विवाह गरी अरूकहाँ पठाइदिनु पर्छ । यस्तो बालविवाहको परिणास्वरूप केटीहरूले परिपक्व हुन अगाडि नै गर्भवती हुने र बालबच्चा हुर्काउने र घरायसी कामको बोझभित्र रूमलिनु पर्ने भएकोछ । जसको लागि उनीहरू तयार भइसकेका हुदैनन् । यस्तो अवस्थामा कि त केटीहरू आफ्नो बच्चाहरू हुर्काउने काममा लाग्नु पर्छ कि त घरायसी काममा सहयोग पुऱ्याउनु पर्ने हुन्छ अथवा घरायसी कामकाज सम्पन्न गर्न हिस्सेदार बन्नु पर्छ ।

बालविवाह जस्तो सामाजिक परम्पराले गर्दा बारा जिल्लामा ज्यादै अप्ठारो परिस्थिति आएको छ । जुन महिलाको सङ्ख्यामा विचारणीयरूपमा कमी देखिन आएको छ । सन् १९९५ को प्लान इन्टरनेसनल भन्ने संस्थाले तयार पारेका माहिलासम्बन्धी प्रतिवेदनअनुसार १४२ पुरूष बरावर १०० मात्र महिला भएको देखिएको छ र करिव आधा जस्तो महिला सङ्ख्या हराएको देखिन्छ । यसले के देखाउँछ भने केटीहरू आफ्ना जन्मदिने बाबुआमाको घरमा जन्मदेखि युवती (Puborty) को अवस्थासम्म बस्छन् । त्यसपछि आफनो श्रीमान्‌को घरमा भित्रिन्छन् किनकि छोरी सधैं अर्काको नासो हो भन्ने कुराले गर्दा जन्मदिने बाबुआमाको परिवारको सङ्ख्यामा उसको गणना हुँदैन । त्यस्तै आफना श्रीमान्‌का घरमा पनि अरूको घरबाट आएकी भन्ने दृष्टिकोण रहनाले राम्रो व्यवहार पाँउदैनन् । यसले गर्दा केटीहरू हतोत्साही भइ हराउछन् र श्रीमान्‌को घरपरिवारमा पनि परिवारको एक सदस्यको रूपमा गणना हुँदैनन् । यस्तो परिस्थितिले गर्दा केटीहरूको आधारभूत अधिकार हनन् हुन्छन् भने नागरिक अधिकार र सरकारी सुविधाहरू जस्ता विद्यालय जान पाउने सुविधा र पहुँचहरूबाट वञ्चित हुन्छिन् । केटीहरूको दुबै पक्षका संरक्षकहरूले केटीहरूको बाल्यावस्थादेखि नै अमानवीय प्रवृतिको दासतामा जकडिने परिस्थितिभित्र राखेका छन् । समाजका खास समुदायमा जरा गाडिरहेको पर्दा कुप्रथाले अझै महिलाहरूलाई स्वतन्त्ररूपले चल्न दिएको छैन । विवाहपछि उनीहरू घरको चारदिवारभित्र हुन्छन् । आवश्यक परेमा श्रीमान्‌को संरक्षणमा राती भएपछि मात्र घरबाहिर जान सक्छन । यस्तो सामाजिक प्रचलन तथा प्रथालाई किसान महिला वा ज्यालादारीमा काम गरेर बाच्नुपर्नेमा भन्दा आर्थिकरूपले सम्पन्न भएका इज्जतदार परिवारले दृढरूपले पालना गरेको देखिन्छ । गरिब परिवार वा किसान परिवारको केटी तथा महिलाहरू बढी स्वतन्त्र रूपले चल्न पाउने गरेको देखिन्छ किनकि परिवारले केटीहरूबाट परिवार चलाउनको लागि आर्थिक सहयोग लिनुपर्ने वाध्यता छ ।

समाजमा विद्यालय गई पढने थोरै केटीहरूलाई पनि समुदायले राम्रो तथा सकारात्मक दृष्टिकोणले हेर्दैन । अनुमानकै आधारमा समाजमा उनीहरूलाई बढी स्वतन्त्रता दिइयो भने उनीहरू विवाह गर्न योग्य हुदैनन् भन्ने विचार वा कारण उनीहरूलाई मानसिक तथा भौतिक पीडा दिइन्छ । महिला

शिक्षाको लागि अझै वाधा अड्चन विद्यमान छ भन्ने कुराको उदाहरण बारा जिल्लाले प्रस्तुत गर्दछ। तर नेपालको सामाजिक, संस्कृतिक र भौगोलिक भिन्नताले गर्दा यो बाराको अध्ययन विवरणले सम्पूर्ण नेपालको स्थितिको प्रतिनिधित्व भने गर्दैन। त्यसकारण शिक्षकहरूले खास ठाउँको निमित्त विद्यमान भएको महिला शिक्षामूलक समस्या समाधान गर्नु स्थानीय परिस्थितिमा के उपाय गर्न आवश्यक छ भन्ने कुराको खोजी गर्न नितान्त जरूरी छ।

## पाठ : शैक्षिक सामग्री उत्पादन

**एकाइ :** 

**सत्र : १**

**समय :६ घण्टा**

१. **उद्देश्य :**

यो सत्रको अन्त्यमा सहभागीहरू निम्न लिखित काम गर्न सक्षम हुनेछन् ।

क) शैक्षिक सामग्रीको परिचय दिन

ख) कक्षा ९ र १० को पाठयपुस्तकको सबै विषयवस्तुहरू अध्ययन गराउन आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको सूची तयार गर्न ।

ग) सूचिबद्ध गरिएका शैक्षिक सामग्रीहरू निर्माण गर्न ।

घ) निर्माण गरिएका शैक्षिक सामग्री ठिकसँग प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री :**

कक्षा ९ र १० पाठयपुस्तक कार्डवोर्ड, फुलालेन कपडा, डण्डा, ब्राउनपेपर, रङ्गीन कलम, मास्कङ्गी टेप, कैंची, रूलर, इरेजर आवश्यक नक्सा, विभिन्न पत्रिका, ट्रेसिङ्ग पेपर, एटलस, ग्राफपेपर,कार्वन पेपर,

३.**कियाकलाप :**

क) ५/६ जनाको समूह विभाजन गरी प्रशिक्षार्थी निर्देशिकाको कियाकलापको उत्तर व्यक्तिगत वा समूहमा खोज्न लगाउनुहोस् ।


२० मिनेट

ख) तपाईंले तपसिलअनुसार चार्ट तयार गरी प्रशिक्षार्थीहरूले लेखेको चार्टसँग तुलना गर्दै स्पष्ट पारिदिनुहोस् ।

२० मिनेट

<u>शैक्षिक सामग्री भनेको ?</u>

- पढेकोभन्दा परेको र सुनेकोभन्दा देखेको शिक्षण प्रभावकारी हुन्छ यसबाट कार्यलाई सरलता सजीवता र आकर्षण मिल्दछ ।
- सकेसम्म यसको उपलब्धता स्थानीय साधन स्रोतबाट र बजारबाट खरिद गर्न सकिने हुनुपर्छ ।




ग)  कक्षा ९ र १० का एकाइ र विषयवस्तु समूहमा विभाजन गरी दिनुहोस् । ती विषयवस्तु अध्यापन गराउन आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको सूची प्रशिक्षार्थी निर्देशिकाको 'ग' अनुसार तयार गर्न लगाई समूहबाट सहमति हुन निर्देशन दिनुहोस् ।

४० मिनेट

घ)  समूहबाट तयार गरेको सूचीलाई प्रस्तुत गर्न लगाई तपाईंले प्रस्तुत गरी सहमति गराई थपघट गर्न प्रोत्साहन गराउनुहोस् ।

१० मिनेट

**शैक्षिक सामग्रीहरूको सूची**

वर्णनात्मक चार्ट, वृक्षचार्ट वर्गीकरण चार्ट, सङ्गठन चार्ट, प्रवाह चार्ट, तहगत चार्ट, फिलम चार्ट, समय चार्ट, तथ्याङ्क चार्ट, स्तम्भ ग्राफ, रेखा ग्राफ, वृत्त चार्ट, नक्सा, संकेत संग्रह, नक्सानिमार्ण, स्क्याप बुक, ल्याव र नक्सा, भौगोलिक तथ्य चाट, समुदाय अध्ययन ( बिद्यालय बाहिर-भित्र) फ्लासकार्ड, सूचनापाटी, फलाटिन बोर्ड, प्रतिरूप, पुतली, चलचित्र, Film strips अरू पनि आवश्यक सामग्री थप गर्ने )

ङ)  समय तोकी व्यक्तिगत वा समूहमा शैक्षिक सामग्री निमार्ण गर्न लगाउनुहोस् । ( प्रशिक्षकले सबै समूहमा गएर उनिहरूले नबुझेका कुरामा बुझाउन सहभागी हुनुहोस् )

३ घण्टा

च)  समूहले तयार गरेको शैक्षिक सामग्रीमध्ये सबैभन्दा राम्रो सामग्री प्रयोग गर्न लगाउनुहोस् । अरू समूहलाई सकारात्मक सुझाव दिन लगाउनुहोस् ।

१ घण्टा १० मिनेट

**उपलब्धि :**

प्रशिक्षार्थीहरूलाई उपलब्धिमा भएका प्रश्नहरूको उत्तर लेख्न लगाउनुहोस् ।

२० मिनेट

क) तपाईंलाई कुनकुन शैक्षिक सामग्रीहरू बनाउन गाह्रो भयो, गाह्रो हुने कारणहरू केके हुन् ?

ख) मुद्रित शैक्षिक सामग्रीहरू केके हुन् ?

ग) स्कयाप बुक बनाउन केके सामग्री आवश्यक पर्छ ?

तालिमकासत्रहरू समाप्त भएपछि तलको मूल्याङ्कन फाराम भर्न लगाई आ–आफनो समूहमा छलफल गराउनुहोस् र समूहको सहमति जनाई तालिमको मूल्याङ्कन गराउनुहोस् ।

## तालिमको मूल्याङ्कन

१. तालिमको सबैभन्दा उत्साहवर्धक क्षण कुन थियो र तपाईंले मूलतः केमा बढी आनन्द लिनुभयो ?

२. तालिमको सबै सत्रहरूमध्ये कुनकुन सत्र सजिलो लाग्यो ?

३. तालिममा तपाईंलाई मन नपरेका कुराहरू केके हुन् ?

४. तालिमका सत्रहरूमध्ये कुनकुन सत्र कठिन थिए ?

५. यस तालिमका केके कुराहरू नपुग जस्तो लाग्यो ? यस भन्दा बढी तपाईं कुन विषयमा जानकारी चाहनु हुन्छ ?

नोटः– सामान्य छलफलका लागि पाँच मिनेटको समय मात्र लिनुहोस् प्रत्येक समूहको निष्कर्ष सहितको तालिमको मूल्याङ्कन फारम मा.शि.वि.केन्द्रमा पठाउन मा.शि.वि. एकाई प्रमुखलाई पेश गर्नुहोस् ।

# परिशिष्ट

**मानव विकास सूचकांङ्क के हो र कसरी नापिन्छ ?**

सन् १९९० को मानव विकास प्रतिवेदनमा पहिलो पटक विकास मापनको एक नयाँ तरिकाको शुरुवात गरियो । विकास मापनको यस तरिकामा पहिले प्रयोग हुँदै आएको औसत आयू (Life expectancy ), साक्षरता प्रतिशत, र प्रति व्यक्ति आय तीन ओटैलाई मिलाएर औसत गरिन्छ । विकास मापनका यी तीन सूचकहरु मिलाएर तयार पारिएको यो संयुक्त सूचकाङ्कलाई मानव विकास सूचकाङ्क ( Human Development Index-HDI ) भनिन्छ । मानव विकास सूचकाङ्क निकाल्न औसत आयु, साक्षरता प्रतिशत र प्रतिव्यक्ति आय तीन ओटैको न्यूनतम र अधिकतम अंङ्क निर्धारण गरिन्छ । उदाहरणका लागि कुनै देशको साक्षरता न्यूनतम ०% र अधिकतम १०० % हुने हुदाँ यदि त्यस देशको साक्षरता ५६ % भए मानव विकास निकाल्नका लागि साक्षरतामा ९६ % अथवा ०.५६ अंङ्क प्राप्त हुन्छ । त्यस्तै गरी औसत आयुको न्यूनतम २५ वर्ष र अधिकतम ८५ वर्ष निर्धारण गरिएको छ । यदि कुनै देशको औसत आयु ५५ वर्ष छ भने मानव विकास सूचकका लागि औसत आयुबाट ५५–२५( न्यूनतम भन्दा कति वर्ष माथि )/८५--२५ ( अधिकतम र न्यूनतम फरक ) = ०.५ अंङ्क प्राप्त हुन्छ । यसरी नै स्थानिय कय शक्तिको आधारमा गुजारा चल्ने हिसावले तयार पारिएको प्रति व्यक्ति आयको न्यूनतम $ १०० ( PPP-Perchasing power parity ) र अधिकतम $ ४०,००० ( PPP ) निधारण गरि प्रति व्यक्ति आयको अंङ्क पनि निकालिन्छ । यी तीन ओटै अंकलाई जोडी ३ ले भाग गरेर औसत  अंङ्क निकालिन्छ । त्यही औसत अंक नै त्यस देशको मानव विकास सूचकाङ्क ( HDI ) हुन्छ । यो मानव विका सूचकाङ्क ० र १ को विचमा पर्न जान्छ ।

**मानव विकास सूचकाङ्कको आवश्यकता किन प-यो ?**

कुनै देशको राष्ट्रिय विकास कति भयो भनि नाप्न त्यस देशको जनताको प्रति व्यक्ति आय बाट नाप्ने प्रचलन रहेको थियो । तर यसबाट त्यस देशका जनताको बास्तविक विकास प्रतिविम्वित नहुने कुरामा धेरैले सहमति जनाए पछि जनताको वास्तविक विकास नाप्ने यस भन्दा राम्रो अर्को तरिका खोज्ने कममा यो मानव विकास सूचकाङ्कको विकास गरिएको हो ।

**मानव विकास सूचकाङ्कमा किन तीन पक्षमात्र समेटियो ?**

मानव विकास सूचकाङ्क निकाल्दा सम्पूर्ण आर्थिक र सामाजिक पक्ष प्रतिविम्बित गर्न सके अत्यन्तै राम्रो हुने थियो । तर सबै पक्षमा तथ्याङ्क निकाल्न नमिल्ने हुदाँ तथ्याङ्क प्राप्त हुन सक्ने पक्षहरुलाई मात्र समेट्नु पर्ने बाध्यता हुन्छ । तथ्याङ्क प्राप्त हुनेमा सकेसम्म Variables प्रयोग गरी सूचकाङ्क निकाल्नु पर्ने हुन्छ । तसर्थ वाल मृत्युदर, मातृ मृत्युदर जस्ता कुरा समावेश नगरि औसत आयुलाई मात्र लियो । किनकि औसत आयुमा बालमृत्युदर र मातृमृत्युदर प्रतिविम्वित हुन्छ । त्यसैले गर्दा यी तीन पक्षबाट मानव विकास सूचकाङ्क तयार पार्दा बढि राम्रो हुने मानिएको हो ।

**लैङ्गिक विकास सूचकाङ ( Gender Related  Development Index-GDI ) भनेको केहो ?**

कुने देशको विकास हुदाँ त्यस देशका महिला र पुरुष समान विकास हुनु पर्दछ । यदि पुरुष र महिलाको विकासमा असमानता छ भने ती दुइ पक्षको अलग–अलग विकास सूचकाङ्क निकाल्ने हो भने ती सूचकाङ्कमा अन्तर आउँछ । यदि कुनै देशको मानव विकास सूचकाङ्कबाट महिला मात्रको विकास सूचकाङ्क र पुरुष मात्रको विकास सूचकाङ्क अन्तर घटाउने हो भने त्यस देशको लैङ्गिक

विकास सूचकाङ्क ( GDI) निस्कन्छ । तसर्थ कुनै देशको GDI भनेको HDI नै हो । तर त्यसमा महिला र पुरुष बिचको विकासको अन्तरलाई घटाइएको हुन्छ । यदि महिला र पुरुष बिचको विकासमा कुनै अन्तर छैन भने HDI र GDI बराबर हुन्छ । अन्यथा HDI भन्दा GDI जहिले पनि कम हुन जान्छ । त्यसैले मानव विकासको मापन गर्दा विकासमा लैङ्गिक हिसावले समान रुपमा विकास भएको छ छैन भनि हेर्न GDI उपयोगी हुन्छ ।